## प्रथम खण्ड

# गीत सिद्धान्त

# != zf]wkl/ro

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक 'अर्को जन्म' गीत सङ्ग्रह रहेको छ ।

## १.२ शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली विभागको स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पारिएको छ । साहित्यका विविध विधामध्ये गीत विधाको ऐतिहासिक पृष्ठभूमि तथा गीत विधामा प्राप्त उपलब्धि र सैद्धान्तिक मूल्य मान्यताको पहिचान गर्नु गराउनुका साथै गीत सङ्ग्रह प्रस्तुत गर्नु यसको मूल उद्देश्य रहेको छ ।

## १.३ विषय परिचय

नेपाली साहित्यमा विधागत पहिचान प्राथमिककालमा भएको पाइएतापनि खासगरी माध्यमिक कालमा मोतीराम युगमा नै यसको विस्तार भएको पाइन्छ । कविता विधाबाट सुरु भएको नेपाली साहित्य निबन्ध, कथा, उपन्यास, नाटक, गीत, गजल हुँदै समालोचनासम्म आइपुगेको छ । आ-आफ्नै विधागत पहिचान गराउने क्रममा नेपाली साहित्यमा गीत विधा माध्यमिक कालमा मोतीराम भट्टको समयदेखि विकसित भएको हो । यस भन्दा अगाडिको समयलाई पृष्ठभूमिका रुपमा राख्न सकिन्छ ।

गीत सिद्धान्तको पृष्ठभूमि हेर्ने क्रममा पूर्वीय परम्परामा प्राचीनतम वाङ्मय वैदिक कालमा वैदिक ऋचा र मन्त्रका सस्वर पाठबाटै गीत र गायनको क्रम हुर्किँदै आएको पाइन्छ । वेदका ऋचाहरूको रागात्मक उत्पत्ति सामवेदबाट गायन र गीत परम्पराको सुरूवात भयो । सामवेदबाट उत्पत्ति भएको सङ्गीत गीतको पाश्चात्य सैद्धान्तिक परम्परातिर ध्यान दिँदा प्रार्थना, स्तुति (हाइम) हरूबाट हुर्किँदै गाथा चक्रसम्म फिँजिई प्राचीन वाङ्मयका रुपमा रहेका होमरका 'इलियड' र 'ओडेसी' जस्ता महाकाव्यमा परिणत भएको पाउन सकिन्छ । यी विकासशील महाकाव्य गाथा चक्रको जगमैँ अडेका पाइन्छन् । पश्चिममा दुःखान्त तथा सुखान्त नाटकको विकास पनि गीत तथा नृत्यकै कोखबाट कथानक तथा चरित्र अँगाली क्रमशः विकसित भएको पाइन्छ । पाश्चात्य दार्शनिक

एरिस्टोटलले गीतलाई एक स्वतन्त्र हैसियत भएको विधाको रुपमा व्याख्या त गरेको पाइँदैन तर उनको 'काव्यशास्त्रमा' रौद्र गीत, वेणु गीत आदिको चर्चा हुनु र दुखान्त नाटकको अभिन्न तत्वका रुपमा गीत (समूह गान) स्विकार्नुको तात्पर्य गीतको सैद्धान्तिक सोचाइ थालिएको मान्न सकिन्छ । सफ्फो र पिन्डार जस्ता महान गीति प्रतिभाको जन्म हुनु तथा एस्किलस, सोफोक्लिजजस्ता नाटककारहरूले पनि गीतको प्रयोग गर्नु, प्रशस्त सम्बोधन गीत (ओड) रचना गर्नु पाश्चात्य साहित्यमा गीत विधाको उदयको युग मान्न सकिन्छ ।

समयक्रमसँगै 'वियोगान्तकम् ननाटकम्' भन्ने पूर्वीय मान्यता जस्तै पाश्चात्य साहित्यमा पनि नाटकमा गीत पनि समावेश हुनैपर्छ भन्ने प्रतिभाहरू जन्मिए । यसरी पूर्वीय र पाश्चात्य परम्परामा जन्मिएको गीत वर्तमानसम्म आइपुग्दा विभिन्न धारा, समय तथा कालखण्ड परिवर्तन गरी आजको समयसम्म आइपुग्न सफल भएकोले प्रस्तुत अध्ययन गीतको सिद्धान्त तथा विकासक्रममा केन्द्रित छ ।

## १.४ समस्याकथन

प्राथमिककालीन कविहरूका कविताहरूलाई र नेपाली समाजमा हुर्कँदै आएको लोकसंस्कृतिगत गाथा, चाँचरी तथा सवाईजस्ता कुराहरूलाई नेपाली गीतको पृष्ठभूमिकाल मान्न सकिन्छ । मोतीराम भट्टको उदयपछि खासगरी संयुक्त गजलसङ्ग्रह 'सङ्गीत चन्द्रोदय' प्रकाशनपछि नेपाली साहित्यमा गीत विधा लिखित रुप प्राप्त गरेको मान्न सकिन्छ । कविता विधाबाट सुरू भएको नेपाली साहित्यमा गीत विधा कविता र गजल निकट भएर विकास र विस्तार हुन पुगेको पाइन्छ । प्राथमिककालीन कविताहरू कविता भएपनि तिनमा गीतिछनक पाइन्छ । मोतीरामका 'पिकदूत' र 'प्रियदर्शिका' नाटिका पनि नेपाली गीतका आधारभूमि मानिन्छन् । त्यसपछिका प्रतिभाहरू लक्ष्मीदत्त पन्त, शम्भुप्रसाद ढुङ्गेल, बहादुर सिंह बराल, लेखनाथ पौड्याल, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, अलिमियाँ, भीमनिधि तिवारी, ठाकुरनाथ रिमाल, केवलपुरे किसान, गोकुलप्रसाद जोशी, धर्मराज थापा, माधवप्रसाद घिमिरे, सुरेन्द्रबहादुर शाह, गोविन्द विमल, म.वी.वि. शाह, तारिणीप्रसाद कोइराला आदिसम्मको समयावधिलाई (२००७ सालभन्दा अगाडिको समयको गीतलाई) माध्यमिककालीन गीत मान्न सकिन्छ । त्यसपछिका प्रगतिवादी, जनवादी, समयसापेक्ष र आधुनिक चेत भएका गीतहरूलाई आधुनिक गीत भन्न थालिएको पाइन्छ । हुनत आधुनिक चेत भएका सबै गीतहरू आधुनिक विधामा पर्नुपर्ने हो तर यसमा पनि

लोकगीत, पप गीत र आधुनिक गरी छुट्टाछुट्टै पहिचान दिन नेपाली गीत सफल भएका छन् । यसरी नेपाली गीत परम्पराको सिद्धान्त र विकासक्रम सम्बन्धी अध्ययन गर्दा निम्नलिखित समस्याहरू रहेका छन् :

(क) गीत सिद्धान्तसम्बन्धी अध्ययन कसरी गर्न सकिन्छ ?

(ख) नेपाली साहित्यमा गीत लेखन परम्परा, विकासक्रम र हालसम्मको उपलब्धी सम्बन्धी अध्ययन कसरी गर्न सकिन्छ ?

(ग) आधुनिक नेपाली गीत रचनाको अभ्यास केकसरी गर्न सकिन्छ ?

## १.५ शोधकार्यका उद्देश्यहरू

नेपाली साहित्यमा गीत लेखनको परम्परा लगभग सवासय वर्षदेखि रहेको देखिन्छ । यहाँसम्म आइपुग्दा गीत लेखन परम्पराको खोज विश्लेषण खास भएको देखिँदैन । गीत सर्वप्रिय र सरल विधा भएर पनि यसका बारेमा धेरै शोध अनुसन्धान नहुनु दुःखद कुरा हो । हरेक मानिसका सुखदुःखको सहयात्री गीत लेखन परम्पराको थालनी, यसका सिद्धान्त र विकासक्रमसम्बन्धी अध्ययन गर्नु प्रस्तुत शोधकार्यको मुख्य उद्देश्य रहेको छ ।

(क) गीत सिद्धान्त सम्बन्धी अध्ययन गर्नु ।

(ख) नेपाली साहित्यमा गीत लेखनपरम्परा, विकासक्रमको अध्ययन गर्नु र उपलब्धीको मूल्याङ्कन गर्नु ।

(ग) आधुनिक नेपाली गीतको नमुना तयार पार्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यमा गीत लेखन परम्पराको सुरूवात भएको लामो समय भइसकेको छ । नेपाली साहित्यका हरेक विधामा निष्पक्ष र सर्वमान्य इतिहासको अध्ययन भएको पाउन सकिँदैन । यस अवस्थामा गीत लेखन परम्पराप्रति धेरैजसो विद्वानहरूले चासो देखाएको पाइँदैन । यसकारण गीत लेखन परम्पराको निष्पक्ष अध्ययन विश्लेषण हुनु जरुरी छ । साहित्यका अन्य विधाभन्दा गीत विधामा व्यवस्थित र समग्र अध्ययन भएको छैन । कुनै एक पाटोको अध्ययन र कृतिगत प्रकाशनको प्रयासलाई पनि अध्ययनको प्रयासका रुपमा लिन

सकिन्छ । नेपाली गीत लेखन परम्परा र यसको इतिहाससम्बन्धी निम्न व्यक्ति र कृतिहरू उल्लेख्य छन् । अम्बिकाप्रसाद उपाध्यायको ‘नेपालको इतिहास’ (१९८९) रामशरण दर्नालको ‘सङ्गीत परिक्रमा’ (२०३८), कमल दीक्षितको ‘माध्यमिककालीन नेपाली पद्य’ (२०४९), व्याकुल माइलाको ‘नेपाली गीतसङ्ग्रह’ (२०४९) रामेशका ‘जनताका गीतहरू’ भाग १-५ (२०४७) कृष्णहरि बरालको ‘गीत सिद्धान्त र इतिहास’ (२०६०) ‘गजल सिद्धान्त र परम्परा’ (२०५१) देवी पन्थीको ‘गजल सिद्धान्त र आलोचना’ (२०५९) आदि मुख्य छन् । उक्त कृतिहरूमा नेपाली गीत गजलसम्बन्धी अध्ययन र विश्लेषण गर्ने प्रयास गरिएको छ ।

यस बाहेक विभिन्न गीतकारहरूका विभिन्न पत्रपत्रिकाहरूमा फुटकर रुपमा र सामुहिक कृतिग रुपमा पनि प्रकाशित लेखरचनाहरू पाइन्छन् । कृतिगत रुपमा हेर्दा केही गीतकारहरूले आफ्ना गीतहरूको सङ्ग्रह प्रकाशित गरेका छन् भने धेरैजसो गीतहरू क्यासेट एल्बमका माध्यमबाट आउने गरेका छन् । अहिले एकदुई प्रकाशनले क्यासेट एल्बमका उत्कृष्ट गीतहरूको सङ्गालो पुस्तकमा निकाल्न थालेको पाइन्छ ।

## १.७ शोधकार्थको औचित्य

नेपाली साहित्यमा गीतलेखन परम्पराको थालनी भएको धेरै समय भएतापनि यसले कविताजस्तो हरेक क्षेत्रमा महत्व पाएको छैन । यति लामो समयसम्म जनमानसमा लोकप्रिय भएपनि साहित्यमा यसको अध्ययन सरल र सहज किसिमबाट भएको पाइँदैन । विभिन्न पाठ्यक्रममा समावेश नहुनु र सैद्धान्तिकज्ञानको अभावले गीत रच्ने सर्जकहरूलाई पनि अप्ठ्यारो परेको अवस्थामा प्रस्तुत अध्ययनले यस किसिमको अध्ययनअनुसन्धान गर्न रुचि राख्ने पाठक, विद्यार्थी, विद्वान र विदुषीहरूलाई समेत उपयोगी हुने भएकाले यसको औचित्य स्पष्ट छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

नेपाली साहित्यमा गीतलेखन परम्पराको समयावधि लामो रहेको छ । खासगरी गीतहरू पाठ्यपुस्तक कृतिका रुपमा भन्दा क्यासेट एल्बमका रुपमा प्रकाशित हुने तथा समयमा अत्यन्त लोकप्रिय हुने र पछिको हराउने जस्ता समस्याहरू पनि रहेका छन् । विभिन्न गीतकारहरूले गीत विधालाई कविता तथा गजलसँग जोडेर प्रकाशित पनि गरेको पाइन्छ । यसै परिवेशमा गीत सिद्धान्त तथा विकासक्रमसम्बन्धी अध्ययन गर्नु, नेपालका छ

वरिष्ठ गीतकारहरूका दस-दस गीतको विश्लेषण गर्नु र आधुनिक नमुना गीत रचना गर्नु यस अध्ययनको सीमा हो ।

## १.९ शोधविधि

प्रस्तुत विषयको शोधका क्रममा आवश्यक सामग्री सङ्कलन गर्न पुस्तकालयीय विधि प्रयोग गर्नुका साथै वर्णनात्मक, विश्लेषणात्मक एवम् समालोचनात्मक पद्धतिलाई अँगालिएको छ साथै गीतसम्बन्धी अध्येताहरूसँग अन्तर्वार्ता, छलफल समेत गरिएको छ । यस शोधकार्यमा पाद टिप्पणी र सन्दर्भसूची भने प्रचलित विधि अनुसार नै राखिएको छ ।

## १.१० शोधपत्रको रुपरेखा

प्रस्तुत शोधपत्रको रुपरेखा निम्नलिखित शीर्षक र आवश्यकता अनुसार उपशीर्षकमा विभाजन गरिएको छ ।

**प्रथम खण्ड- गीत सिद्धान्त**

शोधपरिचय

गीत सिद्धान्त

नेपाली गीतको विकासक्रम सम्बन्धी अध्ययन

नेपालका वरिष्ठ छ गीतकारका गीतहरूको विश्लेषण

गीतलेखन र परिमार्जनको अभ्यास तथा आत्मधारणा

**द्वितीय खण्ड- सिर्जनात्मक लेखन**

विभिन्न शीर्षकका पच्चिसवटा आधुनिक गीतको रचना र प्रस्तुति

# @ uLt l;4fGt;DaGwL cWoog

## २.१ गीत परिचय

गीत संसारकै सबैभन्दा लोकप्रिय र सरल विधा हो । 'भाषाका माध्यमद्वारा अभिव्यक्त हुने विषयबस्तुको भावपूर्ण प्रस्तुति गीत हो । आँखाले देख्दा वा कानले सुन्दा रूखो लाग्ने कुराहरूपनि गीतमा सुनूँसुनूँ लाग्ने हुन्छन् । गीतमा जति गेयात्मकता सरलता सहजता, निजात्मकता वा आत्मपरकता हुन्छ त्यति अन्य साहित्यिक विधामा हुँदैन' ।[1]

गीत मानिसको सुखदुःख बिर्साउने सर्वप्रिय विधा हो । शिक्षित-अशिक्षित ठुला-साना, धनी-गरिब सबैको हरेक पलको साथी बनेको हुन्छ । मानिसले हरेक पल गीतसङ्गीत गुनगुनाइरहेको रहेको हुन्छ । साहित्यका अन्य विधाको तुलनामा सरल विधा तथा पाठ्य र श्रव्य विधा भएकाले यो सबैको प्रिय बनेको हो । गीतमा बिम्ब प्रतीक तथा अलङ्कारहरू पनि सहज ढङ्गबाट व्यक्त हुन्छन् । भावको प्रस्तुति पनि गीतमा साहित्यका अन्य विधाका तुलनामा बढी हुन्छ । गीतमा उद्गार कलात्मक भाषामा व्यक्त गरिने हुनाले यसले भाव सौन्दर्यका साथै शिल्प सौन्दर्यका माध्यमद्वारा पनि एकै पटक आकर्षित गर्छ ।[2]

'गीत' सङ्गीतसँग सम्बन्धित विधा हो । कवितामा छन्द भए झै गीतमा पनि आफ्नै प्रकारको साङ्गीतिक नियम हुन्छ । कवितामा 'यमाताराजभानसलगा' बाट विभिन्न गणको छन्द व्यवस्था बनाए झैँ गीतमा पनि 'सारेगमपधनिस' भन्ने सूत्र अपनाइन्छ र यसबाट नै विभिन्न किसिमका सङ्गीतको निर्माण गरिन्छ । खासगरी आधुनिक नेपाली गीतमा सङ्गीतका रागहरू र शास्त्रीय सङ्गीतमा सूत्रात्मक गीतको सङ्गीत गरिन्छ । लोकगीतहरूको आफ्नै लय व्यवस्था हुन्छ । गीत गायन विधा भएकाले यसलाई छुट्टै लय दिनु जरूरी हुन्छ । जति राम्रो शब्द संयोजन छ त्यस्तै राम्रो सङ्गीतको रागमा ढालेमा त्यो गीत लोकप्रिय र कालजयी हुन सक्छ ।

गीत सरल, सहज र सुबोध विधा भएकाले साहित्यका अन्य विधा (कविता, कथा, उपन्यास, निबन्ध, नाटक आदि) का तुलनामा सर्वप्रिय देखिन्छ । गीतको सङ्गीत तथा लयमा सबैलाई मन्त्रमुग्ध पार्ने क्षमता हुन्छ । कसैले छन्दमा कविता भन्यो भने सुनूँसुनूँ लाग्छ त्यसमा पनि गीतमा त बाँसुरी, सारङ्गी, भायोलिन, मादल, हारमोनियम, तवला

---

१ कृष्णहरि बराल, गीत सिद्धान्त र इतिहास (काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६०), पृ.३ ।

२ ऐजन् ।

आदि वाद्यवादनका यन्त्रबाट सङ्गीत सिर्जना समायोजना भएको हुन्छ । सङ्गीत तथा लयमा यसै पनि मन्त्रमुग्ध पार्ने क्षमता हुन्छ । अझ भावपूर्ण शब्दको संयोजनले गीत सुनमा सुगन्ध बन्न पुग्छ । सङ्गीतकारले भर्ने सुमधुर लयका साथै गीतको भाव अनुकूल वाद्यसङ्गीतको प्रयोगबाट थपिने मिठास अनि गायक वा गायिकाको सुरिलो स्वरमा रहने उतार चढाव वा आरोह अवरोह तथा स्वरको भावपूर्ण प्रस्तुतिका कारण गीतले स्रोतालाई अझै जादुगरी दुनियाँमा पुऱ्याइदिन्छ । शब्दमा व्यक्त भएका शृङ्गार, करूण, हास्य आदि भावहरू त्यसमा थपिएपछि लय, वाद्यधुन अनि स्वर विलयन हुँदा झनै खुल्न पुग्छन् र यिनीहरूको स्रोतामा निहित सुषुप्त भाव एकैठाउँ जुर्मुराएर उठ्छ र स्रोताहरू अरू आनन्दको अनुभूति गर्छन् ।[३]

गीतको सोझो सम्बन्ध पहिले सङ्गीतसँग त्यसपछि क्रमशः बाद्य संयोजन र स्रोताको हृदयसँग हुन्छ ।[४] हाम्रो समाजमा परापूर्व कालदेखि गन्धर्व जातिले सारङ्गी बजाउँदै एक ठाउँको घटना क्रम अर्को ठाउँमा गाउँदै सुनाउँदै हिँडेको तथ्य पाइनुले पनि गीतसङ्गीतको प्राचीनता र प्रियता स्पष्ट हुन्छ । अन्य साहित्यिक विधाहरू सुरू हुनुभन्दा पहिले प्रशारणका माध्यमहरू नभएको अवस्थामा अझ लिपिको विकास नै नभएको समयमा पनि गीतको इतिहास जीवन्त थियो र एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तार हुँदै भयो भन्न सकिन्छ किनभने लोकसाहित्यको विकास यसरी नै भएको हो । लोकसाहित्यमा पनि सवाई, चाँचरी, बालुन, गाथा जस्ता कुराहरूकमा गीतको पर्याप्तता पाइन्छ ।

'गीत जीवनको सुख-दुख विसाउने चौतारी हो । भरियाले सुसेल्ने सुस्केरा हो र सांसारिक आरोहअवरोह हो । प्रणय प्रसङ्गको माध्यम हो । प्रकृतिको सुन्दर सृष्टि वर्णन हो । जीवनका अधोषित दस्तावेज हुन् गीतहरू, जीवनका आली घुम्तीमा छुटेका सम्झनाहरू हुन् गीतहरू ।' [५] कोमल भावनाको सुललित अभिव्यक्ति हो गीत ।[६] हरेक वस्ती, कुना, कन्दरा अँध्यारामा सबैभन्दा सजिलै र छिटै पुग्ने विधा गीत नै हो । गीतमा जुन प्रकारको शक्ति छ त्यो साहित्यका अन्य विधामा पाइदैन । अन्य साहित्यिक विधा बुझ्न शिक्षा र चेतनाको आवश्यकता पर्दछ ।

---

३. ऐजन् ।
४. नवराज लम्साल, धनुभित्र धुन बाहिर, (काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेशन, २०६२) ।
५. रमेश पौडेल, आभासित आलाप (काठमाडौँ : श्रीमति सरिता पौडेल, २०६३), पृ. ३२ ।
६. ऐजन्, पृ. ११ ।

प्राचीन समयका ऋषिमुनिहरू नदीतटमा, जङ्गलमा तथा एकान्त स्थानमा बस्न तथा तपस्था गर्न मन पराउनुले उनीहरूपनि सङ्गीतप्रेमी भएको स्पष्ट हुन्छ । नदीको कल्कल् आवाज चरा चुरूङ्गीको चिर्बिर् बोली, जङ्गली जनावर तथा रूखविरूवा पात पतिङ्गरको आवाजले एक प्रकारको सङ्गीत पैदा गर्दछ । उनीहरूको साधना, तपस्या तथा साहित्य सिर्जनामा सङ्गीतले सघाउ पुऱ्याउने हुँदा उनीहरूले त्यस्तो वातावरण रोज्न पुगेका हुनुपर्छ । प्राचीन समयका मानिसहरू घनघोर एकान्त स्थानमा बस्न सक्नु र अहिलेका मानिसहरू कोलाहलमय वातावरणमा बस्न सक्नु दुवै सँग सङ्गीत सम्बन्धित छ । कोलाहलमय दुनियाँका मानिसले गीतसङ्गीत सुने र मनलाई मनोरम तुल्याउदँ । आफ्ना सुखदुखसँग सामिप्य राख्दछ उमेर र रूची अनुसार कसैलाई भजन किर्तन मन पर्ला कसैलाई लोकगीत त कसैलाई आधुनिक गीत तर गीतसङ्गीतभन्दा पर कोहीपनि रहन सक्दैन । गीतसङ्गीत बजेको स्थानमा कसैले स्वरमा स्वर मिलाउला, कसैले अङ्ग चलाउला, तर कुनै न कुनै रूपबाट उक्त गीतमा सहभागी अवश्य भइरहेको हुन्छ ।

गीतका स्वरूपका आधारमा पछि गएर यसको विधागत पहिचानमा फरक पर्न आई आधुनिक गीत भक्ति गीत, लोकगीत र पप गीत गरी छुट्टिन गएको पाइन्छ । त्यसमा पनि स्वदेश गान, राष्ट्रिय गीत, जागरण गीत जनवादी गीतहरू पनि देखिन आए । 'आधुनिक गीतलाई गीतहरूको राजा भनेपनि फरक नपर्ला अन्य गीतहरूलाई गाउन जति सजिलो हुन्छ यो त्यत्तिकै अप्ठेरो हून्छ । प्राय सबै गीतहरूको लयको सुरुवात आधुनिक गीतबाटै हुन्छ । चहि त्यो पप गीत , लोकगीत, भक्ति गीत किन नहोस् । मानिसलाई खान लाउन घुम्न, मनमोहक दृश्यावलोकन गर्न अथवा आफ्ना इच्छाइएका कुराहरू गर्न पाएपनि त्यो अपुरो नै हुन्छ । केवल गीतसङ्गीत छैन भने मानिसलाई विभिन्न समस्याबाट भएको तनावलाई शान्ति दिने केवल गीतसङ्गीत मात्र हो । गीतसङ्गीतको गुञ्जायमान सुमधुर आवाजले मानव मस्तिष्कलाई अत्यन्तै मनोरञ्जनात्मकता प्रदान गर्दछ ।' [७] सङ्गीत विनाको जीवन कल्पना सम्म गर्न सकिदैन । सुखदुख तथा जीवनको आरोहअवरोहसँग गीतलाई सामीप्य तुल्याई मानिस गीत भित्रै हराउँछ । आफ्नो जीवनमा मेल खाने-नखाने, राम्रो शब्द तथा सङ्गीत भए नभएको आधारमा कुनै गीत बढी लोकप्रिय होलान् त कुनै कम तर गीत सर्वव्यापी छ ; सर्वप्रिय छ र सर्वप्राचीन विधा पनि हो ।

---

७. नौलो नेपाली आधुनिक गीत सङ्ग्रह भाग-१, (काठमाडौं : महालक्ष्मी प्रकाशन, प्रकाशन मिति नभएको), पृष्ठ २ ।

खासगरी आधुनिक गीतहरूको विशेषता भन्नु नै सर्वसाधारण मात्र होइन सबैको मनमा गीतको लय शब्द तथा स्वरले मीठो स्पर्श गर्न सक्नु हो । .......साँच्चै भन्ने हो भने आधुनिक गीतहरूमा जुन प्रकारको मिठास पाइन्छ । त्यो मिठास वा स्वाद अन्य गीतहरूबाट कमै मात्रामा पाइन्छ ।[८] भावको प्रस्तुति, बिम्ब, प्रतीक र अलङ्कार आदिको कोणबाट हेर्दा आधुनिक गीत नै सबैभन्दा कर्णप्रिय र स्तरीय हुन्छ । जब सिर्जना सर्वव्यापी मानवीय आनन्द र दिक्दारीहरूमध्ये स्वाभाविक अभिव्यक्ति हुन्छ तब तिनीहरू दीर्घकालसम्म टिकिरहन्छन् । उत्कृष्ट गीत सार्वभौम रूपमा सिङ्गो मानव समुदायको साझा धड्कन भइरहन्छ[९] भनेर सुरेश हाचेकालीले भनेका छन् । विधागत आधारमा हेर्दा गीत कविताको निकट देखिन्छ । साहित्यका विधाहरूमध्ये पद्य विधामा फुटकर कविता, गीत र गजल समकक्षी देखिन्छन् । विभिन्न भाषिक कलाका विधागत विकासका सोधखोजबाट कविताभन्दा गीत नै जेठो प्रमाणित भएको छ । गीत नै कविताको प्रारूप हो । गीत नै विश्वका सबै भेगका भाषाहरूमा पाइने कविता परम्पराको आदिस्रोत देखा पर्छ । लोकगीत र लोककथा एवम् लोकगाथा चक्रकै कोखबाट प्राचीन मुक्त कविता तथा प्रबन्धात्मक खण्डकाव्य महाकाव्य जन्मिएका हुन् ।[१०]

गीतले अँगाल्ने भाषाशैलीमा लयात्मक श्रुति सुखदता विद्यमान रहन्छ । गीतमा श्रुति मार्फत नै भावबिम्बको सञ्चारको प्रतिक्रिया गतिमय हुनुपर्ने हुँदा गीतका भाषाले लयात्मक नाद-निनादमा रूपान्तरित भई श्रुतिबिम्बका बाहकका रूपमा सर्वाङ्कमा आफूलाई परिणत तुल्याउनु पर्दछ । यस अपेक्षाले गर्दा नै गीतका भाषाका अङ्गप्रत्याङ्गमा अत्यधिक श्रुति संवेद्यता चाहिने हुन्छ  र यसैबाट गीतको भाषाशैलीको वैशिष्ट्य समेत निर्धारित हुन्छ । त्यसैले भाषिक पदक्रम र वाक्य गठन तथा अनुच्छेद विधानका स्तरमा समेत अनेक विचलन विपथनको अपेक्षासमेत गीतको श्रुतिरम्य भाषाशैलीले राख्दछ ।[११]

## २.२ 'गीत' शब्दको व्युत्पत्ति र अर्थ

गीत तत्सम शब्द हो । यो शब्द 'गै' धातुमा 'क्त' प्रत्यय लागेर बनेको छ र यसले गाइएको कुनै रचनाविशेषलाई सङ्केत गर्छ । 'गै' धातुमा ल्युट (अन) प्रत्यय लागेर 'गानम्'

---

८. नेपाली आधुनिक गीत सङ्ग्रह भाग ७ (काठमाडौँ : जयकाली प्रकाशन, प्रकाशन मिति नभएको), पृष्ठ १ ।
९. नवराज लम्साल, धुनाभित्र धुनबाहिर, पूर्ववत्, पृ. ११७ ।
१०. वासुदेव त्रिपाठी र अन्य (सम्पा), नेपाली कविता भाग ४, चौ.सं. (ललितपुर : साझा प्रकाशन, २०६०) पृ.२६ ।
११. ऐजन्, पृ. २७ ।

बनी यसबाट विकशित भएको 'गाना' शब्दले पनि गीतलाई नै बुझाएको पाइन्छ भने 'गीति' शब्दबाट निर्मित 'गीतिका' शब्दले चाहि गीतका साथै छोटाखाले गीतलाई पनि बुझाउने गर्छ ।[१२]

अंग्रेजीमा गीतलाई 'सङ' तथा 'लिरिक्स' शब्दहरू प्रयोग गरिन्छन् । 'लिरिक्स' शब्द ग्रीसेली 'लुरिकोस' बाट विकसित भएको हो । 'लिरिक्स' शब्दले गाउन तयार पारिएको रचनालाई बुझाउने गर्छ भने 'लिरिक्स' शब्दले गाइसकिएको रचनालाई बुझाउँछ । विस्तृत अर्थमा चाहि 'लिरिक्स' ले आख्यानात्मक तथा नाटकीय रचनाबाहेकका अआख्यानात्मक अनि भावपूर्ण कवितालाई पनि बुझाउने गरेको पाइन्छ ।[१३]

गीतको पृष्ठभूमि हेर्दा गीत सर्वप्राचीन विधा भएकाले पूर्वमा बैदिक युग र पश्चिममा होमरकालीन युगमा पुग्नुपर्ने देखिन्छ । पूर्वका प्राचीनतम वाङ्मय वेदका ऋचा र मन्त्रका सस्वर पाठबाटै गीत र गायनको क्रम उत्पत्ति भई हुर्किंदै आएको पाईन्छ । वेदका ऋचाहरूको रागात्मक उच्चारण तथा सामवेदानिकट गन्धर्व वेदबाट गायन र गीत परम्पराको केहीमात्रामा भएपनि सुरूवात भएको पाइन्छ । यज्ञमा उत्पात नहोस् भनी कसैले रक्षा गर्ने, कसैले गीत गायन गर्ने गरेको कुरा वेदाङ्गहरूमा पाइन्छ । सामवेदबाट उत्पत्ति भएको मानिने सङ्गीतको पाश्चात्य साहित्य परम्परामा खोजी गर्दा होमरकालीन युगमा पुग्नुपर्ने देखिन्छ ।

गीत सर्वप्राचीन विधा हो भन्ने अर्को प्रमाण के पाउन सकिन्छ भने पूर्वीय पाश्चात्य दुवै साहित्यको सुरुवात महाकाव्य बाट भएको छ र यी महाकाव्यहरू गाथाचक्रमा आधारित छन् । पूर्वीय साहित्यमा आर्ष महाकाव्यका रूपमा रहेका 'रामायण' र 'महाभारत' सर्वप्राचीन महाकाव्य हुन् । यिनमा रामगाथा र महाभारताको गाथा छ । यी ग्रन्थहरू पनि गाथा सुनेर बाल्मीकि र व्यास ऋषिले लेखेको हुन् भन्ने पाइन्छ ।

त्यस्तै पश्चिममा होमरका महाकाव्य 'इलियट' र 'ओडेसी' पनि प्राचीन सैनिकको गाथाचक्रमा आधरित ग्रन्थ हुन् । त्यसैले गाथाहरूबाट नै साहित्यको शूरूआत भएको पाइन्छ । पश्चिममा दुखान्त तथा सुखान्त नाटकको विकास पनि गीत तथा नृत्यकै कोखबाट कथानक तथा चरित्र अँगाली क्रमश विकसित भएको पाइन्छ । पाश्चात्य दार्शनिक एरिस्टोटलले आफ्नो काव्यशास्त्रमा रौद्र गीत, बेणु गीत आदिको चर्चा गर्नु, दुखान्त

१२. कृष्णहरि बराल, पूर्ववत्, पृ.१२ ।
१३. ऐजन् ।

नाटकको अभिन्न तत्त्वको रूपमा गीत (समूह गान) स्विकार्नुको तात्पर्य गीतको सैद्धान्तिक सोंचाइ थालिएको मान्न सकिन्छ ।[१४]

सफ्फो र पिन्डार जस्ता महान् गीति प्रतिभाको उदय हुनु, एस्किलास, सोफोक्लिज जस्ता नाटककारहरूले गीतलाई नाटकमा समावेश गर्नु, प्रसस्त सम्बोधन (ओड) गीतको रचना हुनु जस्ता कुराहरू पाश्चात्य साहित्यमा गीतको विधागत उदयको युग मान्न सकिन्छ । गाथा चक्रकै जगमा अडेका होमरका महाकाव्य र पछि नाटकमा गीत समावेश हुनैपर्छ भन्ने मत जस्ता कुराले पाश्चात्य साहित्यमा गीत विधाको उदय र विकास हुन पुग्यो ।

पूर्वीय र पाश्चात्य परम्परामा यसरी उदय भएको गीतले पछि छुट्टै विधागत पहिचान पायो । पूर्व आधुनिक कालमा स्तुति, प्रशंसा (देव, शासक), राष्ट्रगान, प्रकृतिवर्णन, प्रणयगान हुँदै आधुनिक कालमा आधुनिक गीतको जन्म भयो । लोकगीत, भजन, आधुनिक गीत र पप गीत गरी मुख्य रूपमा गीतहरू अहिले विस्तार भइरहेको पाइन्छ ।

गीतको प्रथम प्रेय वा अभीष्ट भाषिक सङ्गीत सृष्टि हो र दोस्रो तर अत्यन्त महत्वपूर्ण गीति प्राप्ति भने त्यस भाषिक सङ्गीतका समृद्धताबाट परिपोषित रूपरम्य भावसमृद्धि समेत हो । भाषा अर्थबाहक स्वीकृत यादृच्छिक स्वर- व्यञ्जन वर्णात्मक ध्वनि सङ्केतको प्रणाली पनि भएकाले यसले साङ्गीतिक नादका साथसाथै साहित्यिक भावसमेतलाई व्यञ्जना दिनसक्ने जुन विशेष सुयोग आफूमा अन्तर्निहित राख्ने गर्दछ त्यसैले सङ्गीतप्रधान सिर्जनात्मक दोहन हो गीत । त्यस्तै मानवीय ललित भाव वा भावना सङ्गीत र साहित्य दुवैको रागात्मक र कलात्मक माध्यमबाट समेत बेग्ला बेग्लै प्रकारले व्यक्त हुनसक्ने परिपेक्षमा भााषाको उभयचर (भावव्यञ्जक र सङ्गीतवाहक) प्रकृति रहने सन्दर्भमा सङ्गीत र साहित्य दुवैको भाषिक भावगत रूपात्मक कलात्मक सहसाधनाको एक सङ्गीत धर्मी प्रयोग र सुयोग हो गीत ।[१५]

यसरी गीतको अर्थ गाइएको रचना विशेष भएपनि यसले परम्परागत गाथा, फुटकर गीति कविता तथा लेख्यविशेष रचनासँग पनि सम्बन्ध राख्दछ । यसको व्युत्पत्ति जसरी भएको भएपनि यो लोकसाहित्यका अन्य विधाजस्तै श्रुति परम्परा गाथाचक्र हुँदै आजको प्रशारणको युगसम्म आइपुगेको छ ।

---

१४. कृष्णहरि बराल, एक फूल अनेक पत्र (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.कीर्तिपुर, २०४४), पृष्ठ ६ ।

१५. वासुदेव त्रिपाठी र अन्य (सम्पा), पूर्ववत् ।

## २.३ गीतको परिभाषा

साहित्यका अन्य विधाहरू कुनै समयमा अत्यन्त लोकप्रिय हुने र कुनै समयमा हराउने अवस्थामा रहे तर गीतको गति प्राचीन समयदेखि झन्झन् अगाडि बढ्दो क्रममा रहेको छ । प्राचीन समयका कविहरूले गीतको पनि रचना गरेको पाइन्छ तर त्यसबेला कविता नै लोकप्रिय थियो । त्यसबेला गीतलाई कविता तथा मुक्तककै वर्गमा राखिएकोले यसको छुट्टै पहिचान र परिभाषाको खोजी गरिएन । पछि गीतको परिभाषाको खोजी हुन थाल्यो । गीतका सम्बन्धमा विभिन्न विद्वान तथा गीतकारहरूले आ-आफ्नो धारणा व्यक्त गरेका छन् । जसमध्ये केही परिभाषाहरू निम्नानुसार छन् ।

क) कृष्णहरि बरालले 'एउटै वक्ताको भाव तथा मनस्थिति सरलताका साथ अभिव्यक्त भएको अनुभूति प्रधान त्यस्तो अआख्यानात्मक तथा अनाटकीय आत्मपरक रचनालाई गीत भनिन्छ जुन सङ्क्षिप्त हुनाका साथै खास प्रकारको लय तथा सङ्गीत व्यवस्थामा आबद्ध हुन्छ'[१६] भनेका छन् ।

ख) गाउनका लागि रचिएको लयात्मक ताथ सुललित पद्य रचना नै गीत हो ।[१७]

ग) बासुदेव त्रिपाठीले 'सामान्य गीत भाषाका फाँटको त्यस्तो भावुक र लयात्मक अभिव्यक्ति हो जसलाई सङ्गीतसँग कविताका समागमको तरल झङ्कृति पनि भन्न सकिन्छ'[१८] भनेका छन् ।

घ) डब्ल्. एच. हड्सनले 'एउटै वक्ताको एउटै मनास्थिति तथा भावना संवेगात्मक रूपमा अभिव्यक्त भएको रचनालाई गीत भनिन्छ'[१९] भनेका छन् ।

ङ) जोसेफ टी. शिप्लेले 'गाउनका लागि रचना गरिएको छन्दमा रचित कविता विशेषलाई गीत भनिन्छ'[२०] भनेका छन् ।

---

१६ कृष्णहरि बराल, गीत सिद्धान्त र इतिहास, पूर्ववत्, पृ.१८ ।

१७ नेपाली वृहत् शब्दकोश, नेराप्रप्र, २०४० ।

१८ कृष्णहरि बराल, पूर्ववत् ।

१९ पूर्ववत् ।

२० पूर्ववत् ।

च) जे.ए.कडनले 'एउटै वक्ताको भाव तथा विचार प्रस्तुत गरिने बैयक्तिक तथा आत्मपरक शैलीमा रचिएको सङ्क्षिप्त आयामले युक्त अआख्यानात्मक रचनालाई गीत भनिन्छ'[२१] भनेका छन् ।

छ) न्यू इन्साइक्लोपेडिया अमेरिकाना भो. २५ मा 'सङ्गीतसँग स्वरको सामञ्जस्य भएको वा गरिने शब्दहरूको लयबद्ध अभिव्यक्तिलाई गीत भनिन्छ'[२२] भनिएको छ ।

ज) न्यु इन्साइक्लोपेडिया व्रिटानिया भो. ९ मा 'एक्लै वा समूह रूपमा बाद्ययन्त्र सहित वा यसको अभावमा नै गाइएको वा गाउनका लागि तयार पारिएको रचनालाई गीत भनिन्छ'[२३] भनिएको छ ।

-

झ) 'कोमल भावनाको सुललित अभिव्यक्ति हो -गीत' ।[२४]

ञ) 'गीतको सोझो सम्बन्ध पहिले सङ्गीतसँग त्यसपछि क्रमशः बाद्य संयोजन, गायन र स्रोताको हृदयसँग हुन्छ' ।[२५]

ट) ........मानवीय ललित भाव सङ्गीत र साहित्य दुवैका रागात्मक र कलात्मक माध्यमबाट समेत बेग्ला बेग्लै व्यक्त हुन सक्ने परिप्रेक्षमा भाषाको उभयचर प्रकृतिको सन्दर्भमा सङ्गीत र साहित्य दुवैको भाषिक भावगत सहसधानाको एक सङ्गीत धर्मी प्रयोग र सुयोग हो गीत ।[२६]

ठ) डा.मोहन हिमांशु थापाका अनुसार 'जीवन भोगाइका क्रममा प्राप्त भाव र अनुभूतिको कलात्मक संवेगात्मक र गेयात्मक प्रस्तुति नै गीत हो'।[२७]

---

२१ पूर्ववत् ।

२२ पूर्ववत् ।

२३ पूर्ववत् ।

२४ रमेश पौडेल, पूर्ववत् ।

२५. नवराज लम्साल, पूर्ववत्, पृष्ठ १२३ ।

२६. वासुदेव त्रिपाठी र अन्य (सम्पा.), पूर्ववत् ।

२७ कृष्णहरि बराल, पूर्ववत् ।

गीतलाई विभिन्न व्यक्तिहरूले आ-आफ्नै शैलीमा व्याख्या गरे तर पनि कवितामा जस्तो गीतको बारेमा विचार विमर्श र छलफल भएको पाइदैन । गीत सर्वप्रिय र सर्वव्यापक विधा भएर पनि साहित्यमा यसलाई त्यति महत्त्व नदिइनु र यसको बारे शोध नहुनु दुःखद कुरा हो । अन्त्यमा गीतलाई कसरी परिभाषित गर्न सकिन्छ भने-गीत भाषिक र साङ्गीतिक कलाको संयोजन भएको सर्वव्यापक सर्वप्रिय र हार्दिक कलाविशेष हो ।

## २.४ गीतका तत्त्वहरू

गीत भाषिक अभिव्यक्तिको एउटा कला हो । जो गाउने उद्धेश्यले लेखिएको हुन्छ । साहित्यका हरेक विधाको आ-आफ्नै प्रकारका तत्त्व (अङ्ग) हरू रहेका हुन्छन् । गीतलाई फुटकर कविताको निकटतम राखेर हेरिने भएकाले यसको तत्त्व पनि फुटकर कविताको जस्तै गरी शीर्षक, संरचना, भाषा, लय, कथन वा भाव, व्यञ्जना, अनुभूति र आयाम जस्ता कोणबाट हेरेको पाइन्छ । खासगरी गीतमा आवस्यक तत्त्वहरू मुख्यरूपमा निम्नानुसार राख्न सकिन्छ ।

### २.४.१ भाव

भाव कुनै पनि कुराको मुख्य विचार हो । साहित्यमा भावको महत्वपूर्ण भूमिका रहन्छ । भाव गीत तथा गीति कविताका लागि अनिवार्य तत्त्व हो । भावको अभावमा कुनैपनि गीत तथा कविताले उत्कृष्टता प्राप्त गर्न सक्दैन ।[२८]

गीतको मुख्य तत्व भन्नु नै यसको भाव हो । भावको प्रयोग विना गीत घतलाग्दो र हृदयस्पर्शी हुन सक्दैन । व्यक्तिको भावनाको प्रस्तुति गीतमा भावकै माध्यमद्वारा हुन्छ । मानवीय सुख-दुख, हर्ष-विस्मात, माया-प्रीति, भय, वीरता, देशभक्ति, ईश्वर भक्ति, आदि भावना गीतमा व्यक्त हुन्छ यही नै भाव हो । गीतमा भाव क्रमशः वृत्ताकारीय शैलीबाट अगाडि बढेको हुन्छ अथवा समग्रमा अर्थलाग्ने खालको पनि हुनसक्छ ।

भनिन्छ संवेग र भाव हाम्रा सबै भन्दा ठुला शक्ति हुन् र यिनीहरूकै शक्तिका कारण मान्छे वीरतापूर्ण, ठुला तथा उग्र कार्यहरू गर्ने गर्छ, अनि सभ्यता पनि मानवीय

---

२८ पूर्ववत्, पृ. २८ ।

संवेगात्मक शक्ति कै परिणाम हो । भाव र संवेग मानिसलाई प्रेरित गर्ने उर्जा र मस्तिष्कचाहिँ मान्छेलाई पवित्रता प्रदान गर्न लागि पर्ने चालक हुन् भन्ने सन्दर्भ पनि उल्लेख भएको पाइन्छ अनि के पनि भनिन्छ भने यी दुई अर्थात् संवेग र भावबिच पूर्ण नियन्त्रण भने सम्भव छैन् । मान्छेले यिनलाई प्रभावित गर्न सकेपनि नियन्त्रणचाहि गर्न सक्दैन ।[२९] गीतका भावहरू खासगरी काव्यात्मक भन्दा वस्तुगत सत्यमा आधारित हुने गर्छन् ।

गीत यथार्थ र भावनामा आधारित हुन्छ । कुनै कुरा यथार्थ भएपनि त्यसलाई भावमय प्रस्तुति गरिन्छ । त्यसकारण गीतलाई भावनाको उपज भन्न सकिन्छ । भाव खासगरी नौ रससँग सम्बन्धित हुन्छ । रसका स्थायी भावहरू उत्साह, रति, हास, विस्मय, क्रोध, शोक, भय र सम जस्ता कुराहरू भाव अन्तर्गत पर्दछन् ।[३०] यीनै भावमा आधारित भएर गीत लेख्ने गरिन्छ । भावमय गीतका केही उदाहरण:

क) कति पराई आफ्ना देखेँ कति आफ्ना पराइ देखेँ
यो जिन्दगीको मोडमा भो सहारा मलाई नदेऊ

**- दिपक जङ्गम**

ख) पखाले यी आँखा पनि दृश्य उही छ ।
जहाँ नै म हिँडे पनि धरती उही छ ।

**- दिनेश अधिकारी**

## २.४.२ भाषा-शैली

भाषा विचार विनिमयको माध्यम हो कुनै पनि कुराको सम्प्रेषण गर्न भाषाको जरूरत पर्दछ । साहित्य भाषिक अभिव्यक्ति हो त्यसमा पनि गीत-गजल भाषाका माध्यमद्वारा अभिव्यक्त हुने कला भएकाले भाषा सुनेर नै स्रोता वा पाठकले यसको अर्थ लगाउन सक्छन् र गीतले अस्तित्व प्राप्त गर्छ । बोलचालको गद्यबाट छुट्याउनेदेखि लिएर सौन्दर्यको सृष्टि गर्न तथा अर्थलाई विस्तार दिनका लागि गीतमा शब्दहरूको उचित व्यवस्थापन हुनुपर्छ र यस्तो हुँदा विचलनको मात्रा बढेर भाषाको स्वभाविक रूपमा परिवर्तन पनि आउने गर्छ ।[३०]

गीतको भाषा सरल सहज खालको हुनुपर्छ । गीत कविताभन्दा सरल विधा भएकाले र सर्वप्रिय भएकाले भाषा सुन्नासाथ नै गीतका भावहरूले हृदयमा विरेचन गर्ने खालको हुनुपर्छ । गीतमा कोमलकान्त पदावली, हार्दिकता, साङ्गीतिकता, सरलता र सरसता हुनु

---

२९ कृष्णहरि बराल, गजल सिद्धान्त र परम्परा, (ललितपुर : साझा प्रकाशन, २०४६), पृ. ४६ ।

३० पूर्ववत्, पृ. ५३ ।

जरूरी छ । गीतको भाषा बिम्बात्मक प्रतीकात्मक र अलङ्कारमय भएपनि क्लिष्ट र पाण्डित्य प्रदर्शन गर्ने खालको भने हुनुहुँदैन । कवितामा छन्द भएझैं गीतको पनि आफ्नै साङ्गीतिक उचाइ हुनु पर्छ । भाषिक अनुप्रासीयता, सरसता तथा सरलता गीतको भाषामा हुन्छ ।

नेपाली भाषामा लेखिएका गीतमा हिन्दी, उर्दू जस्ता शब्दको प्रयोग गर्ने तथा भाषिक बन्धन भन्दा बाहिर रही आफ्नो अनुकूलका शब्दप्रयोग गरेर पनि गीतकारहरूले गीत लेख्ने गरेको पाइन्छ । त्यस्तै अर्थहीन थेगोहरू प्रयोग गरी गीत लेख्नेहरू पनि पाइन्छन् तर गीत विधा साहित्यका अन्य विधाका तुलनामा हरेक जनमनमा पुग्ने र लोकप्रिय विधा भएको कारण यसको भाषा चयन पनि आफ्नो अनुकूल भन्दा जनमुखी हुनुपर्छ ।

शैली भाषा बहन गर्ने तरिका वा माध्यम हो । हरेक कुरामा शैलीको आफ्नो महत्त्व हुन्छ । गीत भाषाद्वारा व्यक्त गरिन्छ तर त्यसको शैली संयोजन राम्रो भएन भने त्यो एउटा गद्य भनाइजस्तो हुनजान्छ । शैलीका आधारमा गीतको रूपरेखा तय हुन्छ । शैलीलाई भाषाले निर्धारण गर्छ । भाषाको लय, भाव जस्तो प्रकारको हुन्छ त्यसमा शैली निर्भर गर्दछ ।

शैली विभिन्न किसिमका हुन्छन् । आत्मपरक वा प्रथम पुरूषीय शैली र द्वितीय पुरूषीय शैली गीतमा बढी प्रयोग गरिन्छ । प्राय 'म' ले 'तिमी' लाई सम्बोधन गरेको हुन्छ भने गीतमा कतिपय अवस्थामा तृतीय पुरूष 'उ' को पनि प्रयोग भएको हुन्छ । सरल, सरस र सहज शैलीमा भावमय प्रस्तुति भएमा सबैलाई मन पर्छ र त्यस्तो गीत सदाबहार बन्न पुग्छ । गीतमा कथ्य शैली व्याख्यात्मक शैली, वर्णनात्मक शैली आदि पनि प्रयोग गरिन्छ । एकालाप, संवादका रूपमा कथनपद्धति विभिन्न शैलीको हुन सक्छ । भाषा र शैलीका उचित तालमेल भएमा गीत लोकप्रिय बन्छ । सरल भाषा र शैली भएका चर्चित गीतका उदाहरण :

क) तिमीले पराई ठानेपछि पराई हुन के भयो र,
तिम्रो मेरो बिचको नाता भन्नुपर्ने के रह्यो र ?

**- लोकराज अधिकारी (साधना एल्बमबाट)**

ख) मलाई जसले पनि किन रूवाउँछ,
सायद मेरा आँखामा आँसु सुहाउँछ ।

**- एकनारायण भण्डारी ('दोस्रो अध्याय' एल्बमबाट)**

ग)	जहाँ तिमी त्यहाँ म हुन नपाउँदा
तिमी रूँदा तिमीसँगै रून नपाउँदा
माया बोक्ने मुटु नै काटे जस्तो भो
मैले टेक्ने धर्ती नै फाटे जस्तो भो ।

**- लिलु गुरूङ ('तरङ्ग' एल्बमबाट)**

घ)	न बिर्सें तिमीलाई न पाएँ तिमीलाई ।
विना अर्थ दिलमा सजाएँ तिमीलाई ।

**- विपिन किरण ('किरण' एल्बमबाट)**

### २.४.३ कल्पना

कल्पना तत्सम शब्द हो । यसको सामान्य अर्थ रूप दिनु, बनाउनु, विचार, उत्प्रेक्षा, प्रतिमा भन्ने हुन्छ । यसको अर्थ स्मृतिपरमा अनौठा नयाँ कुरा, बस्तुको प्रतिमा, रूपरेखा बनाएर काव्य, चित्र, प्रतिमा आदिमा रूपमा उताने वा मुर्त रूप दिने क्रियात्मक मानसिह शक्ति भन्ने पनि हुन्छ ।[३१]

साहित्यमा कल्पनाको महत्त्व हुन्छ । साहित्य समाजसापेक्ष हुन्छ अथवा वर्तमानको यथास्थिति मात्र नभई भविष्यको समेत कल्पनामा साहित्य सिर्जना भएको पाइन्छ । 'रवि नपुग्नेमा कवि पुग्छन्' भने झैँ कविता तथा गीतमा विगतका वर्तमानका मात्र नभई भविष्यको समेत काल्पनिक चित्रण र दिशानिर्देश हुन्छ । साहित्यिक सिर्जना मानव सभ्यताको, मानव कल्पनाको, मानव यथार्थ जीवनको, मानव सुन्दरताको एउटा सशक्त स्वरूप हो । यसले मानवलाई प्रत्येक पलपलमा नयाँ सोच दिन्छ । नयाँ उमङ्ग दिन्छ । नयाँ ऊर्जा दिन्छ  र जीवनयात्रामा अगाडि बढ्न अभिप्रेरित गर्दछ ।[३२]

---

३१	कृष्णहरि बराल, गीत सिद्धान्त र इतिहास, पूर्ववत् पृ.२८ ।

३२	गोपालप्रसाद शर्मा र अन्य (सम्पा.) मध्यपश्चिमका सालोचना, (बाँके : नेपाली साहित्य परिवार, म.ब.क्या. २०६६) पृ. ८४ ।

गीतसङ्गीतका क्षेत्रमा कल्पना नै प्रमुख तत्त्व हुन आउँछ । नयाँ नयाँ काल्पनिक उपजबाट गरिएको गीत, सङ्गीतको रचना राम्रो बन्छ र त्यसले महत्त्व पाउँछ । प्राकृतिक विषयबस्तुलाई काल्पनिक कसीबाट बाँध्न सकेमा गीतले जीवन्तता पाउँछ । कल्पनाले यथार्थ जगतका निरस बस्तु तथा घटनालाई पुर्नसिर्जन गरी कौतुहलपूर्ण बनाउने अज्ञात तथा रहस्यका गर्भमा रहेका कुराहरूलाई पनि ज्ञात गराउने तथा प्रकट गर्ने, काव्यलाई कोरा इतिहास र फोटोकपी यथार्थ हुनबाट जोगाउने, नयाँ नयाँ बिम्ब प्रतीक तथा अलङ्कारको निर्माणमा सहयोग पुऱ्याउने साहित्यिक विधा नै भएकाले गीतमा कल्पनाको महत्त्व हुन्छ ।[३३] कल्पनामा रहेको गीतको एक अंश यसप्रकार छ :

सयवर्षपछि पनि असार यस्तै होला
उडी जाने बादललाई हतार यस्तै होला ।
- माधवप्रसाद घिमिरे

## २.४.४ सङ्गीत

सङ्गीत भन्नाले सामान्यतया लय, छन्द, सुरतालसँगको बगाइ भन्ने बुझिन्छ । सङ्गीत गीतको मुटु हो । कुनै पनि धुन, नियमित आवाज, मधुर बोली, पानीको कल्कल्, कोइलीको आवाज आदिबाट पनि एक प्रकारको सङ्गीत पैदा भएको हुन्छ । गीतमा सङ्गीत भन्नाले खासगरी त्यसको लय तथा ध्वनि सङ्गीत भन्ने बुझिन्छ । हरेक गीतमा आफ्नै प्रकारको लय व्यवस्था हुन्छ र ध्वनि संयोजन हुन्छ ।

सङ्गीत गीतका लागि चाहिने अनिवार्य तत्त्व हो । सङ्गीतको अभावमा गीतको कल्पना गर्न सकिदैन । गीतकारहरू आनन्ददायक ध्वनिको ढाँचा सिर्जना गर्न तथा अर्थलाई अझ प्रभावकारी बनाउनका लागि सङ्गीतको प्रयोग गर्छन् ।[३४] सङ्गीतको जगमा नै गीत अडेको हुन्छ । अन्य विधाभन्दा गीत सबैको मुखमा झुण्डन सक्नु सङ्गीतको सफलताकै कारण हो । साहित्यका अन्य विधाहरू पाठ्य विधा भएकाले, त्यसमा गेयता नभएकाले नै गीत जस्तो सफलता प्राप्त गर्न नसकेको हुनसक्छ । बेदका ऋचाहरूको रागात्मक उत्पत्तिसँगै सुरू भएको मानिने सङ्गीत विधा अहिले साहित्यका सबै विधा भन्दा उत्कृष्ट छ । कविता र गजलमा पनि आफ्नै प्रकारको सङ्गीत संयोजन हुने हुँदा तिनीहरू पनि

३३ कृष्णहरि बराल, गजल सिद्धान्त र परम्परा, पूर्ववत् पृ. ७२ ।

३४ कृष्णहरि बराल, गीत सिद्धान्त र इतिहास, पूर्ववत् पृ.३४ ।

प्रचलित छन् नै तर गीतमा सङ्गीतको उत्कृष्टता रहन्छ त्यसैले गीत सर्वप्रिय छ । सङ्गीत अन्तर्गत लय र ध्वनि सङ्गीत मुख्य पर्दछन् जसको चर्चा निम्नानुसार गरिन्छ ।

### २.४.४.१ लय सङ्गीत

लय नै गीतको मुटु हो । गीत रचना गर्दा शब्द संयोजन उचित रूपमा गरी गीतमा एक प्रकारको लय दिइन्छ । गीत गाउँदा अथवा पढ्दा एकप्रकारको लयमा नै गरिन्छ । लयको सम्बन्ध समय र गतिसँग हुन्छ । यसमा ह्रस्व, दीर्घ, मात्रा र बलाघात जस्ता कुराहरूको संयोजनबाट लय व्यवस्था हुन्छ । लयलाई साङ्गीतिकता वा गेयता भनिन्छ ।

गीतका प्रत्येक पङ्क्तिमा आउने अक्षरहरूको संयोजनले जुन लयको सृष्टि गरेको हुन्छ । र गीतमा तान, सुर, अलाप तथा स्वराघात र बलाघातद्वारा पनि जुन लय सञ्चार गरिन्छ त्यो गद्यमा अपेक्षित हुँदैन । कवितामा पनि लयको प्रयोग गरिन्छ तर लय साधन मात्र नभई साध्य भई प्राप्त हुने सङ्गीत प्रधान्यबाट कविताका तुलनामा गीत छुट्टिन्छ ।[३५] कवितामा मात्रिक, वर्णमात्रिकजस्ता छन्द भएझैँ गीत पनि मात्राको आधारमा लय सिर्जना हुने विधा हो ।

गीत लोकसाहित्यको विधा अन्तर्गत पर्ने भएकाले यसको आफ्नै प्रकारको लय हुन्छ । नेपाली गीतमा लोकगीत, देउडा गीत, आधुनिक गीत र पप गीत गरी विधागत फरक पन भएपनि लोक धुन अधवा लोक लयको संयोजन गरिएका गीत नै बढी लोकप्रिय र कालजयी भएको पाइन्छ । नेपाली गीतहरूले आंशिक रूपमा गजलका लयहरूलाई र छन्द कविताका लय पनि अगालेको पाइन्छ । गीतमा रहेको लयात्मक प्रकार केलाउने हो भने कुनै गीतहरू एउटै नियमित लय व्यवस्थामा कुनै अनियमिति लय व्यवस्थामा त कुनै गीतहरू मिश्रित लय व्यवस्थामा रहेका  पाइन्छन् । जसको एक-एक उदाहरण :

(क) जुन फूल मैले चाहेको थिएँ कसैले टिपेछ ।
सौन्दर्य भने यो सधैँ मेरो आँखामा लुकेछ ।

सुख र दुःख सँगाली दिने जीवनमा त्यै थियो ।
दिन रात अब मदेखि टाढा भएर गइदियो ॥

---

३५ कृष्णहरि बराल, अप्रकाशित स्नातकोत्तर शोधपत्र, पूर्ववत्, पृ.१२ ।

विरानु बनी प्रतिपल मेरो यो मुटु धड्किन्छ ।
वितेका तिनै पुराना कुरा सम्झाई तडपिन्छ ॥

**- भैखनाथ रिमाल 'कदम'**

(ख) मलाई छोडी मेरो छायाँ कतै झरेछ ।
तिमीसम्म आइपुग्दा साँझै परेछ ॥

त्यसै कति विते मेरा चिसा चिसा रातिहरू ।
तातो माया सँगालेर खोजीरहेँ साथीहरू ॥
बैंस छदा नभोगेको रातै ढलेछ ।
तिमीसम्म आइपुग्दा साँझै परेछ ॥

**- क्षेत्रप्रताप अधिकारी**

(ग) मेरो आँखालाई राख्ने फूलबारी छैन
तिम्रो मुहारमा राखुँ कि..............
मेरो बतासलाई बाँध्ने सुगन्ध छैन
तिम्रो निस्वासमा बाँधु कि ............

**- स्व. हरिभक्त कटुवाल**

माथिका उदाहरणहरू मध्ये उदाहरण 'क' मा नियमित लयव्यवस्था संयोजन भएको छ । यसका पङ्क्तिहरू आफैमा पूर्ण छन् । यिनमा ह्रश्व दीर्घको वितरण समान नभएपनि अक्षरहरूको समानता छ । यस गीतका प्रत्येक हरफमा १६ अहार छन् र ३/२ + ३/२ + ३/३ को क्रममा झ्याउरे छन्दमा क्रमशः अगाडि बढेका छन् । समान अक्षरसमूह भएकाले र विस्राम तथा लय भङ्ग नभएकाले उदाहरण 'क' लाई नियमित लय व्यवस्थामा आधारित गीत भन्न सकिन्छ ।

उदाहरण 'ख' मा स्थायी र अन्तरामा अक्षर संरचना फरक देखिन्छ । स्थायीमा ४/४ + २/३ हुदै १३ अक्षर संरचना छ भने अन्तरामा ४/४ + ४/४ हुँदै १६ अक्षरको क्रम पाइन्छ । यस्तो गीतको पाँचौ र आठौ पङ्क्तिले पुनः स्थायीको माग गर्दछ र त्यसको पूर्तिका लागि स्थायीको दास्रो पङ्क्ति दोहोरिएको छ त्यसैले यसलाई मिश्रित लय व्यवस्थामा आधारित गीत भन्न सकिन्छ । त्यस्तै उदाहरण 'ग' मा वर्णको समानता त छैन नै त्यसमा पनि पहिलो पङ्क्ति आफैमा पूर्ण नभई दास्रो पङ्क्तिको तुरून्तै माग गरिहाल्छ । यसको

स्थायीमा नै १२ अक्षर र ८ अक्षर छ । स्थायीको पहिलो पङ्क्तिको लय र दोस्रो पङ्क्तिको लयमा फरकपन छ त्यसैले यस्ता गीतलाई अनियमित लय व्यवस्था भएका गीत भन्न सकिन्छ ।

### २.४.४.२ ध्वनि सङ्गीत

गीत विधामा अन्य विधाभन्दा लयका साथसाथै ध्वनि सङ्गीतको पनि अत्यन्त महत्त्व हुन्छ । कवितामा पनि अनुप्रास, शब्दको संयोजनबाट ध्वनि व्यवस्था कायम भएको हुन्छ तर गीतमा कविताको तुलनामा सहज अनुप्रास र छन्द मिलाउनको लागि आउनु राम्रो हुँदैन ।

गीतमा वर्णको आधारमा लय व्यवस्था र अनुप्रासको आधारमा ध्वनि व्यवस्था कायम भएको हुन्छ । गीतका वर्णको प्रकार र सङ्ख्याले लय सृजना गर्छ भने अनुप्रास र शब्दको संयोजनले ध्वनि सृजना गर्ने गर्छ । गीतमा एउटै स्वरवर्ण तथा व्यञ्जन वर्णको आवृतिले अनि पद तथा पदावलीको आवृतिका कारण सङ्गीत सिर्जना हुने पर्छ । गीतमा पूर्ण अनुप्रासको प्रयोग सङ्गीत सिर्जना दृष्टिले बढी महत्त्वपूर्ण हुन्छ । स्थानका आधारमा पनि अनुप्रासलाई वर्गीकरण गरेको पाइन्छ । यस आधारमा हेर्दा अनुप्रास र सुरूमा आए आद्यानुप्रास, बिचमा आए मध्यानुप्रास र अन्त्यमा आए अन्त्यानुप्रास हुन्छ । एउटै पङ्क्तिको बिचबिचमा परेको अनुप्रासलाई चाहि आन्तरिक अनुप्राय भनिन्छ । गीतमा तुलनात्मक रूपमा अन्त्यानुप्रासको प्रयोग बढी भएको पाईन्छ ।[३६] लेखेर मात्र हुदैन गीत र शब्दको सिरानी हालेर सुतिरहन्छ, सङ्गीतले त्यसलाई उठाउछ । र गायनले दौडाउँछ ।[३७] गीतको सोभ्को सम्बन्ध ध्वनिसँग नै हुन्छ । ध्वनिमा मिठासता, मधुरता कर्णप्रियता भएमा गीत सफल र सबैलाई मनपर्ने खालको बन्छ ।

**गीतका ध्वनि सङ्गीत सम्बन्धी केही उदाहरणहरू :**

क) आद्यानुप्रास :

अल्भ्केछ क्यारे पछ्यौरी तिम्रो चियाको बोटम ।
बल्भ्केछ क्यारे सुनको काढाँ कलिलो खुट्टामा ॥

**- स्व. भूपि शेरचन**

---

३६ कृष्णहरि बराल, गीत सिद्धान्त र इतिहास, पूर्ववत् पृ. ४० ।

३७ नवराज लम्साल, पूर्ववत् ।

(ख) मध्यानुप्रास :

उदास मेरो जीवन कथा कसैलाई भनिन ।
यो जन्मभरि रहेको व्यथा त्यो पनि भनिन ।

**- भैरवनाथ रिमाल 'कदम'**

(ग) अन्त्यानुप्रास :

मलाई नसोध कहाँ दुख्छ घाउ
म जे छु ठीकै छु विथोल्न नआऊ

**- स्व. हरिभक्त कटुवाल**

(घ) आन्तरिक अनुप्रास :

स्वर्गकी रानी मायाकी खानी नजाउ तर्केर
लाजै नमानी रिसाउने बानी छाडीआउ फर्केर

- रत्नसमसेर थापा

माथिका उदाहरणहरू मध्ये 'क' मा अल्भेछ क्यारे र बाल्भेछ क्यारे आन्तरिक अनुप्रासका रूपमा 'ख' मा कथा र व्यथा मध्यानुप्रासका रूपमा 'ग' मा घाउ र नआउ अन्त्यानुप्रासका रूपमा र रानी खानी, नमानी बानी आन्तरिक अनुप्रायका रूपमा आएका छन् । त्यस्तै गीतमा धेरै प्रकारका अनुप्रास समावेश गरेको पनि पाइन्छ जसको एउटा उदाहरण :

एउटा मान्छेको मायाले कति फरक पार्दछ जिन्दगीमा
एउटा साथीको साथले कति फरक पार्दछ जिउनुमा

**- स्व. चाँदनी शाह**

माथिको उदाहरणमा मान्छे र साथी तथा माया र साथ मात्र पहिलो र दोस्रो पङ्क्तिमा फरक शब्द छन् अरू सबै अनुप्रासको रूपमा आएका छन् । तर मान्छेको माया र साथीको साथ लाई आन्तरिक अनुप्रासको रूपमा पनि लिन सकिन्छ । त्यसैले यो अनुप्रासको उत्कृष्ट नमुना हो ।

यसरी गीतलाई सङ्गीत दिनका लागि शब्दका साथै अनुप्रासको पनि महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । हुन त कतिपय अनुप्राय विहीन गीतहरू पनि यदाकदा रचना भएको पाइन्छ तर त्यसले आन्तरिक सङ्गीत दिन सक्दैन र त्यस्ता गीतहरू जीवन्त तथा

कालजयी हुन सक्दैनन् । अनुप्राय पहिलो र दोस्रो पङ्क्तिमा दोस्रो र चौथो पङ्क्तिमा तथा पहिलो र तेस्रो पङ्क्तिमा पनि पाइन्छ । विभिन्न गीतकारहरू र उनीहरूले प्रयोग गरेको आधारमा त्यसको निर्धारण हुन्छ । जे भए पनि सरल किसिमले अनुप्राय प्रयोग गरी ध्वनि सङ्गीत राम्रो भएमा नै त्यसले लोकप्रियता प्राप्त गर्न सक्छ र मर्मस्पर्शी बन्न सक्छ । पूर्वीय साहित्य सिद्धान्तमा ध्वनिलाई रसध्वनि, वस्तुध्वनि र अलङ्कार ध्वनि गरी विभाजन गरेको पाइन्छ ।[३८] गीतमा प्रयुक्त ध्वनिलाई अनुप्राससँग मात्र हेर्दा पनि अलङ्कार त्यसमा आउछ नै त्यसपछि रस पनि हुन्छ र बिम्ब अनुसार बस्तु ध्वनि पनि उपस्थित हुन्छ ।

### २.४.५.१ बिम्ब

बिम्ब भनेको कुनैपनि बस्तुको मानसिक प्रतिच्छायाँ हो अर्थात् कुनै पनि अमूर्त वस्तुको हाम्रो मनमा जुन मूर्त रूप खडा हुन्छ त्यो नै बिम्ब हो । कुनैपनि वस्तुको नाम आउनासाथ हाम्रो मनमा त्यो बस्तुको आकार प्रकार रूप रङ निर्माण हुन्छ र सादृश्य बन्छ ।

सामान्य अर्थमा कुनै बस्तु, कार्य, भाव, विचार तथा संवेगमय मानसिक तस्विरहरूलाई प्रतिनिधित्व गर्ने भाषिक एकाइलाई बिम्ब भनिन्छ ।[३९] कुने कृतिमा मुख्य कथ्य अर्थको सहचर प्रतिच्छायाका रूपमा आउने अर्को सहप्रस्तुत वा सहवर्ती अर्थ बिम्ब हो ।[४०] बिम्ब खासगरी इन्द्रियजन्य कुरा हो अर्थात् इन्द्रियले भोग चलन गर्ने कुराहरू बिम्बमा उपस्थित हुन्छन् । कुनै भनाइलाई सादृश्यात्मक बनाउन बिम्ब रचनाको मूल उपकरण हुन्छ । प्रत्येक उपमानको आफ्नो बिम्ब हुन्छ र यसले भावनालाई मूर्तता प्रदान गर्न सहयोग पुऱ्याउँछ । बिम्ब अमूर्त बस्तु तथा कुनै वस्तुको मानवीकरण भएर पनि बन्ने गर्छ । बिम्बलाई ऐन्द्रिकताका आधारमा दृश्यात्मक, गन्धसम्बन्धी, स्पर्शसम्बन्धी, श्रव्यात्मक, स्वादसम्बन्धी र गति सम्बन्धी गरी विभिन्न वर्गमा बाँडिएको पाईन्छ ।[४१] जसको केही उदाहरणहरू :

क) माछापुछ्रे फेवातालमा पौडी खेल्दो रै'छ ।
पोखरा त साँच्चिकैको पोखरा नै रै'छ ।

**- प्रेम प्रकाश मल्ल 'मधुकर'**

---

३८ केशवप्रसाद उपाध्याय, पूर्वीय साहित्य सिद्धान्त, (लालितपुर : साझा प्रकाशन, २०६१), पृ. १९९ ।

३९ कृष्णहरि बराल, पूर्ववत् पृ. ४३ ।

४० वासुदेव त्रिपाठी र अन्य (सम्पा), पूर्ववत् पृ. २० ।

४१ कृष्णहरि बराल पूर्ववत् पृ.४४ ।

ख)  त्यसै कति विते मेरा चिसाचिसा रातीहरू
तातो माया सँगालेर खोजी रहें साथीहरू

**- क्षेत्र प्रताप अधिकारी**

ग)  आमा मरेँ म भन्दै ऊ सहीद भएर बाँच्यो

**- कृष्णहरि बराल**

माथिका उदाहरणहरूमा 'क' मा गीत सुन्दा मनमा पोखरा माछापुछ्रेको दृश्य आउँछ 'ख' मा चीसा रातको स्पर्श आउँछ अनि 'ग' मा भावनाको स्पर्श आउँछ अर्थात् उक्त कुराहरू बिम्बात्मक छन् । सुन्नासाथ वा पढ्नासाथ मनमा बिम्ब उत्पन्न हुन्छ ।

### २.४.५.२ प्रतीक

प्रतीक बिम्बकै विशिष्ट रूप हो । किनभने खास धारणा व्यक्त गर्ने बिम्बलाई नै प्रतीक भनिन्छ प्रतीकले आफ्नो बास्तविक अर्थलाई अर्को बस्तुमा आरोपित गरी गीतको कुनै पङ्क्ति अनुच्छेद वा पूरै गीतलाई नै पनि ध्वन्यात्मक बनाइदिन्छ । प्रतीकलाई परम्परित वा सार्वजनिक तथा व्यक्तिगत, विश्वव्यापी अनि स्थानीय गरेर वर्गीकरण गरेको पाईन्छ ।[४२] प्रतीक विशेष अर्थ प्रयोग गर्न विशेष अवस्थामा उपस्थित हुन्छ र यसको अर्थ साहित्यिक हुन्छ ।

'रातो गुलाफ' भन्नासाथ हाम्रो मनमा एक प्रकारको गुलाफको फुलको बिम्ब बन्छ त्यही बिम्बको विशिष्ट अर्थ लगाउने काम प्रतीकको हुन्छ र रातो गुलाफलाई प्रेमको प्रतीकको रूपमा लिइन्छ । 'बुद्ध' भन्नासाथ हाम्रो मनमा ज्ञानी, ध्यानी, तपस्वी, बुद्धको प्रतिच्छायाँ उपस्थित हुन्छ र बुद्ध शान्तिको प्रतीक हुन् भन्ने अर्थ भन्ने अर्थ बुझिन्छ । बिम्बको अर्थ अभिधात्मक हुन्छ भने प्रतीक व्यञ्जनात्मक हुन्छ । बिम्बबाट नै प्रतीकलाई स्पष्ट गर्न सकिन्छ । प्रतीक सम्बन्धी केही उदाहरणहरू :

क)  अगेनीको ओदान हो विधवाको छाती
दिनभरी पोलीराख्छ बल्नथाल्छ राती

**- दिनेश अधिकारी**

---

४२  पूर्ववत पृ. ४८

ख)	चित्त शुद्ध होस् मेरो बोली बुद्ध होस्

मेरो पैतालाले कीरै नमरोस् ।

**- आनी छोइङ् डोल्मा**

माथिका उदाहरण मध्ये 'क' मा ओदनलाई इच्छा चाहना को प्रतीकका रूपमा लिइएको छ भने 'बुद्ध' लाई सत्यताको प्रतीकमा लिइएको छ ।

### २.४.६ अलङ्कार

साहित्यिक कृतिहरूमा अलङ्कार महत्त्वपूर्ण स्थान रहेको हुन्छ । त्यसमा पनि कविता सबैभन्दा बौद्धिक, आलङ्कारिक र ओजपूर्ण विधा हो । गीतलाई फुटकर कविता समकक्षी रूपमा लिइने हुँदा यसमा पनि अलङ्कार प्रयोग गरिन्छ र अलङ्कार साहित्यको गहना हो यसले गीतलाई सुन्दर, आर्कषक र मर्मस्पर्शी बनाउँछ ।

अलङ्कारको सम्बन्धमा पूर्वीय आचार्यहरूले व्याख्या गरेका छन् । जसमध्ये आनन्दवर्धनले अलङ्कार भनेको लौकिक आभुषण झै अङ्गी (रस) को सौन्दर्यको साधन हो भनेका छन् । मम्मट र विश्वनाथले हार, बाला आभुषण जस्तै गहना भनेका छन् भने जगन्नाथले काव्यको आत्मा रसको सौन्दर्यको कारक मानेका छन् ।[४३] अलङ्कार लाई शब्दशक्ति (अभिधा, लक्षणा, व्यञ्चना)

का आधारमा बाच्यार्थप्रधान (स्वाभावोक्ति र समुच्चय) लक्ष्यार्थप्रधान (अतिशयोक्ति, उत्प्रेक्षा आदि) गरी तीन भागमा बाँडेको पाइन्छ । रूप्येकले अर्थालङ्ककारलाई सात भागमा वर्गीकरण गरेका   छन् । नेपाली गीतमा प्रयोग हुने अलङ्कारहरू निम्नानुसार छन् ।[४४]

क) उपमा	ख) रूपक	ग) अपन्हुति	घ) अतिसयोक्ति	ङ) विशेषोक्ति

च) सन्देह	छ) लोकोक्ति	ज) असङ्गति	झ) विरोधभाष	ञ) उत्प्रेक्षा

ट) विभावना	ठ) व्यतिरेक	ड) निदर्शना अलङ्कार

---

४३	केशवप्रसाद उपाध्याय, पूर्ववत् पृ. ९८ ।

४४	कृष्णहरि बराल, पूर्ववत् पृ. ९८ ।

अलङ्कार प्रयोग भएको एउटा गीतको उदाहरण :

ऋतुहरूमा तिमी हरियाली बसन्त हौ ।
नदीहरूमा तिमी पवित्र गङ्गा हौ ।
- राजेन्द्र थापा

## २.५ गीतका विशेषताहरू

कुनैपनि कुराको बनोट, रूपरङ, स्वभाव आदिका आधारमा त्यसको विशेषता पहिल्याई विधा छनोट गर्न सकिन्छ । कुनैपनि विधाको आफ्नै प्रकारका विशेषताहरू रहेका हुन्छन् । यीनै विशेषताको कारणले नै एक अर्काबाट विधागत फरकपन रहन्छ साहित्यका अन्य विधाहरू जस्तै गीतको पनि आफ्नो प्रकारका विशेषताहरू रहेको छन् ।

भाषालाई माध्यम तुल्याउने साङ्गीतिक भावाभिव्यक्तिका रूपमा रहेको गीत विधा बाद्य र मौखिक सङ्गीतिक सहचारीका रूपमा अगाडि बढेको पाइन्छ । एउटै बक्ताको भाव तथा मनस्थिति सरलताका साथ अभिव्यक्त भएको अनुभूतिप्रधान त्यस्तो अआख्यानात्मक तथा अनाटकीय आत्मपरक रचनालाई गीत भनिन्छ जुन सङ्क्षिप्त हुनाका साथै खास प्रकारको लय तथा सङ्गीत व्यवस्थामा आबद्ध हुन्छ ।[४५] आत्मपरक भाव शैलीमा लेखिने सङ्क्षिप्तता र आख्यान विहिनता र एकान्विति बैयक्तिकता तथा इमानदारिता आदि गीतका विशेषताहरू छन् जसको सङ्क्षिप्त व्याख्या तल गरिन्छ ।

### २.५.१ आत्मपरकता

कुनैपनि साहित्य आत्मपरक तथा बस्तुपरक शैलीबाट लेखिने गरिन्छ । व्यक्तिगत अनुभव तथा संवेग प्रस्तुत गर्नुलाई आत्मपरक शैली भनिन्छ । आत्मपरकता गीतको महत्त्वपूर्ण विशेषता हो । गीतमा गीतकारले आफ्ना व्यक्तिगत विचार तथा अनुभवहरूको प्रकटीकरण संवेगात्मक रूपमा गरेको हुन्छ । गीतमा गीतकार बोलिरहेको हुन्छ । सांसारिक कुराहरू भोगाइको तराजुमा जोखी जीवन गुजाराको डोरीमा कसी उसले आफ्ना निजी धारणा व्यक्त गरिरहेको हुन्छ ।

---

४५ कृष्णहरि बराल, पूर्ववत्, पृ. ४६ ।

गीत आत्म प्रकाशनको अभिव्यक्ति हो । आफ्नो आत्मा वा हृदयतलका अन्तरकुन्तरमा रहेका कुराहरू खोतलेर अभिव्यक्त गर्ने काम गीतकारले गर्छ । आफ्ना भावनाहरू छामेर व्यक्त गर्ने भएकाले गीतलाई मनोवेग पनि भनिन्छ । मनका भाव तरेलीहरू समाज हेराइका परेलीहरूको आत्मपरक शैलीमा व्यक्त गरिएको संवेगात्मक प्रस्तुति नै गीत हो गीतकारले आफ्नो रचनाभित्र बस्तु सत्यलाई पनि आत्मपरकताको ढङ्गले उदघाटन गर्दछ अर्थात गीतकार कहिले पनि तटस्थ भएर गीत सिर्जना गर्दैन । गीत भावका पुञ्ज भएकाले बाहिरी घटनाका कुराहरू पनि भावनाको कसीमा बाधिने हुँदा गीतमा आत्मरकता हुन्छ ।

गीतमा गीतकार प्राय 'म' र 'हामी' को रूपमा प्रस्तुत हुनेहुँदा सम्पूर्ण कुराम उसको संलग्नता रहन्छ त्यसकारण गीत आत्ममरक बन्छ । यदाकदा बस्तुपरक रचना भएपनि आत्मपरकतामा जस्तो भाषिक खेल स्वभाविकता हुँदैन त्यसकारण आत्मपरकता गीतको एक महत्त्वपूर्ण विशेषता हो । आत्मपरक गीतको उदाहरण :

(क) देशले रगत मागे मलाइ बली चढाउनु
रुँदिनन् मेरी आमा उ नेपालीकी छोरी
- गोपाल योञ्जन

(ख) पिरतीले हँसायो, पिरतीको नचायो
आजफेरी निर्दयी यो पिरतीको रुवायो ।
- रमण घिमिरे

## २.५.२ सङ्क्षिप्तता

गीत अनुभूतिको एक झोक्का मात्र हो । गीतलाई एक झर वर्षा सँग पनि तुलना गरिन्छ । त्यसैले गीत सङ्क्षिप्त आयाम भएको रचनाविशेष  हो । गीतमा लम्बाई थप्दा त्यो कृत्रिम र बस्तुपरक बन्न सक्छ ।

गीतलाई फुटकर कवितासँग दाँजिन्छ । फुटकर कवितामा जस्तै जीवनको कुनै एउटा क्षण वा एउटा घुम्ती गीतमा हुन्छ । गीत खहरेको एउटा भङ्गालो जस्तो हुन्छ । गीत यति नै आयामको हुनुपर्छ भन्ने त केही छैन तर सामान्यतया ६ देखि १० पङ्क्ति भएको र

४, ५ मिनेटमा गाउन सक्ने खालको हुनुपर्छ । गीत गीतकार अनुसार र उसको शैली अनुसार केही थोरै धेरै आयामको हुनसक्छ ।

गीतसङ्गीतसँग सम्बन्धित विधा भएकाले सङ्गीतको धुनको वगाई ढीलो या चाँडो हुँदापनि गीतको आयाममा फरक पर्न सक्छ । गीतमा साहित्यका अन्यविधामा जस्तै लेखकले अनेक उदाहरण दिनुपर्ने र हरेक कोणबाट पुष्टि गर्नुपर्ने आवश्यकता गीतमा पर्दैन त्यसैले गीत सङ्क्षिप्त आयामको हुन्छ । गीत अनुभूतिको छोटो मिठो संवेगात्मक प्रस्तुति भएकाले गागरमा सागर अटाउनुपर्ने स्थिति गीतमा हुन्छ र आँफैमा सङ्क्षिप्त र पूर्ण हुन्छ । सङ्क्षिप्त गीतको एक उदाहरण तल प्रस्तुत गरिएको छ :

यति धेरै मान्छेहरूको भीडमा
एउटा मान्छे छ मेरो मनमा

गाजल टीका चुरा उसैको
सोह्र शृङ्गार पनि उसैको
किन यस्तो हुन्छ मेरो तनमा
एउटा मान्छे छ मेरो मनमा

नाचुँझैँ लाग्छ तालमा उसैको
झुमुझैँ लाग्छ सुरमा उसैको
किन होला छैन मन बसमा
एउटा मान्छे छ मेरो मनमा

- आलोकश्री

(मल्लिका एल्बमबाट)

### २.५.३ आख्यानात्मकता/आख्यान विहीनता

पुराना लोकगीत गाथा र सवाईहरूमा आख्यानतत्व प्रवल हुने गर्थ्यो । गाइनेहरूले सारङ्गी रेटदै एक ठाउँको छटनाक्तम अर्को ठाउँमा पुऱ्याउने गरेको पाइन्छ । त्यस समयका

गीतहरूमा आख्यान बढी नै हुने गर्थ्यो भने आधुनिक नेपाली गीतमा आख्यानको कमी हुँदै गएको पाइन्छ ।

गीत एउटा निश्चित सानो घटनाको व्याख्या भएकाले त्यसमा त्यति प्रवल आख्यान त हुँदैन तर कुनै पनि घटना हुनको लागि कार्य कारण सम्बन्ध रहन्छ । गीतमा जन्मेदेखि नमरून्जेल सम्मको व्याख्या नभई जीवनको एउटा सानो घुम्तीको व्याख्या हुन्छ । त्यो घुम्तीमा घटेको घटनाको व्याख्यान हुन्छ गीतमा हुन्छ । त्यसैले गीतमा आख्यान हुनुहुँदैन भन्ने र आख्यान हुन्छ भन्ने मत पाइन्छ ।

आख्यान भनेर जीवनको सर्वाङगीर्ण व्याख्या हुँदैन र आख्यान विहीनता भनेर आख्यान नै नभएको हुँदैन गीतमा एउटा छोटो मिठो घटनाक्रम व्याख्या हुन्छ चाहे त्यो सुखान्त होस् वा दुखान्त गीतमा कुनै घटना विषय अनुभूति विचारको सङ्क्षिप्त उल्लेख हुन्छ यही आधारमा स्रोता वा पाठकले त्यसको अर्थ लगाउँछन् । हरेक गीतले एउटा कथा बोकेको हुन्छ भनिन्छ र त्यही आधारमा आजभोलि म्यूजिक भिडियो बनिरहेका छन् । आजभोलि आख्यान स्पष्ट भएका तथा आख्यान नभएका वा नबुझिने गीतहरू पनि रचना भएरहेका छन् । आख्यान स्पष्ट भएमा सोझै कथा भनेजस्तो गीत भन्नुभन्दा पनि भाव व्यक्त गर्नु गीतको उद्धेश्य हुन्छ । प्रत्यक्ष आख्यान भएमा भाव तथा अनुभूतिको पोखाइ शिथिल बन्न पुग्छ । त्यसैले आख्यान भएका र नभएका गीतहरू रचना गरिन्छ ।

### २.५.४ एकान्विति

एकान्विति भन्नाले कुनै घटनाक्रम वा विषयवस्तु अगाडि बढाउँदा एउटै क्रम हुने र एउटै विषय हुने भन्ने बुझिन्छ । साहित्यका अन्य विधामा भन्दा गीतमा एकान्विति बढी हुन्छ । अन्य विधामा पात्र तथा घटनामा एकान्विति हुन्छ तर गीत अनुभूतिको एक भङ्गालो भएकाले यसको प्रस्तुतिमा एकान्विति हुनु जरूरी छ । एकान्विति भनेको एउटै अन्विति क्रममा अघि बढेको हो र गीत एउटा कुनै खास विषयमा लेखिने हुँदा एउटा गीतमा एउटा मात्र विषय हुन्छ । यही नै एकान्विति हो ।

गीतमा कुनै पृष्ठभूमि आग्रह पूर्वाग्रह वा पूर्व योजना हुँदैन । गीतको स्थायी जे जस्तो विषयमा सुरू भएको हुन्छ, त्यसको अन्तराले त्यसलाई पुष्टि गर्दै जान्छ । गीत जुनसुकै विषयमा पनि लेखिन सक्छ तर एउटै गीतमा धेरै विषयवस्तु समावेश हुनु हुँदैन । यस्तो भयो भने गीतको भावपक्ष कमजोर हुनपुग्छ र त्यसले स्रोता तथा पाठकको मन

आर्कषण गर्न सक्दैन । त्यसैले गीतको अर्को विशेषता एकान्विति पनि हो । माया प्रेमको भाव भएको गीतमा देशप्रेम, वीरता जस्ता कुराहरू पाउन सकिँदैन त्यस्तै देशभक्तिका ( स्वदेशगान) गतीमा इश्वरभक्ति (भजन) पाउन सकिँदैन । गीत एउटै अन्विति क्रममा अगाडि बढिरहेको हुन्छ । यसमा विषयवस्तु तथा भाषाशैली स्थायीमा जस्तो प्रस्तुत गरिन्छ, अन्तरा पनि त्यही अनुरुप अगाडि बढ्छ । स्थायीले उठाएको विषयवस्तु अन्तरामा एकान्विति रुपले बगिरहेको हुन्छ । एउटा गीतको उदाहरण :

यति धेरै माया दिई मनभरि दु:ख नदेऊ ।
बाटो वरपर फूल्ने पलाँस टिपी शिरमा नलाऊ ॥

जो भाग्यमा कोरिएका सुखदुख स्विकार छन् ।
केही तिता पल केही मिठा पल सबै सबै स्विकार छन् ॥
यी हातहरू अस्वस्थ छन् भो सहारा मलाइ नदेऊ ।

यो बाटोमा कति काँडा कति फूल टिपि दिएँ ।
कति पराइ आफ्ना देखेँ कति आफ्नो पराई देखे ॥
यो जिन्दगीको मोडमा भो सहारा मलाइ नदेऊ ।

- दिपक जङ्गम

### २.५.५ वैयक्तिकता

वैयक्तिकता गीतको अर्को महत्वपूर्ण विशेषता हो । वैयक्तिकता भन्नाले लेखकको आफ्नो व्यक्तिगत विचार अनुभूति गीतमा पोखेको भन्ने बुझिन्छ । गीतमा जे जस्तो भाव हुन्छ त्यो लेखकको नीजि धारणा हो । गीतमा द्वैध अर्थ लाग्ने खालको विषयवस्तु समावेश भयोभने त्यसले आलोचना खेप्नु पर्छ ।

साहित्यका अन्य विधामा पात्रहरू धेरै हुनेहुँदा त्यसमा के कस्तो दृष्टिविन्दु प्रयोग छ अथवा लेखकको विचार कहाँनेर छ भन्ने थाहा पाउन गाह्रो हुनसक्छ तर गीतमा सोझै लेखकको भावना बोल्ने गर्छ । गीतमा प्राय: प्रथम पुरूष (म, हामी) प्रयोग हुन्छ अनि अलि कम द्वितिय पुरूष (तिमी) प्रयोग हुन्छ र कम मात्रामा तृतीय पुरूष (उ) प्रयोग हुन्छ । जुन पुरूष प्रयोग गरेपनि त्यहाँ प्रथम पुरूष लुप्त हुन सक्दैन र लेखकको वैयक्तिकता ओझेल पर्न पाउँदैन ।

गीतमा व्यक्त हुने धारणा लेखकको आफ्नै धारणा हुन्छ र सर्वाधिकार पनि लेखकमा नै हुन्छ । सांसारिक जीवनका यावत् कुराहरू उल्लेख गरेपनि लेखकले व्यक्तिगत भोगाइको दृष्टिमा राखेर व्यक्त गर्छ त्यसकारण वैयक्तिकता पनि गीतको विशेषता हो । सांसारिक जीवनको चालढाल, जीवन पद्धति, सामाजिक भेदभाव, उचनीच, हाँसो रोदन, मिलन विछोड जस्ता कुराहरू लेखकले आफूमा समायोजना गरेर गीत लेख्ने हुँदा वैयक्तिकता गीतको विशेषता हो ।

वैयक्तिकता लेखकको व्यक्तिगत भावना भएकाले त्यसै अनुरुप कायम हुन्छ । हरेक गीत अनुभूतिको तराजुमा जोखी वैयक्तिक कसीमा बाँधिएर लेखेको पाइन्छ । वैयक्तिकता रहेको गीतको उदाहरण :

(क) म भक्त हुँ यो देशको, म रक्त हुँ यो देशको ।
कहिले पछि नहट्ने म शक्ति हुँ यो देशको ।
- कृष्णहरि बराल

(ख) आँखा छोपी नरोऊ भनि भन्नुपऱ्या छ ।
मुटुमाथि ढुङ्गा राखी हास्नु पऱ्या छ ।
- कालीप्रसाद रिजाल

गीत सिर्जनामा सौन्दर्य र जीवन्तताका लागि त्यसका तत्त्व तथा विशेषताहरूको ख्याल राखी रचना गर्नु सान्दर्भिक देखिन्छ । आजभोलि प्रकृतिको मानवीकरण गर्ने, अर्थगत गाम्भिर्य, विभिन्न बिम्ब, प्रतीक तथा अलङ्कारको प्रयोग गर्ने प्रचलन बढी पाईन्छ । फूलसँग जूनसँग प्रेमी, प्रेमिकालाई दाँज्ने, भोगाइ र हेराइको दृष्टिकोणबाट जिन्दगीको अर्थ लगाउने, ऋतु तथा प्रकृतिको वर्णन, अनुभूति, कल्पना जस्ता कुराहरू गीतसङ्गीतमा बढी पाइन्छन् । त्यस्तै स्वदेश गान, भजन कीर्तन जस्ता गीतहरू पनि रचना भइरहेकै छन् ।

गीतमा अर्थ गाम्भिर्य पनि रहेको हुन्छ । भावमय रूपबाट कुनैकुराको वर्णन भएमा त्यस्तो गीत राम्रो हुन्छ । हिजो आजका गीतहरू भन्दा पुराना गीतहरूमा अर्थमा गम्भिर पाइन्छ त्यसैले त्यस्ता गीतहरू बढी कालजयी पनि छन् । गीत अभिधा अर्थमा राम्रो होस् अनि त्यसको अर्थ लगाउँदै जाँदा व्यञ्जनासम्म झन् विशिष्ट बन्दै जाओस् अनिमात्र गीत

जीवन्त बन्दछ । त्यसैले गीतको अर्थमा गम्भिरता हुनु जरूरी छ । गीतमा सबैभन्दा बलियो पक्ष सङ्गीत पक्ष हुनु पर्छ जसमा लय र ध्वनि पर्दछन्, त्यसपछि शब्द उत्कृष्ट, भाषा सरल र सहज हुनुपर्छ । अन्य तत्त्वहरूको समुचित प्रयोग गरिएको खण्डमा गीत उत्कृष्ट बन्छ ।

सुगम सङ्गीतको क्षेत्रमा आजभोलि अत्यन्त लोकप्रियता बढेको छ । कविता समकक्षी गीत सरल, सहज, पाठ्य, श्रव्य र सञ्चारको माध्यमको विकासले गर्दा पनि गीतसङ्गीतको विकास र विस्तार हुँदै गइरहेको छ ।

## २.६. गीतको वर्गीकरण

परम्परागत रूपमा गीत र गायनको क्रम हुर्किदै हुर्किदै आएको छ । पूर्वीय साहित्यमा गीतको विकास छन्दको लयहरूसँगै भएको पाइन्छ । संस्कृत साहियमा कालीदासको 'मेघदूत' जस्ता काव्यहरू र तत्कालीन नाटकहरू पनि पद्यमा राचिएकाले वैदिक ऋचा हुँदै उत्पत्ति भएको गीतले केही विकास हुने अवसर पायो । संस्कृत साहित्यमा जय देवको 'गीत गोविन्द' पहिलो गीति काव्य मानिन्छ ।

'गीत गोविन्द' पछि पूर्वीय साहित्यमा जगन्नाथको 'अमृत लहरी' 'गङ्गा लहरी' जस्ता कृतिहरू तथा अन्य साहित्यकारहरूको काव्यात्मक कृतिमा पनि गीतको छनक पाउन सकिन्छ । त्यस्तै विभिन्न धार्मिक वाङ्मयहरू, आरती भजन सङ्ग्रह हुँदै गीत विधाको विकास र विस्तार हुँदै गएको पाइन्छ ।

नेपाली साहित्यमा गीत सबैभन्दा पहिले लोकसाहित्यबाट विकास भयो र विस्तारै यसको विधागत विविधता देखापरेको पाइन्छ । गीत खासगरी कविता विधाबाट छुट्टिएकोले यसको सम्बन्ध कविता र छन्द व्यवस्थासँग रहन्छ । वैदिक साहित्यमा गायत्री, त्रिष्टुप, जगति, अनुष्टुप्, पङ्क्ति, बृहती, उष्णिक गरी सात छन्दको प्रयोग पाइन्छ भने लौकिक साहित्यमा अनेकौँ छन्दको उल्लेख पाइन्छ ।[४६] छन्दका प्रकारहरू वार्णिक, मात्रिक, लोक छन्द र बहर हुँदै गीतको विकास भएको पाइन्छ ।

वार्णिक छन्द वर्णहरूको गण व्यवस्थाबाट निर्धारण हुन्छ भने मात्रिक छन्द मात्राहरूबाट निर्धारण हुन्छ । लोक छन्द लोक परम्परा अनुसार चलिआएका लोकगीतहरू

४६ देवी नेपाल, छन्द पराग, (काठमाडौं : भुँडीपुराण प्रकाशन, २०६६), पृ. ११ ।

पर्दछन् भने बहरमा गजलका मुक्त तथा बद्ध छन्दहरू पर्दछन् । आधुनिक गीत चाहिँ गजलका बहर सँग नजिक देखिन्छ । यसको छुट्टै विधागत व्याख्या त पाइँदैन तर आधुनिक गीतको आदिस्रोत लोकगीत नै हो । अहिले आएर गजल पनि सङ्गीतमा ढालेर गाउन थालिएकोले गीत र गजल उस्तै उस्तै मानिन्छ । गीतका प्रकारहरूलाई सङ्क्षेपमा निम्नानुसार राख्न सकिन्छ ।

### २.६.१ लोकगीत

लोकगीत लोक जनजीवनमा प्रचालित सर्वप्रिय र प्राचीन विधा हो । यो अन्य गीतहरूका तुलनामा सरल, सहज हुन्छ । लोकगीत मौखिक परम्परामा हुर्किंदै आएको विधा हो । पछि सञ्चारको माध्यम विकास भएपछि स्थानीय क्षेत्रमा प्रचलित गीतहरूलाई टिपेर गायन र प्रकाशन प्ररम्भ भयो भने आजभोलि लोक शैलीमा रचना गरी गीतहरू निकाल्ने परम्परा चलेको छ । वास्तवमा खास लोकगीत लोकसाहित्य अन्तर्गत पर्छ र यो व्यक्तिद्वारा रचना भएको स्वीकार्य हुँदैन ।

लोकगीतका प्रकारहरू धेरै छन् र यी नै प्रकारहरूसँग कहीँ कतै मेल खुवाइ आजभोलि धमाधम गीत रचना भैरहेको पाइन्छ । नेपाली लोकगीतको वर्गीकरण र प्रकार निर्धारणमा एकैमत रहेको पाइँदैन । यसरी विभिन्न विद्वानहरू बिच गीतको वर्गीकरणका सम्बन्धमा मत भिन्नता हुनुको कारण प्रकार छुट्याउने निश्चित आधारको अभाव नै हो । लोकगीतलाई विभिन्न विद्वानहरूले विभिन्न किसिमले वर्गीकरण गरेका छन् । लोकसाहित्यको अहिलेसम्म गरिएका वर्गीकरणबाट समग्र लोकसाहित्यको प्रकार निर्धारण हुन सकेको देखिँदैन भनी केही विद्वानहरूले आफ्नो मत अघि सारेका छन् । लोकगीतको वर्गीकरण गर्न सकिने जति सबै आधारहरूलाई प्रयोग गरेर नेपाली लोकगीतको वर्गीकरण गर्दाको स्थिति निम्नानुसारको देखिन्छ ।[४७]

क) अञ्चल, जिल्ला, क्षेत्र आदिका आधारमा लोकगीतका प्रकार

ख) स्वरूपको आधारमा

ग) जातीय आधारमा

घ) कार्यमूलक आधारमा

---

४७ कृष्णप्रसाद आचार्य, पूर्व अधुनिक नेपाली साहित्य, लोक साहित्य र आधुनिक नेपाली निबन्ध, (काठमाडौं : क्षितिज प्रकाशन, २०६३) पृ.३४३ ।

ङ) उमेरका आधारमा

च) लिङ्गका आधारमा

छ) प्रस्तुतीकरणका आधारमा

ज) रसको आधारमा

झ) सहभागिताका आधारमा

ञ) सन्दर्भका आधारमा

ट) भाषिक आधारमा

ठ) शिल्पका आधारमा

ड) समयका आधारमा र

ढ) विषयका आधारमा

लोकगीत गीतहरूमा सबैभन्दा जेठो विधा हो । यसको भाषा सामान्यतः सरल, सहज र प्रत्यक्ष भाव हुन्छ त्यसकारण यो सबैले सजिलै बुझ्न सक्ने हुँदा यो लोकप्रिय रहेको छ । आजभोलि कोठामा बसेर रचना गरिएका कोठेगीतलाई पनि लोक धुनमा ढालेर त्यसलाई लोकगीत भनिन्छ । वास्तवमा लोकगीत भन्नाले परापूर्वदेखि चलिआएका र मौखिक परम्परामा हुर्किएका गीतहरू नै पर्दछन् । सञ्चारको माध्यम विकास भएपछि परम्परामा हुर्किएका, लोक जन जीवनमा रहीआएका गीतहरूलाई सङ्कलन गरी स्वर दिइ प्रकाशन र प्रसारण गरियो ती नै लोकगीत हुन् ।

त्यसबाहेक हाम्रा कैयौँ संस्कारहरू, पर्वहरू, रीतिरिवाज परम्पराहरू रहेका छन् त्यस्ता अवसरमा पहिलेदेखि गाइदै आएका गीतहरू पनि लोकगीत अर्न्तगत पर्दछन् । हाम्रा हरेक चाडपर्वहरू, रीति रिवाज तथा संस्कारहरू कहिलेदेखि चले भन्ने कुराको यकिन नभएकाले ती परम्परागत संस्कारहरू पनि लोकसाहित्यमा पर्दछन् र त्यस्ता अवसरमा गाइने गीतहरू लोकगीत अन्तर्गत पर्दछन् । नेपालमा प्रचालित विभिन्न लोकगीतहरू मध्ये मागल, सगुन, फाग, पहेली, भोलाउलो, गौरा, सैरेली, तिजे, मालसिरी, देउसी, भैलो, फागु, वसन्त, जेठे, असारे, दाइँ, रोपाइँ, शिशु, बाह्रमासे, देउडा, झ्याउरे, सालैजो, रोइला, ख्याली, चुड्का, सँगिनी, सिलोक, हाकपारे आदि मुख्य छन् ।[४८] यसबाहेक सवाई, सेलो, भोसो, चाँचरी जस्ता गीतहरू पनि लोकगीत विधा भित्र पर्दछन् । लोकगीतका धेरै रूप भएपनि झ्याउरे, देउडा,

---

४८ ऐजन् ।

सालैजो र तिजे गीत बढी प्रचालित छन् । सबैभन्दा बढी त दोहोरी गीत नै प्रचालित भएको पाइन्छ ।

### २.६.२. आधुनिक गीत

सुगम सङ्गीतका रूपमा परिचित आधुनिक गीत आजभोलि अत्यन्त प्रचलित रहेको छ । मोतीराम भट्टबाट लेखन सुरू भएको गीत गजलले नेपालमा समयको गतिसँगै विकास र विस्तार हुँदै आइरहेको छ ।

गीतलाई फुटकर कविता समकक्षी मानिन्छ त्यसैले फुटकर कविता जस्तै छोटो आयाम र जीवनका घुम्तीहरू मध्ये एउटा घुम्तीका रूपमा लिइन्छ । कविता पाठ्य विधा भएकाले र यसमा भावाभिव्यक्ति धेरै हुने हुँदा बुझ्न कठिन हुन्छ । त्यसको तुलनामा गीत सरल, सरस र पाठ्य तथा श्रव्य विधा भएकाले अहिले अत्यन्त लोकप्रिय रहेको छ । गीतमा पनि बिम्ब, प्रतीक, अलङ्कार त हुन्छ नै तर त्यो नियोजित नभई सरल र सहज हुने गर्छ । गीत सुन्दा जीवनका सुखदुःखहरूसँग मेल खानेहुँदा मानिस त्यसमै रमाउने गर्दछ । गीत सुन्न कुनै निश्चित बसाइको जरूरत पर्दैन । हिंड्दा, काम गर्दा, डुल्दा, घुम्दा तथा अध्ययन गर्दा पनि गीत सुन्न सकिन्छ । सङ्गीत हाम्रो जीवन हो र गीतसङ्गीतबाट कोहीपनि अछुतो रहन सक्दैन । गीतले कसैलाई पनि र कुनै काम गर्दा पनि हामीलाई अवरोध गर्दैन । गीत सुनेपछि मानिसमा स्फूर्ति पैदा हुन्छ, थकान मेटिन्छ त्यसैले गीतलाई सुखदुःख विसाउने चौतारीका रूपमा लिइन्छ ।

मानिस आफ्ना दैनिक जीवनका हरेक क्रियाकलाप गर्दा प्रत्यक्ष अप्रत्यक्ष रूपमा गीतसँग सम्बन्धित रहन्छ । यति विकास र विस्तार भएको आधुनिक गीतको बारेमा पनि त्यति धेरै शोध खोज भएको पाइदैन । आधुनिक गीत हरेक जनजीवनको प्रिय रहेको छ । लोकगीतहरू खहरेसरी एकपटक चर्चा पाउने तर पछि हराउने खालका हुन्छन् तर आधुनिक गीत राम्रो शब्द, सङ्गीत र स्वरको संयोजन भएमा सदावहार तथा कालजयी बन्न पुग्छ । पूर्वीय साहित्यमा पहिले कविता विधाले लोकप्रियता पाएको थियो । छन्दमा कविता, खण्डकाव्य तथा महाकाव्य रचना गरिन्थे तर अहिले काव्यहरू त्यति रचना भएको पाइँदैन त्यसकारण अहिले गीत विधा बढी प्राचलित रहेको छ ।

आधुनिक युगको सुरूवातसँगै साहित्यमा कविता काव्यको रचना कम हुँदै गयो र गीतसङ्गीतले विकास र विस्तार पायो । पहिले संस्कार र मनोरञ्चनका लागि लिइने गीतले

अहिले मानिसका हरेक क्रियाकलाप तथा सुखदुःखसँग सामीप्यता राख्न थाल्यो । आधुनिक गीत मानवीय अङ्ग बन्न पुग्यो । यति हुँदाहुँदै पनि आधुनिक गीत र यसका प्रकारको बारेमा शोध खोज भएको पाइँदैन ।

### २.६.३. स्वदेश गान

स्वदेश गान खासगरी आधुनिक शैलीमा रचना भएका हुन्छन् । लोकगीतमा पनि देश प्रेमका भाव भएका गीतहरू रचना भएका छन् तर स्वदेश गान भनेर विधागत नाम पाउने आधुनिक गीत नै हो । जहाँ छन् बुद्धका आँखा, बिहान उठ्नेवित्तिकै, यो नेपाली शिर उचाली जस्ता स्वदेश गानहरू आधुनिक शैलीमै रचना भएका गीतहरू हुन् ।

स्वदेश गानले राष्ट्रियता, देशप्रेमका भाव व्यक्त गर्छ । आधुनिक शैलीमा रचिएका स्वदेश गानहरू सदावहार र कालजयी छन् । सङ्गीतको रागात्मक सूत्रको अध्ययन र त्यसमा ढालेर गाइएका गीतहरू आधुनिक गीत हुन् । स्वदेश गान पनि आधुनिक गीतको एउटा प्रकार हो ।

### २.६.४. लोक पप

लोकपप भनेर आजभोलि गीतको एउटा अलिकति फरक रूप देखिएको छ । वास्तवमा यो पनि आधुनिक गीत नै हो तर यसमा शैली तथा सङ्गीत संयोजन लोक धुनको मिश्रण गरिएको हुन्छ । सुर-ताल, लय, आलाप जस्ता कुराहरू लोक शैलीमा र शब्दहरू आधुनिक शैलीमा संयोजन गरिएको हुन्छ यस्ता गीतहरूमा ।

खासगरी यस्ता गीतहरूलाई लोकपप भन्नु भन्दा पनि लोक आधुनिक भन्नु बढी उपयुक्त हुन्छ । यस्ता गीतहरू आधुनिक गीतभन्दा अझ सरल र अझ सरस हुन्छन् । मनकी रानी, मायाको मुस्कान जस्ता गीति सङ्ग्रहहरू यसका उदाहरण हुन् । लोकपप गीत जन जीवनमा सजिलै भिज्न सक्ने खालका हुन्छन् । यस्ता गीतहरू लोकगीत जस्तै अशिक्षितहरूले पनि सजिलै बुझ्न सक्ने खालका हुन्छन् । गीतको सार्थकता तव हुन्छ जब त्यो गीत सबैले मन पराउँछन् र मुखमा गुनगुनाउँछन् । त्यसको लागि सबैले गीत बुझ्नु जरूरी हुन्छ । काव्यात्मक भाषा नथुपारी सरल भाषाशैलीको प्रयोग गरी मिठो सङ्गीत संयोजन भएका गीतहरू उत्कृष्ट मानिन्छन् ।

### २.६.५. पप गीत

पप गीत पाश्चात्य परम्पराबाट भित्रिएको गीत हो । यसको शैली तथा सङ्गीत फरक हुन्छ । पप गीतमा सङ्गीत संयोजनका बाद्य वादन सामग्रीहरू पनि आधुनिक शैलीका र धेरै हुन्छन् । पप गीत आधुनिक गीतको नजिक हुन्छ । शब्दसंयोजनका हिसाबले तथा अन्य कोणबाट आधुनिक गीतसँग मिल्दो भएपनि यसको शैली र प्रस्तुति भने फरक हुन्छ ।

पप गीतमा बिचबिचमा र्‍याप भन्ने चलन पनि छ । गीतले व्यक्त गर्न खोजेको भावलाई र्‍यापद्वारा पुष्टि गरिन्छ । आजभोलि पप गीतमा हिपहप, र्‍याप र मेटल जस्ता कुराहरू बढी प्रयोग गर्न थालिएको छ । अन्य गीतमा भन्दा पप गीतमा अङ्ग्रेजी शब्दहरूको प्रयोग बढी गरिन्छ । पाश्चात्य सङ्गीतबाट भित्रिएको यस्ता गीतमा पप शैली, चर्को सङ्गीत, भाषा, सङ्गीत र स्वरमा विचलन रहेको पाइन्छ । खासगरी यस्ता गीत आधुनिक युवा युवतीबिच लोकप्रिय भएको पाइन्छ । लोकगीत जस्तो सरलता, आधुनिक गीतजस्तो मधुरता यस्ता गीतमा हुँदैन ।

### २.६.६ चलचित्रका गीत

चलचित्रको कथावस्तु र भाव अनुसार रचिने यस्ता गीतहरू चलचित्रका अभिन्न तत्त्व हुन् । चलचित्रमा प्रेम प्रसङ्ग, सुखदुःख तथा जीवनका आरोह अवरोहसँग कथामा संयोजन गरी बनाइएका यस्ता गीत आधुनिक गीत भन्दा चट्किलो खालका वा उस्तै प्रकारका हुन्छन् ।

चलचित्रका गीत प्राय दोहोरी शैलीमा केटा र केटीले भन्ने खालका हुन्छन् भने कुनै कुनै एकल पनि हुन्छन् । प्रेम प्रस्ताव राख्न, अरूलाई मनोरञ्जन दिन तथा जीवनदेखि आहत भएर गाइने गीतहरू प्राय एकल हुन्छन् । त्यस्तै प्रेम बसेपछि सम्बन्धको अर्थ लगाउने, जिन्दगीको व्याख्या गर्ने खालका गीतहरू दोहोरो अर्थात् केटा र केटीले गाउने खालका हुन्छन् । चलचित्रका गीत सरल, चट्किलो र सजिलै बुझिने खालका हुन्छन् ।

गीत कस्तो हुने भन्ने कुरा चलचित्रमा कथा वस्तुको आधारमा निर्धारित हुन्छ । आधुनिक गीतहरू धेरैजसो एकल र कममात्रामा दोहोरो हुन्छन् भने चलचित्रका गीतहरू धेरैजसो दोहोरो र कममात्रामा एकल हुन्छन् । त्यस्तै वियोगान्त कथावस्तु भए अथवा पात्रले दुःख पाए वियोगको गीत हुन्छ भने अन्य अवस्थामा संयोगको ।

पाश्चात्य साहित्यमा नाटकमा गीतलाई समावेश गर्ने गरिन्थ्यो भने पूर्वीय साहित्यका नाटकमा गद्य र पद्य हुन्थ्यो । पछि चलचित्रको विकास भएपछि चलचित्रमा गीते अनिवार्य भयो र चलचित्रका गीत विकास र विस्तार हुँदै गइरहेका छन् ।

### २.६.७. रिमिक्स गीत

रिमिक्स गीत भर्खरै मात्र प्रचलनमा आएको गीत हो । रिमिक्स गीत पनि पाश्चात्य शैलीमा हुर्किएको पप शैलीमा हुन्छ र यसमा पुराना गीतलाई नयाँ कोणबाट प्रस्तुत गर्ने गरिन्छ ।

रिमिक्स 'रि' र 'मिक्स' बाट बनेको छ । त्यसकारण पुनः मिश्रण गर्नु भन्ने यसको अर्थ लाग्छ । पुराना पहिले अत्यन्त चर्चा पाएका र अहिले लोप हुन लागेका गीतहरूलाई नयाँ शैली, धुन दिएर फेरि गाउने गरिन्छ र यसलाई नै रिमिक्स गीत भनिन्छ । रिमिक्स गीत लोकगीत र आधुनिक गीत दुवैमा गरिन्छ । रिमिक्स गर्दा सङ्गीत छिटो गरिन्छ र त्यस्तै प्रकारले स्वर दिई चोटिलो र चकलेटी प्रकारको बनाइन्छ ।

वास्तवमा रिमिक्स गर्दा पुराना र लोप भएका गीतहरूलाई पुनः जगाउने काम त हुन्छ तर त्यसको भाव, मिठास र मधुरतामा खल्लोपन पनि हुन सक्छ । रिमिक्सलाई कसैले राम्रो त कसैले नराम्रो रूपमा लिएका छन् । लोप भएका गीतलाई नयाँ जीवन दिएको र नयाँ पुस्तामा परिचय दिलएको कुरा त राम्रो हो तर स्वरूप खल्बल्याउने तथा भर्खरै प्रचलनमा रहेका गीतको पनि रिमिक्स गर्ने प्रवृत्ति भने राम्रो मानिँदैन ।

यसबाहेक आजभोलि विज्ञापनका साधनहरूमा तथा अन्य कुराहरूमा पनि गीतको संयोजन भएको पाइन्छ । गीत एउटा यस्तो विधा हो जो सजिलै हाम्रो मनमा बस्छ र शब्दशब्द कण्ठ हुन्छ । यस्तो अवस्थामा शैक्षिक तथा अत्यावस्यक कुराहरू पनि गीतसङ्गीतमा प्रयोग गर्नु सान्दर्भिक देखिन्छ ।

गीत सिद्धान्तसम्बन्धी अध्ययन गरिसकेपछि गीतलाई निष्कर्षमा बुँदागत रूपमा यसरी परिचय गराउन सकिन्छ ।

१. गीत भाषाका माध्यमद्वारा व्यक्त गरिने साङ्गीतिक भाव भएको विधा हो जो गेयात्मक हुन्छ । गीतकारले व्यक्त गर्न खोजेको भाव स्रोताको मनसम्म पुग्दछ ।

२.	गीत कविताको आदिस्रोत भएपनि कवितामा जस्तो काव्यात्मक कठिन शब्द नभई यसमा सरल, सुललित शब्द यसमा रहन्छ र गीतको पूर्णताका लागि उचित शब्द, सङ्गीत र स्वरको जरूरत पर्दछ ।

३.	गीत भावनात्मक, छोटो मिठो र मनछुने खालको हुनुपर्छ जसमा सोझै कुरा गरेजस्ता नभई पद विचलन गरी आलङ्कारिक भाषा शैलीको हुनुपर्छ ।

४.	लय तथा ध्वनि सङ्गीत, अक्षर संरचना र अनुप्रासका आधारमा समायोजन राम्रो सँग गर्नुपर्छ ताकि गीतले आफै सङ्गीत बोलेस् ।

५.	विभिन्न बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग गरी कुनै पनि विषयवस्तुलाई सादृश्य, रसिलो, भरिलो बनाइएको हुन्छ तर त्यो नियोजित र कठिन हुनुहुँदैन ।

६.	भाषिक माध्यमको अभिव्यक्ति गीत भएकाले खासगरी भाषाशैलीमा नै ध्यान पुऱ्याउनु पर्छ ।

७.	गीतमा कवितामा जस्तो प्रयोगबाद भने हुँदैन तर अन्य वादका भाव भने गीतमा आएको    पाइन्छ ।

# g]kfnL uLtsf] ljsf;qmd;DaGwL cWoog M

नेपाली गीतको विकासक्रमसम्बन्धी अध्ययन गर्दा गाथाचत्र तथा सवाई सम्म पुग्नुपर्ने देखिन्छ । नेपालमा परापूर्व कालदेखि नै देवगाथा (भजन कीर्तन, भक्ति गीत) स्तुति, सवाई, चाँचरी तथा सोरठी र घाटुजस्ता लोकसंस्कृतिमूलक विषयवस्तुहरू हुर्किंदै आएको पाइन्छ । यी गाथाहरू दन्त्यकथाजस्तो कसले रचना गऱ्यो ? कसले कसलाई सुनायो ? त्यसको यकिन गर्न सकिँदैन र तथ्य प्रमाण पनि छैन । नेपाली समाजका बुढापाकाहरू 'हरेराम हरेराम रामराम हरेहरे' जस्ता भजन भन्दै आए र आफ्ना सन्ततिले पनि त्यही सिक्दै आए । त्यसैगरी दन्त्यकथा र त्यसमा पाइने उखान टुक्का तथा 'सुनकेसरा रानीलाई कहाँ भेटौंला' जस्ता गीतको अंश पनि चासोको विषय बने । खासगरी हाम्रो समाजमा भेटिएका देवगाथा र वीरगाथा नै नेपाली गीतका आधारभूमि वा पृष्ठभूमि हुन् । चैत, फाग, मागल, घाटु, चाँचरी, सवाई, सोरठी आदिसँग गीतहरूको उपस्थिति र देवस्तुति, शासक स्तुति, वीरगाथा आदिबाट नै नेपाली गीतसङ्गीतको विकास हुँदै आएको पाइन्छ ।

साहित्यका हरेक विधाको उद्गमविन्दु खोज्दै जाँदा पूर्वमा आर्षमहाकाव्यका रूपमा रहेका रामायण र  महाभारतसम्म र पश्चिममा इलियट र ओडेसीसम्म पुग्नुपर्ने हुन्छ । यी विषयबस्तु पनि गाथाचक्रबाट नै प्रभावित छन् । त्यसैले सम्पूर्ण कुराको उद्गम गाथा नै हो भन्न सकिन्छ । गीतसङ्गीतको उद्गम खोज्दा त झन् बैदिक युगमा पुग्नुपर्छ । वेदका ऋचाको सस्वर उच्चारणसँगै सङ्गीतको उत्पत्ति भएको मानिन्छ खासगरी सामवेदबाट सङ्गीतको उत्पत्ति भएको मानिन्छ । वेदका मन्त्रहरूको आफ्नै प्रकारका छन्द तथा लय छन् । गीतसङ्गीत पनि आफ्नै लयमा हुर्किंदै एकपुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आएको पाइन्छ ।

खासगरी लेख्य युग र पछि सञ्चारको समय आएपछि गीतसङ्गीतको विधा छुटिट्न थाल्यो । पहिले भजन कीर्तन र लोक परम्परामा रहेको गीतले, आधुनिक गीत, लोकगीत, भजन, स्वेदश गीत आदि नाम पायो र यसको विधा पनि अलग हुँदै गयो । नेपाली गाथा र लोकगीतको परम्परा पहिलेदेखि विकसित भएको भएपनि गीत कविता निकट भएकाले नेपाली कविताको माध्यमकि कालदेखि यसको पहिचानमय प्रारम्भ भएको मान्न सकिन्छ ।

वीरता र भक्तिको गान भइरहेको समयमा कवि मोतीराम भट्टको आगमसँगै नेपाली कविताको साथसाथै नेपाली गीतमा पनि विकास भएको पाइन्छ ।

हिन्दी तथा उर्दू साहित्यमा गीत, गजल विधाले प्राथमिकता पाइरहेको अवस्थामा कवि मोतीराम भट्टले हिन्दी साहित्यका साहित्यकारहरूसँग सामिप्य कायम गरे । त्यसपछि समस्यापूर्ति कविताहरूको लेखन थालनी गरे । नेपालमा पनि मोतिमण्डली गठन गरी कविहरूको जमघट हुन थाल्यो । कविताको निकट रहेकोले गजलको पनि रचना हुन थाल्यो । मोतीराम भट्टले कविता मात्र रचना गरेनन् उनलाई हिन्दी, उर्दू थिएटरले आर्कषित गरेको थियो जसको फलस्वरूप उनले नाटक, गीतगजलको रचना गरे, छोटो समयमा गीत गजलको क्षेत्रमा योगदन गरेकाले मोतीराम भट्टलाई आदि गीतकार मान्न सकिन्छ ।

मोतीराम भट्ट भन्दा अगाडिको समयका कविहरूले संस्कृत साहित्यका कविता तथा काव्यले अनुवाद गर्ने र केही मात्रामा वीर धारा र भक्ति धाराका कविता रचना गरेको पाइन्छ तर तिनीहरूमा गीत धर्मी रचनाहरू थिएनन् । मोतीराम भट्ट बनारसमा बस्दा भारतेन्दु हरिश्चन्द्रको प्रभावले तथा साहित्य सेवातर्फको भावनाले गीत गजलको क्षेत्रमा अगाडि बढे ।

नेपाली साहित्यको अन्य विधामा जस्तो गीतको विकासक्रमसम्बन्धी चर्चा गर्ने र कालविभाजन गर्ने काम साहित्यकारहरूबाट त्यति भएको पाइँदैन । केही गीतकारहरूले गरेको नेपाली गीत साहित्यको विकासक्रमसम्बन्धी समयलाई आधार मानि नेपाली गीतको विकासक्रमलाई निम्नानुसार प्रथम, दोस्रो, तेस्रो गरी तिन चरण विभाजन गर्न सकिन्छ ।[४९]

## ३.१ पहिलो चरण

पृष्ठभूमिकाल (प्रारम्भदेखि १९४० सम्म) यस चरणमा नेपाली गीतहरू त रचना भएको पाइँदैन तर यस समयमा रचना भएका कविताहरूमा लोक धुनको आभाष केही मात्रामा पाइन्छ । यस समयका रचनामा पाइने थेगो तथा केही अनुप्रासले केहीमात्रामा भएपनि गेयताको अनुभूति दिलाउँछन् । नेपाली साहित्यका प्रथम कवि मानिने सुवानन्द दास र उनका समकक्षीहरूको कविता हेर्दा गीति लयको केही आभाष पाइन्छ । धेरथोर मात्रामा

गेयताको अनुभूति भएपनि गीत नै हुन् भनेर अनुभूतिप्रधान गीतको दर्जामा राख्न त सकिँदैन तर यस समयका रचनाले पछिका गीतकारहरूको लागि पृष्ठभूमिको काम भने

४९ कृष्णहरि बराल, गीत सिद्धान्त र इतिहास, पूर्ववत् पृ. ६३ ।

अवश्य गरेको छ । गीत सैद्धान्तिक कोणबाट हेर्दा यस समयका गीतहरुमा गीति तत्त्व तथा विशेषता त छैनन् तर पद्य रचना केही मात्रामा भएपनि लयमा आधारित हुनेहुँदा सङ्गीतसँग यसको सामिप्य अवश्य छ ।

**यस समयका रचयिताहरू यस प्रकार छन् ।**

सुवानन्द दास, यदुनाथ पोखेल, गुमानी पन्त, हीन व्याकरणी विद्यापति, वसन्त शर्मा, इन्दिरस, विद्यारण्य केशरी, ज्ञान दिलदास, लाल बहादुर आउँमासी, नरवहादुर, दिल विश्वकर्मा, भानुभक्त आचार्य आदि ।

## ३.२ नेपाली गीतको दोस्रो चरण :- अनुभूति प्रधान गीतको प्रारम्भ र विकासकाल ( १९४१ - २००७)[५०]

नेपाली गीतको क्षेत्रमा अनुभूतिप्रधान गीतको रचना मोतीराम भट्टबाट सुरू भएको हो त्यसकारण नेपाली गीत विकासक्रमका प्रर्वतक मोतीराम भट्ट नै हुन् । मोतीराम भट्टले १९४१ को आसपासदेखि गीतगजल लेख्न सुरू गरी त्यसको विकास र विस्तार समेत गरे । मोतीराम भट्ट नै गीत र गजल भन्न सकिने रचना लेख्ने पहिला व्यक्ति हुन् । भट्टकै संसर्ग र प्रेरणाबाट अन्य साहित्यकारहरूले समेत गीत गजलको सिर्जना गर्न थाले । मोतीराम भट्टको सक्रियतामा पहिलो गजलसङ्ग्रह 'सङगीतचन्द्रोदय' पनि प्रकाशित भयो । यसमा शम्भुप्रसाद ढुङ्गेल, नरदेव सुब्वा, लक्ष्मीदत्त पन्त, गोपीनाथ लोहनी, अजय हुसेन आदिको रचना संलग्न गरिएको छ । मोतीराम भट्टको पिकदूत (गीतिकाव्य), प्रियदर्शिक, ( नाटिका) र मोती ग्रन्थावाली प्रकाशित छन् जसमा गीत गजल धर्मी विशेषताहरू पाइन्छन् । भट्टको रचना र प्रतिभाबाट समकालीन मात्र नभइ उत्तरवर्ती गीतकारहरूलाई समेत प्रेरणाको स्रोत मिलेको पाइन्छ । मोतीराम भट्टको प्रियदर्शिकामा रहेको गजलको एउटा शेरको उदाहरण यसप्रकार छ ।

कहाँ जन्म पाएँ कहाँ आज आएँ
दुखिमा म पहिला भनी चाल पाएँ

---

५०  पूर्ववत् ।

उपर्युक्त रचना गीतको विशेषता तथा तत्त्वसँग समीप देखिन्छ । गीतमा हुनुपर्ने निजात्मकता तथा एकान्विति, सङ्क्षिप्तता र अनुप्रास यसमा मिलेको छ त्यसकारण यसलाई नै अनुभूति प्रधान गीतको पहिलो नमूना र मोतीराम भट्टलाई पहिलो गीतकार भन्न सकिन्छ । यस चरणका अन्य गीतकारहरूमा -

लक्ष्मीदत्त पन्त 'इन्दु', शम्भुप्रसाद ढुङ्गेल, बहादुरसिंह बराल, लेखनाथ पौड्याल, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, अलिमियाँ, भीमनिधि तिवारी, ठाकुरनाथ रिमाल, केवलपुरे किसान, गोकुलप्रसाद जोशी, धर्मराज थापा, सुरेन्द्रबहादुर शाह, गोविन्द 'विमल', म.वी.वि. शाह, तारिणी प्रसाद कोइराला, हाजिरमान राई आदि मुख्य छन् ।

मोतीराम भट्टबाट सुरू भएको दोस्रो चरणमा नेपाली गीतको क्षेत्रमा उल्लेख्य प्रगति भएको पाइन्छ । मोतीराम भट्टसहित लक्ष्मीदत्त पन्त, शम्भुप्रसाद ढुङ्गेल, नरदेव सुब्वा, गोपीनाथ लोहनी आदिले शृङ्गारिक, व्यङ्ग्यात्मक तथा भक्तिगीतको सङ्गालो 'सङ्गीत चन्द्रोदय' यसै समयमा प्रकाशित भयो । शम्भुप्रसाद ढुङ्गेलको 'शम्भु भजनमाला', बालकृष्ण समको 'मेरो कविताको आराधान' (१ र २), बहादुर सिंह बरालको 'बरालको आँसु' आदि प्रकाशन भए भने तत्कालीन नाटककारहरूले आफ्ना नाटकमा पनि गीत समावेश गरे । यस समयमा शृङ्गारिक धारालाई आधार बनाएर गीत-गजल बढी रचना भए । त्यसैगरी लोकलयलाई पनि आधार बनाइएको पाइयो भने कतिपय आवस्थामा भक्ति भाव पनि रहेको पाइन्छ ।

नेपाली साहित्यका प्रतिभाशाली महाकवि लक्ष्मीप्रसाद देवकोटाको आगमन र उनको 'मुनामदन' (झ्याउरे खण्डकाव्य) ले चर्चाको शिखर कायम गर्न पुग्यो । उनको 'लक्ष्मी गीतिसङ्ग्रह' र 'गाइने गीत' जस्ता गीतिसङ्ग्रह प्रकाशित भयो । नेपाली कवितामा स्वच्छन्दतावादको सूत्रपात गर्ने देवकोटाले नेपाली गीतको क्षेत्रमा पनि स्वच्छन्दतावादी भावधाराको चेत दिन सफल भए । यस समयका गीत खासगरी लोकलय अँगालेका, जातीय सुधारका चेत भएका, वौद्धिकता तथा काव्यात्मक गरिमा बोकेका पाइन्छन् । पछि माधव घिमिरेको आगमनसँगै, आधुनिक गीतहरूमा प्रकृति, प्रणय, राष्ट्रियता र मानवताजस्ता

सवालहरू स्वच्छन्दवादी चेतमा परिष्कारकादी ढङ्गले व्यक्त हुन थाले । यसै समयको म.वी.वि. शाह, तारिणीप्रसाद कोइराला, राममान तृषित, रत्न समसेर थापा, धर्मराज थापाजस्ता उत्कृष्ट गीतकारहरूले नेपाली गीतसङ्गीतलाई विकास र विस्तार गर्दै लागेको पाइन्छ ।

नेपाली गीतसङ्गीतलाई माथि उठाउन सहयोग गरेको यस समयका गीतहरूमा लयविधान, अनुप्रास आदिका रूपबाट हेर्दा राम्रो विकास हुँदै गएको पाइन्छ । भाषा प्रयोगमा भने कतिपय अवस्थामा अन्य भाषाका शब्दहरू पनि राखेको पाउन सकिन्छ । जे होस् यो समयका गीतसङ्गीतले आधुनिक नेपाली गीति यात्राको मार्गप्रशस्त गरिदिएको भने अवश्य हो ।

## ३.३ **नेपाली गीतको तेस्रो चरण :-** विस्तार काल[५१] (२००७ देखि हालसम्म)

२००७ साल चैत २० गते रेडियो नेपालको स्थापना भएपछि नेपालमा हरेक विधामा जस्तै गीतसङ्गीतको क्षेत्रमा पनि विकास र विस्तार हुनथाल्यो । तत्कालीन क्रान्ति र आन्दोलनले ल्याएको प्रजातन्त्रको जोस सबैमा ताजै थियो । त्यसपछि रेडियो नेपालबाट गीत प्रत्यक्ष प्रसारण गरी घर घरमा पुऱ्याउने परम्पराको विकास हुन पुग्यो । नेपाली गीतको विकासक्रमको यो चरण हालसम्म रहने भएकाले त्यसबेलादेखि अहिलेसम्म समेट्नु पर्दा यस चरणलाई निम्न तिन उपचरणमा बाँड्न सकिन्छ ।

### (क) **पहिलो मोड (२००७ - २०१६)**

२००७ सालपछि देशले परिवर्तन पायो । जनमनमा गुम्सिएर रहेका कुराहरूले बाहिर प्रस्फुटन हुने अवसर पाए । यस भन्दा अगाडि पनि क्रान्तिकारी गीत सिर्जना नभएका होइनन् । तर तिनले स्थान पाउन र सबैकहाँ पुग्ने अवसर प्राप्त गरेका थिएनन् । २००७ सालपछि गीतले तीब्रता पायो । रेडियो नेपालको स्थापना, विभिन्न गैर सरकारी संस्थाहरू, राजकीय प्रज्ञा प्रतिष्ठान आदिले गीतसङ्गीत लेखन र प्रकाशनमा ठुलो सघाउ पुऱ्याए । पछि अन्य संस्थाहरू पनि खुले र तिनले पनि गीतसङ्गीतको विकास र विस्तारमा ठुलो सघाउ पुऱ्याउँदै आए ।

त्यसअघि नै विभिन्न गीतकार तथा गायककारले ग्रामोफोन रेकर्ड गराएर नेपाली गीत गायनको क्रममा एउटा नयाँ अध्यायको सुरुवात गरेका थिए । नेपालमा पहिलो गीत रेकर्ड गर्ने आदि गायक सेतुराम श्रेष्ठ हुन् भने गायिका मेलवादेवी हुन् । उक्त समयमा गीत

रेकर्ड गर्ने व्यक्तिहरूमा सेतुराम, मिस दुलारी, उस्ताद आनन्द, प्रोफेसर बालाप्रसाद, मास्टर पूर्णमान, उस्ताद साहिँला, उस्ताद बद्री, मास्टर जितु सिंह, मिस पञ्चवाला दासी, मिस

५१ पूर्ववत् ।

चन्द्रादेवी, भवानीचरण दास, मिस प्रमिला, हीरा बाई, मीत्रसेन, मास्टर रत्नदास प्रकाश, मिस शान्ता सिंह आदि प्रमुख छन् । यिनीहरू गायक हुन् गीत रेकर्ड गरे तर त्यसमा पनि कोही रचनाकार पनि छन् भने कसैले लय तथा लोक सङ्गीत टिपेर सङ्गीतको क्षेत्रलाई अगाडि बढाउने ठुलो सहयोग गरे । रेकर्ड पहिले भएपनि प्रसारणको काम भने यसै समयमा भएको हो त्यसैले उक्त गीतकारहरू र उनका गीतहरूलाई यसै समयमा राख्न सकिन्छ । यस समयका अर्का गीतकार चक्रपाणि चालिसेले राष्ट्रिय गीत रचना गरी चर्चा पाए । उनको राष्ट्रिय गीत (राजस्तुति) र श्री ३ को सलामी (शासक स्तुति) पहिले नै राष्ट्रिय धुनमा प्रयोग गरिएको थियो । यसरी नेपाली गीतसङ्गीतको क्षेत्र अगाडि बढ्दै जाँदा प्रजातन्त्रको पनि उदय भयो ।

रेडियो नेपालको स्थापना भएपछि त्यसबाट प्रत्यक्ष गीत सुनाउने र पछि रेकर्ड पनि गर्ने अवसर गीतकार तथा गायककारहरूलाई मिल्यो । प्रजातन्त्रको आगमनको खुसीमा गाउने र नाच्नेतर्फ जनता पनि आकृष्ट भए । शङ्कर लामिछानेद्वारा रचित 'मेरो दिल टुक्रा बनेर' भन्ने शीर्षक भएको गीत हरिप्रसाद रिमालले सर्वप्रथम रेडियो नेपालबाट गाएको जानकारी पाइन्छ । यो समयमा धर्मराज थापाजस्ता लोक पारखी गीतकारहरूले गाउँ गाउँमा छरिएको परम्परित गीतसङ्गीतलाई टिपेर देशभर पुऱ्याउन सहयोग गरे भने सिद्धिचरण श्रेष्ठ, शङ्कर लामिछाने आदिले काव्यात्मक प्रस्तुति गीतमा गरे । यस समयका गीतकारहरूमा शङ्कर लामिछाने, सिद्धिचरण श्रेष्ठ, जनार्दन सम, लक्ष्मण लोहनी, कोइलीदेवी माथेमा, कुलचन्द्र कोइराला, अगम सिंह गिरी, भैरवनाथ रिमाल 'कदम', माधवप्रसाद खनाल 'भावुक', प्रेम विनोद नन्दन, पुष्प नेपाली चक्रपाणि चालिसे, लीलासिंह कर्मा, भूपि शेरचन, कृष्णप्रसाद पराजुली, छिन्नलता, राममान तृषित, किरण खरेल, रत्न समसेर थापा, हरिभक्त कटुवाल, मोदनाथ प्रश्रित, श्यामदास बैष्णव, जनकप्रसाद हुमागाईं, भोग्यप्रसाद शाह, हरिप्रसाद रिमाल आदि प्रमुख छन् ।

कथ्य विषयका दृष्टिले हेर्दा यो समयका गीतहरू देशभक्ति, क्रान्तिकारी विचारधारा, ईश्वरभक्ति, जागरण, प्रकृति तथा प्रेमप्रणयलाई मुख्य विषयबस्तु बनाएको पाइन्छ । झ्याउरे

छन्द, लोक लय, गजल लय आदि लय विधानका दृष्टिले यस समयका रचनामा पाइन्छन् । यस समयका

गीतमा नयाँ लय सङ्गीत पैदा गर्नुभन्दा पनि परम्परागत गाथाचक्र, सवाई आदिमा र गाउँघरमा छरिएर रहेका मौखिक लौकिक साहित्यबाट विषयबस्तु टिपेर त्यसलाई सबैको घरघरमा पुऱ्याउनु रह्यो जसले गर्दा यो समयमा गीतले धेरै लोकप्रियता पनि प्राप्त गऱ्यो ।

२००७ सालदेखि २०१६ साल सम्मका गीतमा खासगरी सुरूको स्वतन्त्र भएको अभिव्यक्ति 'नरोउन जुरेली चरी अव त हाम्रो दिन आइसक्यो' पाइन्छन् भने पछिका अवस्थामा प्रजातन्त्रप्राप्ति पछि पनि दुःख नहटेको, धनी र गरिबीको खाडल बढ्दै गएको सामाजिक असमानता, राजनीतिक दलको विकृति, सामाजिक भेदभाव, जातिवाद, उचनीच आदि तर्फ औंल्याउने खालका गीतहरू पाइन्छन् ।

## (ख) दोस्रोमोड (२०१७-२०४६)[५२]

२०१७ साल पुष १ गते राजा महेन्द्रबाट संसद भङ्ग गरी पञ्चायती व्यवस्था लागु गरियो । दलहरूमा प्रतिबन्ध लाग्यो र उक्त समयका गीतकारहरूलाई पनि प्रत्यक्ष रूपमा पञ्चायती व्यवस्थाको समर्थन गर्नतिर लाग्यो । राजनीतिक गीत हटाई राजभक्ति र देश भक्तिका गीतहरू सिर्जना हुन थाले । यो समयमा गीतसङ्गीतको क्षेत्रमा त्यति प्रगति हुन सकेन । प्रेमप्रणय र देशनरेशवादका गीतहरूले प्राथमिकता पाउन थाले । कोही रचनाकारहरू प्रकृतिनीति र राज मुकुटको प्रशंसामा गीतकारहरूमा सिर्जना सीमित हुन थाले । पछि समयले कोल्टे फेऱ्यो गीतकारहरू प्रत्यक्ष अप्रत्यक्ष रूपमा तत्कालीन शासनको विपक्षमा गीतहरू सिर्जना गर्न थाले ।

यस मोडमा राजनीतिक हस्तक्षेप भएपनि देशप्रेम र प्रकृतिप्रेमभाव भएका गीत पनि उल्लेख्य छन् । उनीहरूले प्रेमप्रणय, देशप्रेम प्रकृतिप्रेमको सुन्दर ढङ्गले प्रस्तुत गरी गीत सिर्जना गरेका छन् । यस समयका गीतकारहरूमा प्रेमप्रकाश मल्ल 'मधुकर', यादव खरेल, जगतमर्दन थापा, अम्बर गुरूङ, बैरागी काइँला, क्षेत्रप्रताप अधिकारी, भीम विराग, ईश्वर बल्लभ, रवीन्द्र शाह, नगेन्द्र थापा, हिरण्य भोजपुरे, शरण प्रधान, मेघराज मञ्जुल, दैवज्ञराज न्यौपाने, रायन, गणेश रसिक, गोपाल योञ्जन, चेतन कार्की, विश्वबल्लभ, राजेन्द्र थापा, बासुदेव त्रिपाठी, चाँदनी शाह, नीर शाह, रामेश, जी. शाह, कालीप्रसाद रिजाल, अविनाश श्रेष्ठ, श्याम तमोट, कृष्णहरि बराल, श्री पुरूष ढकाल, दिनेश अधिकारी, नारायण कुमार

५२ पूर्ववत् ।

आचार्य, विजय सुब्बा, नरेन्द्रराज प्रसाई, रमण घिमिरे, श्रवण मुकारूङ, तारानाथ शर्मा, युद्धप्रसाद मिश्र, दमननाथ ढुङ्गाना, विश्वबन्धु थापा, पासाङ बाङ्बल, कञ्चन पुडासैनी, तुङ्गमर्दन थापा, कृष्णा जोशी, रामविक्रम सिजापति, प्रदीप रिमाल, उत्तर श्रेष्ठ, दीप श्रेष्ठ, गौरी नेवा, बालकृष्ण सजीव, मदन दीपविम, विश्वम्भर प्याकुरेल, विजय श्रेष्ठ, शिव शङ्कर थापा, बसन्त थापा, नवराज कार्की, किरण प्रधान, योगेश बैद्य, भोला रिजाल, पुरूषोत्तम सापकोटा, राजेन्द्र रिजाल, शम्भुजित बाँसकोटा, शिव अधिकारी, राजेश बान्तवा, सहदेव राणा, दामोदर घिमिरे, दीर्घसिंह बम, राजेन्द्र सारा, दिव्य खालिङ, प्रह्लाद पोखेल, रामचन्द्र पुडासैनी, बम ब. थापा, शिलाबहादुर मोक्तान, सगुन शाह, गगन विरही, रवि प्राञ्जल, वीरेन्द्र पाठक, धनेन्द्र विमल, सुरेन्द्र राना, बुलु मुकारूङ, शम्भुकुमार 'मिलन' सुवासचन्द्र ढुङ्गेल, भुपाल राई, बुद्धवीर लामा, मुकुन्दराज शर्मा, ज्ञानेन्द्र गदाल, व्याकुल पाठक, प्रमोद ढुङ्गाना, प्रकट पँगेनी, भीम खरेल, रमेश क्षितिज, भीष्मराज प्रसाइँ, विश्वनाथ 'प्रेम', दीपक जङ्गम, रमेश पौडेल, सिन्धु राणा, शिला पन्त, अजनवी शाह, लालगोपाल सुवेदी, भारती खरेल, वासुदेव अधिकारी, जीवनाथ धमला, ध्रुव मधिकर्मी, आदि प्रमुख छन् ।

अन्य गीतकारहरूमा अरूण क्षायमी, नयनराज पाण्डे, अनिल पौडेल, अग्निशिखा, अतीत मुखिया, अनामिका, अमृत श्रेष्ठ, अमर शान्ति देवी, अशोक देवान, इन्द्र थपलिया, ईश्वरलाल श्रेष्ठ, उत्तम नेपाली, उदय शर्मा, उर्वशी, ए.स.बी. बस्नेत, ओम थपलिया, कमल थाप, कविता राम, किरण शाह, कृष्णप्रसाद दाहाल, कृष्ण सिटौला, केशर विष्ट, केशर लोहनी, खगेन्द्र नेपाली, खुमनारायण पौडेल, गङ्गा निर्धा, चन्द्रकला शाह, चन्द साङ्सोभ, चरण प्रधान, चिरञ्जीवी अधिकारी, चेत बहादुर कुँवर, जगन्नाथ पण्डित, जसयोञ्जन प्यासी, जितेन्द्र बर्देवा, डम्बर पहाडी, त्रिविक्रम पाण्डे, तीर्थराज तुलाधर, तीर्थ श्रेष्ठ, तुलसी घिमिरे, तुलसी दिवस, टेक बहादुर खत्री, दुवसु क्षेत्री, दुर्गालाल श्रेष्ठ, देव बज्राचार्य, देवराज मिलन, देवीप्रसाद वनवासी, घनश्याम कँडेल, धीरेन्द्र प्रेमर्षि, ध्रुवकृष्ण दीप, ध्रुवचन्द्र गौतम, नर बहादुर दाहाल, नीर समसेर राणा, नौर्देन रूम्बा, पदमाबती सिंह, प्रवीण गिरी, प्रभा आचार्य, प्रेमदेव गिरी, प्रेम बानियाँ, पाण्डव सुनुवार, पुण्यप्रभा देवी, पुण्यप्रसाद सुवेदी, पोषण पाण्डे, वावा न्यौपाने, बाबुराम सुवेदी, बाल आवारा, विन्दुध्वज अधिकारी, भूपेन्द्र रायमाझी, मथुरा

के.सी., मन बहादुर मुखिया, बुँद राना, भक्तिराम भण्डारी, भीम विराग अधिकारी, माधवमणि राज भण्डारी, माधवलाल कर्माचार्य, मोहन सिटौला, मोहनविक्रम सिंह, मैया इन्दिरा, यज्ञमणि दाहाल, युधीर समसेर राणा, युवराज भट्टराई, युवान तुलाधर, रञ्जना थापा, रञ्जन शर्मा, रञ्जना शाह, रणकेशव प्रधान, रत्न प्रजापति, रमेश खकुरेल, रमेश धिताल, रमेश श्रेष्ठ, रवीन्द्र के.सी., राजु बैद्य, राजेन्द्र विमल, राम थापा राममणि रिसाल, रूद्रराज आचार्य, लोक बहादुर क्षेत्री, लोकेन्द्र थापा, विष्णु प्रभात, विष्णुप्रसाद भुषाल, वेदवहादुर कुँवर, शङ्कर थपलिया, शशि भण्डारी, शान्ता श्रेष्ठ, शान्ति ठटाल, श्री विक्रम राणा, शारदारमण नेपाल, शारदाविक्रम बस्नेत, शिव गोपाल रिसाल, शिवा बस्नेत, शुद्धि नेपाली, शैलेन्दु प्रकाश नेपाल, सञ्जय थापा, सुविता शर्मा, सहदेव कोइराला, सुमन खरेल, सुरेन्द्र मुखिया, सुवी शाह, सोनी शाह, हरिभक्त न्यौपाने, हरिभक्त पोखरेल, हरिशङ्कर अमात्य, हरेराम बराल, हसनबहादुर नेपाली, हेमराज पाण्डे, हेम हिमाल आदि हुन् ।

नेपाली गीतसङ्गीतको क्षेत्रमा यो युग अत्यन्त सफल युग मानिन्छ । नेपाली गीतहरूमा अनुभूतिप्रधान गीत र सुगमसङ्गीतको एउटा सफल यात्रा यही युगले तय गरेको छ । सबैभन्दा बढी गीतकारहरू उदाएर त्यसमा पनि धेरैजस्ता गीतकारहरू कालजयी गीतको रचना गर्न सफल भएको यस युगमा स्वदेश गान, राजनीतिक गीत, प्रकृति प्रेम, प्रेम प्रणय, जातीयता, उत्पीडन, सामाजिक भेदभाव, उचनीच, समाजसुधारक, चेतनामूलक सम्पूर्ण प्रकारका गीतगजलहरू सिर्जना हुन पुगे । धेरै जसो गीतहरू गीति तत्व तथा विशेषताको कसीमा राख्दा सफल पनि मानिन्छन् ।

गीतमा भाव, कल्पना, सङ्गीत, बिम्ब प्रतीक, भाषा जस्ता तत्त्वहरू समावेश भएका तथा आत्मपरकता, सङ्क्षिप्तता, एकान्विति, वैयक्तिकता र सम्बोधनात्मक प्रस्तुतिजस्ता यो सबै गुणले यस समयका गीतहरू परिपूर्ण भएका पाइन्छन् । अझ त्यसमा पनि अनुप्रास मिलाई अलङ्कारसमेत प्रयोग गरेको पाइन्छ । यसले गर्दा गीतहरू केही बढी काव्यात्मक बने पनि भावगाम्भिर्यका दृष्टिले राम्रो मानिन्छ र त्यस्तै गीतहरू नै बढी सफल पनि देखिन्छन् । सुगम सङ्गीतको क्षेत्रमा यो युग स्वर्णयुग नै सावित हुन पुग्यो । नारायण गोपाल, अरूणा लामा, अरूण थापा, भक्तराज आचार्य जस्ता सफल गायकको साथ पाएको यस युग अहिले सम्मेकै उत्कृष्ट गीत र सङ्गीतको युग हो ।

२०१७ सालदेखि २०४६ सालसम्म भएको राजनीतिक उतार चढावले गर्दा गीतकारहरू कहिले राजमुकुटको प्रशंसा गर्नतिर लागे भने कहिले क्रान्तिकारी विचार धारा

व्यक्त गर्न थाले । यसै समयमा रक्तिमाका गीत, जनताका गीत जस्ता गीतहरू एकातिर रचिए भने अर्कोतिर प्रेम प्रणय, स्वदेश गानजस्ता सुगम सङ्गीतको पाटो सफल छँदै थियो । विभिन्न लोकभाकाहरूले पनि विकास र विस्तार हुने अवसर यस युगमा पायो । उत्कृष्ट गीतकारहरू, सङ्गीतकारहरू र गायककारहरूले गर्दा नेपाली गीतसङ्गीतको क्षेत्रमा यो युगमा अत्यन्त विकास भएको पाइन्छ ।

### (ग) तेस्रो मोड (२०४७ - हालसम्म)[५३]

आधुनिक युग, सञ्चारको माध्यम, साइबरको दुनियाँ रहेको यो समयमा विभिन्न प्रकारका गीतहरूको विकास भएको छ । नेपाली सुगम सङ्गीतको क्षेत्रमा राम्रा-राम्रा गीतहरू सिर्जना भएका छन् भने अर्कोतर्फ पाश्चात्य प्रभाव परी पप, रक, मेटल आदि गीतसङ्गीतको विकास पनि भइरहेको छ । त्यस्तै लोकगीततर्फ थुप्रै लोकगीतहरू सिर्जना हुने क्रम जारी छ । गीत दिनहुँ लोखिन्छन् र रेकर्ड हुन्छन् तर सबैले राम्रो उपलब्धि हासिल गर्न सकिरहेको अवस्था भने छैन । चलचित्र क्षेत्रमा गीत अनिवार्य विषय वनिसकेकोले गर्दा त्यतातिर पनि यसको त्यत्तिकै विकास भइरहेको छ । विभिन्न राजनीतिक गीत, वाल गीत तथा भजनहरू पनि प्रकाशित भै रहेकै छन् । जे जस्ता गीतसङ्गीतको विकास भएपनि सुगम सङ्गीत (आधुनिक गीत) नै सबैभन्दा अगाडि रहेको छ । अन्य विधाका गीतहरू वर्षे भेलझै 'एकैछिन बगाउला पछि कहाँ पाउँला' भन्ने खालका हुन्छन् र चाँडै हराउँछन् तर आधुनिक गीत राम्रो शब्द, सङ्गीत र स्वर मिलेमा कालजयी हुन्छन् र भएका छन् पनि ।

गीत गेय विषय भएकाले नै यसको चर्चा गाइएको गीतको आधारबाट गरिन्छ । गीत सम्बन्धी गीतिसङ्ग्रहका पुस्तकहरू पनि प्रकाशित भइरहेकै छन् भने आजभोलि धेरै जसो गीतहरू गाइएको अवस्थामा पाइन्छ । यस समयका गीतहरूमा खासगरी मानवतावाद, देशप्रेम, सांस्कृतिक सन्दर्भ, ऐतिहासिक सन्दर्भ, समानता, प्रेम प्रणय, प्रेमवियोग, जीवनशैली, आदि भाव मुख्य रूपमा पाइन्छ । त्यसैगरी जातीयता, छुवाछुत, उचनीय, सद्भाव, अहिंसा, समाजचित्रण, प्रकृतिचित्रण जस्ता भावहरू पनि आज भोलिका गीतका विषयबस्तु हुन् ।

समय धेरै अगाडि बढिसकेको छ । विदेशी गीतसङ्गीत पनि क्षणभरमै देशमा भित्रने क्रम जारी छ । त्यसैले विदेशी गीतको प्रभाव पनि आजभोलिका गीतमा देखिन थालेका छन् । बालगीत, व्यङ्ग्यगीत, भक्तिगीत (भजन) को क्रम पनि जारी छ भने समयसमयमा भइरहने राजनीतिक उचारचढावले दिक्क भएर मान्छेले मान्छे मार्नुहुन्न आखिर जो मरेपनि

५३ पूर्ववत् ।

दाजुभाइ नै मर्छन् भन्ने खालका भावाभिव्यक्ति भएका गीतहरू पनि रचना भइरहेका छन् । त्यस्तै श्रमिक भएर विदेश जानुपर्ने बाध्यता अझै पनि रहेको अवस्था झल्काइएको गीतहरू पनि रचना भइरहेका छन् । समयको बहावसँगै नयाँनयाँ विषयवस्तुको खोजी गीतसङ्गीतमा भइरहेको अवस्था छ ।

२०४७ सालमा संविधान जारी भएपछि कुनै शासकीय स्तुति गान लेख्नु पर्ने, आफ्ना भावनाहरू समेट्दा पनि डराउनुपर्ने अवस्थाको अन्त्य भयो । त्यसपछि आएको विकास तथा प्रविधि र देशको अवस्थाको सदुपयोग गरी विभिन्न गीतकारहरूले गीत लेखे । जसमा धेरैजसो गीतकारहरू त दोस्रो मोडका गीतकारहरू नै छन् र चर्चित पनि उनीहरू नै छन् तर तेस्रो मोडमा आइपुग्दा गीत गजलमा आएको बाढीले गीतकारहरू पनि प्रसस्त मात्रामा बृद्धि भएका छन् । तेस्रो मोडमा आएर गीत लेखन तथा प्रकाशन गर्ने गीतकारहरू हुन् - आनन्द अधिकारी, आलोकश्री, हरिहर तिमिल्सिना, हित गुरूङ, खिलबहादुर 'भावुक', रेनु प्रतीक्षा, बलदेव मजगैयाँ, विष्णु राई, सुकुम शर्मा, नेत्र एटम, भावेश भुमरी, दीपक लोहनी, नवराज लम्साल, इन्दिरा प्रसाई, चन्द्रा शर्मा , कृष्ण अविरल, रञ्जु मार्ग, गोवर्द्धन पूजा, मणि लोहनी, पुष्पलता आचार्य, पदमराज जोशी 'स्पन्दन', तीर्थराज शर्मा, अनमोलमणि पौडेल, साबु गदाल, गणेश श्रेष्ठ, अपेक्षा, यस.पी. कोइराला, स्वागत नेपाल, हरिदेवी कोइराला, रमेशजङ्ग सिजापति, राजकुमार बगर, महेश प्रसाई, गङ्गाप्रसाद भेटवाल, रामेश्वर राउत 'मातृदास', वीरदल विकल, उज्जवल जी.सी., विखर्ची, उषा शेरचन, शान्तिनारयण श्रेष्ठ, हरिमाया भेटवाल, भूपेन्द्र खड्का, विन्दु शर्मा, विष्णु बहादुर सिंह, लक्ष्मण सिटौला, सुनील पुरी, कविराज बान्तवा, उषा भट्ट, घमराज लुइँटेल, प्रमिला महत, तेजप्रसाद पाण्डेय, रमेश अधिकारी, मणि थापा, हरिकृष्ण सिलवाल, श्याम रिमाल, सरोज कार्थक, सरू बराल, रानीवनन्दन कर्माचार्य, शास्वत पराजुली, मधुसुदन गिरी, विमल कोइराला, हेम सुवेदी, गोवर्द्धन श्रेष्ठ आदि मुख्य छन् ।

यसै समयावधिका अन्य गीतकारहरूमा अनीत पाण्डे, अनुक्रमराज शर्मा, अर्जुन सापकोटा, अस्मिता भण्डारी, ईश्वर थापा, उन्नति बोहरा, उपमा सिंह, ऋषिकेश दीप, एम.वी. चौलागाई, एस.वी. बस्नेत, ओमलाल अकेला, कविता उपाध्याय, कन्हैया सिंह, कमल काफ्ले, कमला खनाल, कुन्दन रायमाझी, कुमार भट्टराई, कुसुम देवी, करूण थापा,

कृष्णराज डि.सी., कुलेन्द्रविक्रम शाही, कृसु क्षेत्री, के.एस. गहतराज, के.राज सुब्वा, कोमल ओली, खेम नेपाली, गङ्गा प्रसाई, गणेश ज्ञवाली, गीता कार्की, गीता स्वाँर, गोपीकृष्ण ढुङ्गाना, पथिक, गोवर्धन कार्की, गोविन्द आचार्य, गौतम तिमिला, घनश्याम खतिवडा, चन्द्रप्रसाद अधिकारी, चन्द्र भट्टचन, चङकी श्रेष्ठ, चहल सयपत्री, जगत प्रेक्षित, जनकदीप, जयप्रकाश त्रिपाठी, जी.अर्जुन, जी.सी. तिमिल्सीना, जीवन मुकारूङ, जे.पापी, जेवी राई, टीका उप्रेती, टीका चाम्लिङ, टी.वि. चन्द्र सुब्बा, ठाकुर बेलबासे, ढुण्डिराज पहाडी, तपन घिमिरे, तारा महर्जन, त्रिलोचन विहीन, तुलसीनारायण महर्जन, तुलसी पराजुली, थरेन्द्र बराल, रामप्रसाद चौलागाई, दयाराम दाहाल, दिलबहादुर बस्नेत, दिवस ढकाल, दीर्घराज अनुराग, दीपक किरण श्रेष्ठ, दिपा साङपाङ, दिपेन्द्र विक्रम लामा, दीपेन्द्र शाह देवराज काफ्ले, दिलिप योञ्जन, देवदत्त गुरूङ, देवी पन्थी, द्रोण पन्त 'समीर', धनराज सुब्वा, धनवीर थापा, नरहरि गौतम, नरेन्द्रराज पौडेल, नरेशदेव पन्त, नरेश शाक्य, नरेश भट्टराई, नवराज शर्मा पौडेल, नवीन पौडेल, नवीन श्रेष्ठ, नवीन चित्रकार, नवीन विभास, नारायण चालिसे, नारायण खरेल, नारायण भण्डारी, निशान लिम्बु, पदमा सापकोटा, पवन चाम्लिङ, प्रतीक ढकाल, प्रभात सुवेदी, प्रमोद स्नेही, पहलमान सिंह, प्रमिला श्रेष्ठ, पासाङ शेर्पा, प्रीतम राणा, पुण्य श्रेष्ठ, पुष्पहरि क्याम्पाराई, प्रकाश कुइँकेल, प्रतिभा श्रेष्ठ, प्रतिरोध कार्की, प्रेमकिरण राई, प्रेम बानियाँ, प्रोल्लास सिन्धुलीय, बली सुब्वा, बाबुराम, बी.बी. थापा, भरत बमजन, भाष्करराज कर्णिकार, भीम राना 'जिज्ञासु', मदन ओली, मदनकृष्ण श्रेष्ठ, मधुसुदनप्रसाद घिमिरे, मनिष रिजाल, मनोज आचार्य, मनोज न्यौपाने, महेन्द्र प्रिया, माइला लामा, मधुरकुमार, मान मोक्तान, मायामितु न्यौपाने, मित्रलाल पंगानी, मुकुन्दराज 'पथिक', मुरारी अधिकारी, मोरिना पौडेल, मोहन निरौला, रमाकान्त शर्मा, रमना राई, रमेश कोइराला, रमेशचन्द्र घिमिरे, रमेश प्रभात (श्रेष्ठ) रविन पिया, रविराज भण्डारी, रवीन्द्र के.सी., राजकुमार दिक्पाल, राजकृष्ण श्रेष्ठ, राजु खत्री 'क्षितिज', राजेन्द्र दीप, राजु दाहाल, राजेन्द्र सलभ, राजेश बज्राचार्य, राजेश लामिछाने, राधा महर्जन, राणा निर्मोही, रामगोपाल आसुतोष, रामचन्द्र पौडेल, रामजी घिमिरे, रामजीप्रसाद ढकाल, राम भट्टराई, रामेश्वर भारती , रीता बलामी, रेशम चौधरी, रोशन थापा, रोशनप्रताप राणा, रोहित कँडेल, लक्ष्मी प्रसाद अधिकारी, लय सङ्ग्रोला, ललिजन रावल, ललिता जोशी, लता शर्मा, ब्रजेश खनाल, व्याकुला खनाल, व्याकुल माहिला, बसन्त चौधरी, बसन्त ढकाल, बसन्तप्रकाश उपाध्याय, बसन्तराज अज्ञात, वासुदेव रिमाल, विनोद ढकाल, विनोद रिजाल, विप्लव प्रतीक, विमला

के.सी. विष्णु घिमिरे 'गगन', विवश बस्ती, विष्णुराज आत्रेय, शङकर अधिकारी, शङ्कर पन्त, शङ्कर थापा 'प्रेरणा', शशि ठटाल, शिशिरप्रसाद अर्याल, शुक गुरूङ, शुभ मुकारूङ, श्रीराम खनाल, शैलेनद्र डंगोल, सजल 'सल्यानी', सञ्जय भट्टराई, सत्यमामा के.सी. सन्तोष चालिसे, सन्तोष राई, समना सिंह, सम्प्रस अधिकारी, सम्बर लामा, सरला रिजाल, सरूभक्त, सलिना प्रधान, स्वप्नील बराल, सागर उदास, साधना प्रतीक्षा, सावित्री रावल, सिर्जना शर्मा, सीताराम पोखरेल, सुजन घिमिरे, सुवर्ण विष्ट, सुनील मास्के, सुरेन्द्रकाजी प्रधानाङ्ग, सुरेन्द्रकुमार महर्जन, सेमन्त बराल, सोमनाथ मुखिया, हरिकृष्ण बाँसकोटा, हरिवंश आचार्य, हरिप्रसाद तिमिल्सिना, हरिशरण थापा, हीरा अकाश, हीराकाजी थापा, हीरा महर्जन, हेमराज अधिकारी, हेमन्त रिजाल, हेमराज ज्ञवाली, होम परिवाग, शिव रेग्मी, बसन्त सापकोटा, सुरेश अधिकारी, महेश खड्का वि.वि. अनुरागी आदि रहेका छन् ।

अन्य चर्चित तथा भर्खरै गीतकारका रूपमा चिनिएका र चलचित्र तर्फ गीत लेख्न थालेका गीतकारहरूमा विपिन किरण, लोकराज अधिकारी, दयाराम पाण्डे, लिलु गुरूङ, एकनारायण भण्डारी, कुमार विवाहित, प्रकाश क्षेत्री, रमेश क्षितिज, शोभाराम घर्ती, सरोज के.सी. तीर्थराज निरौला, प्रकाश के.सी. प्रवेश हमाल, खुमराज तिवारी, कविन्द्रराज भट्टराई, महेन्द्र सेढाई, माधव भण्डारी, एस.पी.कोइराला, किरण घिमिरे, खुमानन्द गौतम, श्याम पराजुली, सञ्जीवती, योगेन्द्रमणि दाहाल, गोपाल सुचिकार, जे.वी.घले, चन्द्र के.सी., रमेशराज भट्टराई, कस्तुप पन्त, नरेश भट्टराई, बाबुराम, दाहाल, राजन राई, शितल कादम्विनी, हितान शुक्र, दिवाकार भट्टराई, केशव चौलागाई, भुपेन्द्र खड्का, रमा कार्की, महेश राणा, बाबुराम दाहाल, आनन्द अधिकारी, बि. पाण्डे, हरि क्षेत्री, रमन गायक, सुनिल सागर, अञ्जली थापा, भरत विवश योगी, मानस के.सी, डम्बर नेपाली डिजराज पौड्याल, दिपक स्वर्णिम, दिपक शर्मा, नवराज कुँवर, हेमकुमार राई, आदि रहेका छन् साथै अन्य गीतकारहरू पनि फाट्ट फुट्ट रूपमा रहेका छन् । यो तथ्याङक आधुनिक गीतसँग मात्र सम्बन्धित छ र यो क्षेत्रका केही गीतकारहरू छुटपुट पनि रहेका हुन सक्छन् ।

# $= uLt;DaGwL lgwf{l/t, ;}4flGts cfwf/ cg';f/ g]kfnsf jl/i7 5 uLtsf/x¿sf b;b; uLtsf] ljZn]if0fM

गीत सिद्धान्तसम्बन्धी अध्ययन पश्चात यस सोध पत्रमा नेपालका ६ गीतकारहरूका दस/दस गीतको विशलेषण गर्ने प्रयास भएको छ जसमा पुराना र नयाँ पुस्ताका गीतकारहरू तथा अहिले सबैभन्दा चर्चामा रहेका गीतकारका गीतहरू मध्ये माधव घिमिरे, प्रेमप्रकाश मल्ल, दिनेश अधिकारी, कृष्णहरि बराल, नवराज लम्साल, रमेश पौडेलका सामान्य परिचय र प्रबृति सहित गीत विश्लेषण गरिएको छ ।

## ४.१. गीतकार माधवप्रसाद घिमिरे (१९७६)

राष्ट्रकवि माधवप्रसाद घिमिरे साहित्यका हरेकजसो विधाका सर्जक हुन् । १९७६ सालमा लमजुङ्मा जन्मिएका घिमिरे अन्य विधाका साथै गीत लेखनको क्षेत्रमा पनि त्यत्तिकै सक्रिय छन् । २००२ सालवाट गीतको प्रकाशन प्रारम्भ गरेका माधवप्रसाद घिमिरेले देशभक्ति, शृङ्गार, मानवतावाद, प्रकृति प्रेमलाई मूल विषय कथ्य बनाएर गीत लेखेका छन् । उनका २००२ सालदेखि २००९ सालसम्म लेखिएका गीतहरू पछि 'किन्नर किन्नरी' (२०३३) मा सङ्कलन गरिएको देखिन्छ । उनको यस सङ्ग्रहमा १४० वटा गीतहरू सङ्कलन गरिएका छन् ।[५४] स्वदेश गान, राष्ट्रवादी स्वर, प्रकृतिप्रेम, मानवतावाद उनका गीतहरूमा पाइन्छ ।

| क.सं. | गीतको शीर्षक | सन्दर्भ स्रोत | पृष्ठ |
|---|---|---|---|
| क | जय जय जय हे नेपाल | किन्नर किन्नरी | ४ |
| ख | लाग्दछ मलाई रमाइलो | " | ३२ |
| ग | एउटै मुटु एउटै धर्म | " | ४५ |
| घ | फेरि अन्धकारमा पर्नुहुन्न रे | " | ५२ |
| ङ | म आफ्नो दोषैले | " | ५९ |
| च | मान्छे मारी मान्छेको बढाइँ | " | ७१ |
| छ | क्षमा गर्न सक्तिन म | " | ७८ |
| ज | कहाँ पठाऊँ चिठी | " | १२३ |
| झ | तिम्रो गीत गाउँछु म | " | १२८ |

| | | | |
|---|---|---|---|
| ञ | आजै र राति के देखें सपना | " | १४३ |

---

५४ पूर्ववत्, पृ.९५ ।

गीतकार माधव घिमिरेका उपर्युक्त गीतहरूलाई भाषाशैली, कथ्याविषय, भाव, सङ्गीत तथा बिम्ब प्रतीक र अलङ्कारको कोणबाट विश्लेषण गर्दा निम्न प्रकारका विशेषताहरू पाइन्छन् ।

भाषा प्रयोगको दृष्टिले कथ्य भाषाको प्रयोग, सरल र सहज भाषा प्रयोग पाइयो । त्यस्तै प्रथम पुरूष शैली धेरै पाइयो । संरचनाका आपाम हुदै पङ्क्ति तथा अनुच्छेद हेर्दा ४ देखि ५ अनुच्छेद र ८ देखि २० पङ्क्तिसम्मका गीतहरू रहेका छन् । १२ देखि १८ अक्षर संरचना रहेका घिमिरेका गीतमा अन्त्यानुप्रास योजना मिलेका छन् । त्यस्तै कतै स्थायी दुई पङ्क्ति फरक र अन्तरा फरक रहेका पनि पाइन्छन् । नियमित लयव्यवस्थ र मिश्रित लय व्यवस्था उनका गीतका विशेषता हुन् ।

राष्ट्रप्रेमका भाव, स्वदेश गान, जातीय छुवाछुत प्रथा, रूपको सुन्दरताले आफैलाई धोका दिएको प्रसङ्ग, लडाइँ झगडा देशमा फैलिरहेको अवस्थामा मान्छे मार्न हुन्न भन्ने मानवतावादी चेत, समाजमा असत्यको हावी भएको र आफ्नो मनले विरोध गरेपनि व्यवहारमा प्रतिकार गर्न नसकी आफूपनि त्यसैमा मुछिन परेको अवस्था, नराम्रो सपनाले अशुभताको सङ्केत गरेको कुरा व्यक्त र प्रेम प्रणय गर्न मायालुको खोजी गरिएको भाव घिमिरेका गीतमा पाइन्छन् । विषयगत विविधता उनका गीतको विशेषता हो ।

घिमिरेका गीतमा बिम्ब तथा प्रतीकको प्रर्याप्त प्रयोग भएको छ । हिमालचुली, बुद्ध, चन्द्र, सूर्य, सप्तर्षि, मन्दिर, सारङ्गी, ईश्वर, भिखारी, अप्सरा, मदिरा, देवल, शीतको थोपा, घाम-छायाँ, जस्ता बिम्बात्मक शब्दहरू र तिनका प्रतीक यथेष्ट मात्रामा प्रयोग गरिएका छन् । सीता, भृकुटी, बुद्ध, न्याउली, इन्द्रेणी, धुलो, वीणा, बाफ, झोपडी, सारङ्गी, छहरा, मर्स्याङ्दी नदीको सुसाई जस्ता प्रतीकहरू प्रयोग छन् । त्यस्तै उपमा, रूपक, उत्प्रेक्षा आदि अलङ्कार र भाषा शैली आलङ्कारिक रहेका छन् ।

## ४.२. प्रेम प्रकाश मल्ल 'मधुकर'

प्रेमप्रकाश मल्ल 'मधुकर' को जन्म वि.स. १९९३ साल श्रावणमा रूकुम मुसीकोटमा भएको हो । प्रेमप्रकाश मल्लको नेपाली गीतको तेस्रो चरणको दोस्रो मोडको सुरुवात गरी

अगाडि बढाउन महत्वपूर्ण योगदान रहेको छ । प्रेम प्रकाश मल्लका गीतमा खास गरी राष्ट्रिय भाव र प्रकृति प्रेम बढी देखिन्छ ।

गीत, सङ्गीत तथा स्वरलाई समान रुपमा अघि बढाएर नेपाली गीतसङ्गीतका क्षेत्रमा चर्चिता रहेका अत्यन्त थोरै नाममध्ये प्रेमप्रकाश मल्लको नाम पनि महत्त्वपूर्ण रहेको छ । २०१७ को छेउछाउदेखि गीतको प्रकाशनतिर लागेका मल्लका गीतहरू रेडियो नेपालमा रेकर्ड भएर प्रसारण पनि भइरहेका छन् भने पछि उनको पञ्च-गान (२०४५) र ३२ वटा गीत पनि सङ्कलन भएको अनुभूतिका स्वरहरू (२०४५) प्रकाशित भएका देखिन्छन् ।[५५]

| क्र.सं. | गीतको शीर्षक | सन्दर्भ स्रोत | पृष्ठ |
|---|---|---|---|
| क | तिमी म भइदिए | अनुभूतिका स्वरहरू | ५३ |
| ख | आँखैमा हिउँ चुली | ” | ५८ |
| ग | माटोमाथि लडीबुडी | ” | ५९ |
| घ | म मरेपनि मेरो देश | ” | ६२ |
| ङ | माछापुच्छ्रे फेवातालमा | ” | ६३ |
| च | एउटै आमाका सान्तान | ” | ६५ |
| छ | विष जिन्दगीको पिउँदैछु म | ” | ७० |
| ज | मनै बिरानो तनै बिरानो | ” | ७१ |
| झ | तिमीले पनि वितायौ | ” | ७२ |
| ञ | एक फेरा फेरि मलाई | ” | ७४ |

प्रेमप्रकाश मल्लका उपर्युक्त गीतहरूलाई हेर्दा विषयबस्तुगत विविधता, भाषा शैलीमा विविधता पाइन्छ । भावगत हिसाबले हेर्दा उनका गीतमा राष्ट्रप्रेम, प्रकृतिप्रेम, जिन्दगीका अर्थ खोज्ने प्रयास तथा स्वार्थी दुनियाँमा मानवता खोज्नु व्यर्थ रहेको भाव पाउन सकिन्छ ।

सरल कतै आलङ्कारिक तथा कतै स्थानीय शब्दको भाषा प्रयोग, प्रथम पुरूष कथन शैली, मल्लका गीतमा पाउन सकिन्छ । त्यस्तै अनुच्छेद योजना हेर्दा ३ देखि ४ अनुच्छेद योजना, १२ देखि १८ सम्मको पङ्क्ति तथा ७ देखि १८ सम्मको अक्षर संरचना उनका गीतमा पाइन्छ । आध्यानुप्रास, मध्यानुप्रास र अन्त्यानुप्रास सबैको प्रयोग उनले गीत अनुसार

गरेका छन् भने कतैकतै आन्तरिक अनुप्रास पनि पाउन सकिन्छ । नजर, अधर, मुटु, हिउँचुली, फेवाताल, मान्छे, माटो, ढुङ्गा, पहरा, सागर, चन्द्रसूर्य, झन्डा, लालीगुराँस, रगत, माछापुच्छ्रे, पोखरा, परेली, मोती, गगन, बादल, महल, आँसु, जस्ता बिम्बहरू र तिनको साथमा बन्ने प्रतीकहरू स्तरीय र अर्थपूर्ण रहेका छन् । उपमा, रूपक आदि अलङ्कार उनका गीतमा पाउन सकिन्छ ।

खासगरी प्रकृतिप्रेम, मानवतावादी स्वर, राष्ट्रप्रेम तथा उचनीचको विरोधको स्वर प्रेमप्रकाश मल्लका गीतमा पाउन सकिन्छ । जीवनको अर्थ खोज्ने प्रयास, जीवनको आन्तिम अवस्थासम्म पनि कर्तव्य पथमा लाग्नुपर्ने विचार पनि मल्लका गीतमा पाइन्छ ।

## ४.३ गीतकार कृष्णहरि बराल

२०१० साल पौष २१ गते सिन्धुलीमा जन्मिएका कृष्णहरि बराल नेपाली साहित्यको विशेषगरी समालोचना, गीत-गजल र पाठ्यक्रमका पाठ्यपुस्तक, सिद्धान्तका पुस्तकहरू लेखनका विधामा कलम चलाउने अहिलेका गीतकारहरूमध्ये उत्कृष्ट र चर्चित छन् । २०२८ सालतिरबाट गीत लेख्न थाले तापनि कृष्णहरि बरालको गीतको प्रकाशन २०३२ मा प्रकाशित 'उषा' पत्रिकामा सर्वप्रथम उनका 'दुई टुक्रा गीत' शीर्षकमा 'आकाङ्क्षा र इच्छा मेरा घाइते मात्र रहे भने' तथा 'हृदयको घाउ मेरो बल्झिन पो किन खोज्छ' गीतहरू प्रकाशित भएका देखिन्छन् । उनको पहिलो रेकर्ड भएको गीतचाहिँ 'म भक्त हुँ यो देशको' भन्ने हो र यसलाई २०३३ सालमा गोकुल राईको सङ्गीतमा पाण्डव सुनुवार र सुरेश श्रेष्ठले गाएका छन् । बरालका एक फूलः अनेक पत्र (२०५१) तथा गीतकार कृष्णहरि बरालः सिर्जना र समालोचना (२०५८) शीर्षकका गीत सङ्ग्रहहरू प्रकाशित देखिन्छन् ।[५६]

| क.सं. | गीतको शीर्षक | सन्दर्भ स्रोत | पृष्ठ |
|---|---|---|---|
| क | उ सहिद भएर बाँच्यो | एक फूल अनेक पत्र | २ |
| ख | कर्म गरौँ | " | ५ |
| ग | देसै स्वर्ग पार्नुपर्छ | " | १२ |
| घ | मेरो भावना रङ्गाउ | " | १४ |
| ङ | फूल भन्छौ जसलाई तिमी | " | १९ |
| च | यी हल्लाहरू हुन् | " | ३५ |
| छ | के भुल भयो प्रिया | " | ४३ |

---
५५ पूर्ववत् पृ. १६२ ।

| | | | |
|---|---|---|---|
| ज | म रून्छु तर | " | ६२ |
| झ | म आएकी छु | " | ६६ |
| ञ | कसरी हो छुटि जाने | " | ७६ |

५६ ऐजन्, पृ.२१९ ।

गीतकार कृष्णहरि बरालका उपर्युक्त गीतहरूलाई अध्ययन गर्दा विषयवस्तुको विविधता पाइन्छ । देशको लागि वलिदानी दिएको सहीदको प्रसङ्ग, कर्तव्यपथमा लाग्नुपर्ने सन्देश परिश्रम गरेर देशलाई स्वर्ग बनाउनु पर्ने धारणा, सुन्दरताका प्रसङ्ग, प्रेम प्रसङ्ग, अरूलाई हँसाउन बाँच्नु पर्ने बाध्यता र प्रेम वियोगका कुराहरू उनका गीतका विषयवस्तु छन् ।

सरल, सहज तथा आलङ्कारिक भाषा प्रयोग, प्रथम पुरूष शैली, ३ देखि ४ अनुच्छेद र १० देखि २० पङ्क्तिसम्म रहेको पाइन्छ भने अक्षर संरचना हेर्दा ९ देखि १७ अक्षर सम्मको संयोजन पाइन्छ । त्यस्तै अन्त्यानुप्रास, मध्यानुप्रासका साथै आन्तरिक अनुप्रास पनि उनका गीतमा पाइन्छ । बरालले देशभक्तिका भाव भएका गीतका साथै प्रेम प्रणयका गीतहरू पनि लेखेका छन् ।

बरालका गीतहरूमा पसिना, बाटो, पानी, गङ्गा, फूल, काँडा, मन्दिर, ठेला, जून, निशा, नदीहरू, इन्द्रधनु, सागर, हिमाल, छाती, गगन, ओठ, आँधीवेहरी, मुटु, बत्ती, बादल, मैनवत्ती, आगो जस्ता बिम्बहरू प्रयोग भएका छन् र ती बिम्बबाट बन्ने प्रतीकहरू अर्थपूर्ण छन् । बरालका गीतमा आफ्नो देशभन्दा ठूलो स्वर्ग अन्त नभएको भाव पाइन्छ । त्यस्तै उपमा, उत्प्रेक्षा, अपन्हुति, सन्देह आदि अलङ्कारहरू बरालका गीतमा पाइन्छ ।

## ४.४ गीतकार दिनेश अधिकारी

वि.सं. २०१६ साल मङ्सिरमा बानेश्वर काठमाडौंमा जन्मिएका गीतकार दिनेश अधिकारीले २०३३ सालबाट गीत लेख्न थालेको पाइन्छ । दिनेश अधिकारीको गीति यात्राको प्रारम्भ 'अधीर' उपनामबाट रत्न श्री पत्रिकामा २०३३ सालमा प्रकाशित 'इच्छा' कविताबट भएको हो । यसपछि दिनेश अधिकारी कै नाममा २०३५ साल श्रावणमा प्रकाशित 'दीपिका' मा 'सम्झनाको मात लागेको रात' शीर्षकको गीत प्रकाशित भएको देखिन्छ भने उनको पहिलो रेकर्ड भएको गीतचाँहि २०३९ सालमा राम थापाको सङ्गीत र मीरा राणाको स्वरमा रेकर्ड भएको 'निश्वास ए चाँडै थाकी नजा' भन्ने हो । उनका 'अविराम यात्रा' मा ६४ र

'आफ्नै मन आफ्नै आँगन' मा ८८ वटा गीतहरू सङ्कलन गरिएका छन् र यी गीतहरूमा विविध प्रकारका विषयवस्तुको प्रस्तुति पाइन्छ ।[५७]

५७ पूर्ववत्, पृ. २३० ।

| क.सं. | गीतको शीर्षक | सन्दर्भ स्रोत | पृष्ठ |
|---|---|---|---|
| क | पहाडमा जाडो बढे | अविराम यात्रा | ९ |
| ख | तिमी यसै लजायौ | " | १९ |
| ग | निधारामा लर्काएर | " | २८ |
| घ | यो सम्झिने मन छ | " | ४७ |
| ङ | हातमा चुरा | " | ४९ |
| च | सोचेजस्तो हुन्न जीवन | " | ५२ |
| छ | तिमी जुन रहरले | " | ५३ |
| ज | मानिसको वस्तीबिच | " | ६७ |
| झ | मेरो छेउ कोही | " | ७३ |
| ञ | स्वयम्भूका आँखाहरू | " | ७५ |

गीतकार दिनेश अधिकारीका उपर्युक्त गीतहरू अध्ययन गर्दा उनका गीतमा विषयवस्तुको विविधता पाइन्छ । जीवनको अर्थ खोज्ने, देशप्रेम सम्बन्धी गीतहरू, प्रेम प्रसङ्गका कुराहरू, समाजबाट तिरस्कृत हुनुपरेका पीडाहरू र शान्ति सुरक्षा विग्रिएका अवस्थामा चिन्ता व्यक्त गरिएका गीतहरू उनका छन् ।

अधिकारीका भाषा सरल हुनुका साथै आलङ्कारि र काव्यात्मक खालका पनि छन् । उनका गीतमा देशमा विध्नबाधा आयो भने सबै मिलेर समाधानको बाटो खोज्नुपर्ने, आफ्नो देशका लागि आफू आगोमा होमिने खालका भावहरू पाइन्छन् । त्यस्तै प्रेमका भावहरू व्यक्त गर्न नसकेको अवस्था र धोका दिने निष्टुरीलाई भुल्न नसकेको अवस्थाको पनि उनका गीतमा भाव पाइन्छन् । मानिसहरूको बस्ती विच मानिसबाटै धोका खाएको, आफ्नो जिन्दगीमा साइनो गाँस्न कोही नआएको र चेलीले दाजुभाइको लागि सधै मङ्गलमय कामना गर्ने भाव उनका गीतहरूमा व्यक्त छन् ।

दिनेश अधिकारीका गीतहरूलाई लयविधानका दृष्टिले हेर्दा ८ देखि १६ अक्षर संरचना ३ देखि ५ अनुच्छेद र १० देखि १६ पङ्क्तिको संरचनामा रहेको पाइन्छ । प्रथम पुरूष कथन पद्धति मध्यानुप्रास र अन्त्यानुप्रास योजना उनका गीतका विशेषता हुन् । पहाड, तराई, जाडो, पैह्रो, छाता, धर्ती, गैती, खाल्डो, बाढी, मुटु, नदी, टीको, ओखर, पिङ, घाम, परेली, छाती, रात, औँला, आँखा, जून, लौरो, पर्खाल, स्वयम्भू, आकाश, तारा, रगत, गुँड, सर्प जस्ता बिम्ब र त्यसबाट बन्ने प्रतीकहरूले गीतलाई सार्थक र अर्थपूर्ण बनाएका छन् । उपमा, रूपक र उत्प्रेक्षा जस्ता अलङ्करहरू उनका गीतमा पाइन्छ ।

## ४.५ गीतकार नवराज लम्साल

वि.सं. २०२६/०४/०८ गते धादिङमा जन्मेका नवराज लम्साल नेपाली साहित्यका क्षेत्रमा कवि, गीतकारका रूपमा परिचित छन् । २०५० सालमा सुर्खेतमा स्थानीय कलाकारहरूले गाएको 'विकाशको सन्देश बोकी गाउँ बेसी उठ्नुपर्छ' भन्ने गीतबाट स्रोतासामु गीतकारका रूपमा परिचित भएका नवराज लम्सालका थुप्रै गीतहरू रेकर्ड भएर हिजोआज विद्युतीय सञ्चारका माध्यमबाट प्रसारण भइरहेका छन् । उनले धेरैजसो गीतहरू प्रेमभावमा लेखेका छन् भने प्रेमका संयोग तथा वियोग दुवै भावका प्रस्तुति उनका गीतमा भएको पाइन्छ । प्रेमका संयोग भाव भएका गीतमा नवराजले मायालाई ओइलिने फूलसँग होइन जूनतारासँग तुलना गरी मायालुलाई एक अर्काको सहारा भनेका छन् भने वियोगका भाव भएका गीतमा मायालुलाई झर्नाजस्तै बग्दै आउन आग्रह गरेका छन् ।[५८] लम्सालको धुन भित्र धुन बाहिर गीतसङ्ग्रह (२०६२) प्रकाशित छ जसमा १०५ वटा गीतहरू सङ्गृहित छन् ।

| क्र.सं. | गीतको शीर्षक | सन्दर्भ स्रोत | पृष्ठ |
|---|---|---|---|
| क | मकै भुट्ने बुढी आमा | धुनभित्र धुनबाहिर | २ |
| ख | मान्छे हओस् मान्छेको साथी | " | ४ |
| ग | झेलेको छु धेरैधेरै | " | ६ |
| घ | पर्ख पर्ख खोला पर्ख | " | १० |
| ङ | मलाई सुख चाहिँदैन | " | १४ |
| च | मेरी गीत मेरो प्रीत | " | ३८ |

| | | | |
|---|---|---|---|
| छ | माया नै हो परम सुख | " | ४७ |
| ज | टुट्न बाँकी के नै छ र | " | ५९ |
| झ | आज मलाइ मात चढ्यो | " | ७९ |
| ञ | विकासको सन्देश बोकी | " | १०० |

५८. पूर्ववत्, पृ.२७३ ।

गीतकार नवराज लम्सालका उपर्युक्त गीतहरूलाई भाव, भाषाशैली, लय, ध्वनि, बिम्ब प्रतीक, कथ्य विषयका दृष्टिकोणबाट हेर्दा निम्न विशेषताहरू पाइन्छन् ।

सरल र भावपूर्ण गीत, जिन्दगीका उकाली ओरालीका सुस्केराहरू, वाध्यात्मक स्थिति, मान्छेले मान्छे मार्नुहुन्न भन्ने मानवतावादी चेत, परिश्रमको पसिना मनपर्ने भाव, मायाको अगाडि जात पात, उच नीच केहि पनि नभएको भाव, प्रेम वियोगको भाव, विकासको सन्देश बोकी गाउँबेसीबाट उठ्नुपर्ने तथा मेचीकाली जुट्नुपर्ने जस्ता भावतरेली लम्सालका गीतमा पाइन्छन् ।

भाषा शैलीका दृष्टिकोणले हेर्दा नवराज लम्साल गीतमा सरल, आलङ्कारिक तथा साङ्गीति भाषा प्रयोग गरिएको छ । ३ देखि ५ अनुच्छेद तथा ९ देखि २० पङ्क्ति सम्म उनका गीतमा  पाइन्छ । त्यस्तै साङ्गीतिक पक्षबाट हेर्दा ९ देखि १७ अक्षर सम्मको रहेका उनका गीतमा आधानुप्रास, मध्यानुप्रास तथा अन्त्यानुप्रासको साङगीतिक ध्वनि पाइन्छ । मकै भुट्ने बुढीआमा, सडक किनारा, पसिना, आगो, पानी, दीयो, आँधी-हुरी, बाढी-पहिरो, अँधेरी, भऱ्याङ, आकाश, माटो, घाम, जून, पैसा, प्वाल परेको नाउ, धुवाँ, रात, पथ्थर, सिन्धु, हिमाल, गुराँस, चन्द्रसूर्य, सगरमाथा, जस्ता बिम्ब र त्यसको साथमा आउने प्रतीकहरू अर्थपूर्ण छन् । उपमा, रूपक, विरोधाभाष, निदर्शना आीद अलङ्कार लम्सालका गीतमा पाउन सकिन्छ ।

## ४.६ गीतकार रमेश पौडेल

गीतकार रमेश पौडेल २०२६ साल असार ३१ गते तनहूँमा जन्मिएका हुन् । पौडेल कवि तथा गीतकारका रूपमा परिचित छन् । उनको गीत लेखनको यात्रा २०४० सालतिरबाट थालिएको र २०४४ सालबाट प्रकाशन भएको हो । रमेशले प्रेम भावका गीतहरू धेरै लेखेका छन् र उनका देशभक्ति प्रकृति र वातावरणलाई मूल कथ्य बनाएर रचिएका गीतहरू पनि छन् । उनका प्रेमका भाव भएका गीतमा प्रेमीले आफूले मन परेकी

प्रेमिकासँग गरेको प्रश्न निकै घतलाग्दो छ । आफैले हात लाएर वात अरूलाई लाउनेहरूप्रति उनले गुनासो गरेको पनि देखिन्छ भने देवताको पूजा गरेर फर्केकी सुन्दरीसँग उनले वरदानका रूपमा आफूलाई मागे नमागेको जान्न चाहेका छन् । रमेश पौडेलले प्रजातन्त्र भन्दा ठुलो क्रान्ति अर्को नभएको पनि बताएका छन् ।[५९] पौडेलको 'आभासित आलाप' गीतसङ्ग्रह (२०६३) प्रकाशित छ जसमा १०४ वटा गीतहरू सङ्गृहित छन् ।

५९. पूर्ववत्, पृ.२५७ ।

| क.सं. | गीतको शीर्षक | सन्दर्भ स्रोत | पृष्ठ |
|---|---|---|---|
| क | आफैँलाई हराएर | आमासित आलाप | २१ |
| ख | त्यस्तो मित्र भेट्न सकूँ | " | २५ |
| ग | के वर मागी फर्क्यौ | " | ३६ |
| घ | मन उतै जोडिएछ | " | ४३ |
| ङ | जता छोयो उतै दुख्छ | " | ६६ |
| च | परदेशमा बस्दा | " | ८७ |
| छ | एउटा गीत गाऔँ | " | ९९ |
| ज | दाजु भाइमा फाटो | " | १०१ |
| झ | विभाजित मन | " | १०२ |
| ञ | जनता सबै जुटेपछि | " | १०४ |

गीतकार रमेश पौडेलका उपर्युक्त गीतहरूलाई भाव, कथ्य विषय, भाषा शैली, लय ध्वनि, बिम्ब, प्रतीक, अलङ्कार आदि दृष्टिकोणबाट हेर्दा निम्नानुसार विशेषता पाउन सकिन्छ ।

रमेश पौडेलका गीतहरूमा हजारौंको भीडमा पनि आफू एक्लो रहेको भाव, असल मित्रको खोजीमा रहेको भाव मन्दिरमा देउतासित असल जीवनसाथी माग्नुपर्ने सन्देश, कसै अन्जानमै मायाा बसेको भाव, कसैको घातमा आफ्नो अङ्ग प्रत्याङ्ग दुखेको भाव, परदेशमा बस्नुपर्दा स्वदेशको सम्झनाले सताएको भाव, प्राकृतिक सुन्दरताको वर्णन, दुखपर्दा विचालित भइ फुटेर होइन जुटेर देश निर्माणमा लाग्नुपर्छ भन्ने भाव, मान्छेभित्र आजभोलि मानवता नभएको भावपुञ्जहरू पाइन्छन् ।

सरल, सहज तथा ललित भाषा पौडेलका गीतका विशेषता हुन् । विविध कथ्यविषय रहेको उनका गीतमा प्रथम पुरूष शैली तथा अनुप्रास योजना आन्तरिक तथा अन्त्यानुप्रास रहेको पाइन्छ । अनुच्छेदमा समानता अर्थात् सबै गीत ३ अनुच्छेदको शैलीमा रहेका उनका गतिमा पङ्क्ति पनि सबैमा १० वटा रहेका छन् । गीतलाई सरल र सहज बनाउन संयम देखिने पौडेलका गीतमा १४ देखि १६ अक्षर संरचनाको लय पाइन्छ ।

भिड, आँखा, आधा छानो, मुटु, छाती, हाँसो, आँशु, बाँझो टारी, ढुङ्गा, देउता, फूलको थाली, खालि सिउँदो, बाटो, नयनको डिल, गुँड छोडेको चरी, सागर, पात, गाउँ, माछापुछ्रे, हिमचुली, फेवातालमा, छाँगा, बादल, इन्द्रेनी, शिखर, मोती, आँधी हुरी, रगत, चन्द्रसूर्य झण्डा, सगरमाथा, बुद्ध जस्ता बिम्ब र तिनको साथबाट बन्ने प्रतीकहरू प्रयोग भएका छन् । भाषामा सरलता, सहजता, अनुच्छेद, पङ्क्ति र अक्षरमा समानता पौडेलका विशेषता हुन् । त्यस्तै उनका गीतमा उपमा, उत्प्रेक्षा आदि अलङ्कारको प्रयोग भएका छन् ।

### ४.५. गीत लेखन र परिमार्जनको अभ्यास तथा आत्मधारणा

गीतसम्बन्धी निर्धारित सैद्धान्तिक आधार अनुसार नेपालका पाँच वरिष्ठ गीतकारका दस-दस गीतको विष्लेषण गरेपछि मैले सिर्जनात्मक लेखनका लागि गीत लेख्न थालें । यसका लागि भाव, ध्वनि, भाषा, शैली, बिम्बप्रतीक आदिको कोणबाट देशप्रेम, प्रकृति प्रेम, प्रणय तथा जिन्दगीलाई सन्दर्भ स्रोत बनाई गीत लेख्न थालें ।

मैले विभिन्न लय संरचनामा लेखिएका करिब ७०,८० जति गीतहरू शोध निर्देशक ज्यूलाई देखाएँ । गीत लेख्दाखेरी त्यसको भाव, लय तथा ध्वनि सङ्गीतमा ख्याल गर्नुपर्ने, अर्थमा द्विविधा नआउने खालको हुनुपर्ने, परिमार्जन गर्नुपर्ने, यसका तत्त्व र विशेषता ख्याल राख्नुपर्ने सल्लाह मैले शोध निर्देशक ज्यूबाट प्राप्त गरे । त्यसैगरी लयमा समानता हुनुपर्ने, भावमा विविधता हुनुपर्ने, बिम्ब, प्रतीक र अलङ्कार रख्नुपर्ने कुरा पनि उहाँबाट प्राप्त गरे । त्यसपछि उहाँकै सल्लाह बमोजिम मैले विभिन्न लय तथा अक्षर संरचनामा, पङ्क्ति, अनुच्छेद, कथनपद्धति, अनुप्रास, तथा आलङ्कारिक भाषाशैली, भाव, विम्व, प्रतीक आदिमा विविधता अपनाएर गीत लेख्न थालैं ।

गीत लेखन र परिष्कार परिमार्जन गर्ने सन्दर्भमा मैले पटकपटक शोधनिर्देशक ज्यूको निर्देशन (सल्लाहा, सुझाव) अनुसार गीत रचना गर्दै गएँ । पहिले रहरले मात्र गीतको सिद्धान्त नबुझी गीतको रचना गर्ने गरेको म अहिले गीतलाई राम्रोसँग केलाउन सक्ने भएँ

र शोधनिर्देशकज्यूको सल्लाह बमोजिम यसमा २५ वटा गीतहरू समावेश गरेको छु । शोधनिर्देशकज्यूको सल्लाहसुझावलाई आत्मसात गर्दै गीत लेख्ने र परिमार्जन गर्ने गर्दै जाँदा मेरो गीत लेखन शैलीमा परिष्कार आउँदै गयो । शोधले मेरो गीतमा नमिलेका शब्द तथा अक्षरसंरचना मिलाइदिनु भयो र मैले त्यसलाई पुनः परिष्कार र परिमार्जन गरेँ । उहाकै सल्लाह बमोजिम मैले प्रस्तुत सिर्जनात्मक लेखन अन्तर्गत २५ ओटा गीतहरूको सङ्ग्रह तयार गरी त्यसको नाम 'अर्को जन्म' राखेको छु । यसमा विभिन्न भाव, शैली भएका गीतहरू समावेश छन् ।

यस सङ्ग्रहमा रहेका २५ ओटै गीतहरू स्थायी र अन्तरामा विभक्त रही स्थायीमा २,३,४ र ६ पङ्क्तिको एक अनुच्छेद योजना तय गरिएको छ भने अन्तरामा ३ देखि १० पङ्क्तिसम्मको २ देखि ३ अनुच्छेद योजना रहेको छ । यस सङ्ग्रहका २५ ओटै गीतहरू स्थायी, अन्तरा, लयविधान, अन्त्यानुप्रास योजना, कथ्याविषय वा भाव, बिम्ब प्रतीक, भाषाप्रयोग, बिम्ब प्रतीक, भाषाप्रयोग आदि कोणबाट यसरी हेर्न सकिन्छ ।

यस गीत सङ्गहका गीतहरूलाई भाव अर्थात कथ्य विषयको दृष्टिले हेर्दा विविध विषयबस्तु पाउन सकिन्छ । स्वदेश गान अर्थात्, देशप्रेमको भाव, प्रेम प्रणयको भाव, जिन्दगीका सुख दुःखका सुस्केराहरू यसका मुख्य विषयबस्तु हुन् ।

सङ्ग्रहको पहिलो गीत 'अर्को जन्म' मा राष्ट्रप्रेमको भाव दर्साइसको छ । यसमा नेपालको सुन्दरता, भाइचारा, वीर पुर्खाको योगदान तथा सगरमाथा र बुद्धको देश भएकाले जुनी-जुनी अर्को जन्म पनि नेपालमै लिने र जुनी-जुनी देशकै निम्ति बलीदानी दिने इच्छा व्यक्त छ । दोस्रो गीतमा नेपालको प्राकृतिक सुन्दरता, स्वाभिमान तथा आफन्तहरूको यादले देशबाहिर बस्न विवश नेपालीलाई पिरोलेको अवस्था व्यक्त छ । तेस्रो गीतमा देशको निम्ति लड्ने वीर सैनिकहरू तथा देश निर्माणमा लाग्ने नेताहरू, सच्चा राष्ट्रभक्तहरू र देशप्रेमको भाव भएका जो कोहीलाई पनि मार्गदर्शन गरिएको छ । त्यस्तै 'कोही बस्ने' शीर्षकको २२औँ गीतमा नेपाल चारवर्ण, छत्तिसजातको साझा फुलवारी भएको र यहाँ अनेकतामा एकता, सांस्कृतिक, जातीय र भाषिक विविधता भएको कुरा उल्लेख छ । २५ मा नेपालजस्तो सुन्दर देश अन्त कहीँ पनि नभएको र यस्तो देश छोड्न नहुने कुरा व्यक्त छ । यी सबै देशप्रेम तथा प्रकृतिप्रेमका भाव भएका गीतहरू हुन् ।

जीवनको परिभाषा खोज्ने र भोगाइको तराजुमा जोखी जिन्दगीको अर्थ दिने गीतहरूमा गीतसङ्ख्या चौथो र पाँचौं रहेका छन् । यी गीतहरूमा संसारमा समानता

नभएको, धनी र गरिबीको खाडल धेरै फरक भएको, तथा आफ्नो जीवन भोगाइ जस्तो छ त्यस्तै जिन्दगीको अर्थ लगाइने कुरा व्यक्छ छ । जेजस्तो भएपनि आखिर एकदिन सबैले यो संसार छोडेर जानुपर्ने भाव उक्त गीतहरूमा रहेको छ ।

त्यस्तै प्रेम प्रणय, मिलन विछोडका भावहरू रहेका गीतहरूमा छैठौं, सातौँ, आठौँ, नवौँ, दशौँ, एघारौँ, बाह्रौँ, तेह्रौँ, चौधौँ, पन्ध्रौँ, सोह्रौँ, सत्रौँ, अठारौँ, उन्नाइसौँ, बीसौँ, एक्काइसौँ, तेइसौँ र चौबीसौँ छन् । यी गीतहरूमा जिन्दगीको यात्रामा विभिन्न व्यक्तिहरूसँग भेटघाट भएपनि सच्चा साथीको खोजी हुनुपर्ने सबैसँग प्रेम साट्न सकिने तर त्यसको रूप र अर्थ र प्रयोजन फरक हुने, जेजस्तो बिघ्न बाधा आइपरे पनि जीवनमा प्रेम आवश्यक हुने, प्रेम, प्रेमि-प्रेमिकाको प्रशंसा, प्रेममा परेपछि हरेक कुरामा माया पाएको अभिव्यक्ति, धोका वा प्रेम वियोग मिलनको भावहरू पाइन्छन् ।

भाषागत आधारबाट हेर्दा सरल सुबोध, कथ्य भाषा, आलङ्कारिक बिम्बात्मक र प्रतीकात्मक भाषाको यथासम्भव प्रयोग गरेको छु । कहीँकहीँ आगन्तुक र तत्सम शब्द हुनुका साथै अभिधात्मक र लाक्षणिक भाषा समेत प्रयोग भएको छ । शैली योजना हेर्दा स्थायीमा २ देखि ६ पङ्क्तिसम्मको अनुच्छेद पाइन्छ जसमा ६ देखि १६ अक्षर संरचनासम्मको स्थायी पाइन्छ । त्यस्तै अन्तरामा २ देखि ४ अनुच्छेद सम्म पाइन्छ जसमा ६ देखि १६ अक्षरसम्मको संरचना रहेको छ ।

लय तथा ध्वनि सङ्गीतका आधारमा हेर्दा ६ देखि १६ अक्षर सम्मको लय तथा अन्त्यानुप्रास, मध्यानुप्रास, आद्यानुप्रास तथा कहीँकहीँ आन्तरिक अनुप्रास पनि रहेको छ । अक्षर संरचनाले लय, सङ्गीत र अनुप्रास योजनाले ध्वनि सङ्गीत संयोजन भएको छ ।

बिम्ब, प्रतीक र अलङ्कार योजनाले हेर्दा नेपाल, सगरमाथा, स्वयम्भू, आँखा, मन्दिर, घन्ट, माटो, बाटो, हिमाल, पहाड, तराई, स्वर्ग, खोलानाला, नेपाली, डाँडापाखा, देउराली, हात, घर, पाउ, अँध्यारो, बस्ती, दीप, घामछाया, फूल, महल, झुपडी, ईश्वर, रङ्गीन, दिन-रात, आँसु, दोभान, पानी, भमरा, तारा, जुन, घाम, छायाँ, बादल, वर्षा, रथ, शीत, मोती, धर्ती, प्रकृति, मुटु, बाँसुरी, सागर, सारङ्गी, परेली, चुरी, पाउनु, नदी, झरना, पात, चरा, डाँफे, कस्तुरी, कोइली, इन्द्रेणी, सिन्दुर, कोइली आदि बिम्ब र तिनीहरूको साथमा बन्ने प्रतीकहरू रहेका छन् । अलङ्कारहरू हेर्दा उपमा, उत्प्रेक्षा, रुपक, आदि अलङ्कारको प्रयोग भएको छ ।

निष्कर्षमा भन्नुपर्दा विभिन्न गीतकारहरूका गीतहरूको अध्ययन र विश्लेषण पछि विभिन्न स्रोतबाट सन्दर्भ लिइएको गीत सङ्ग्रहमा विविध बिम्ब, प्रतीकको प्रयोग गरी विभिन्न भाव तथा लय संरचनामा बाँधी गीतको रचना गरिएको छ । गीतलाई सकेसम्म भाव तथा विषयबस्तु, लय तथा ध्वनि सङ्गीत, भाषा, शैली आदिमा फरक पन ल्याउने प्रयास गरिएको छ ।

## द्धितीय खण्ड

# सिर्जनात्मक लेखन

### अर्को जन्म (गीतसङ्ग्रह)

## १.	अर्को जन्म

अर्को जन्म मिल्छ भने नेपालमै लिन पाऊँ ।
देशको लागि बलिदानी जुनी-जुनी दिन पाऊँ ॥

स्वाभिमान सिकाउने हाम्रो सगरमाथा ।
करुणा र ज्ञान बोल्ने स्वयम्भूका आँखा ॥
कल्याणको धुन गाउँने मान्दिरका घण्ट ।
नेपाल जस्तो सुन्दर देश कहाँ पाउनु अन्त ?

वीर पुर्खाले सिकाएको बाटोमा नै हिँड्न पाऊँ ।
मर्दापनि यै नेपाली माटोमा नै मिल्न पाऊँ ॥

अनेकमा एकता छ आफ्नै भाषा भेष ।
हिमाल पहाड तराईको साझा हाम्रो देश ॥
सद्भाव र भाइचारा रहोस् जन मनमा ।
हत्या हिंसा भय त्रास नहोस् अव मनमा ॥

नेपाल र नेपालीको निम्ति हाँसी मर्न पाऊँ ।
स्वर्गबाट पनि दिगो शान्ति अब हेर्न पाऊँ ॥

## २. नेपालको माया लाग्यो

पहाडको माया लाग्यो हिमालको माया लाग्यो ।
आज टाढा हुनुपर्दा नेपालको माया लाग्यो ॥

तराईका फाँटहरू, पहाडका पाटाहरू ।
उच्चतामा डोऱ्याउने हिमालका बाटाहरू ॥
कल्कल् बग्ने खोलानाला पशुपन्छी लालाबाला ।
स्वाभिमानी नेपालीको बाँच्ने छुट्टै जीवनकला ॥

डाँडापाखा आफ्नै भाका देउरालीको याद आयो ।
परदेशी हुनुपर्दा नेपालको माया लाग्यो ॥

आफन्तका साथहरू मिठामिठा बातहरू ।
जिन्दगीका कुरागर्दै बित्ने सुखी रातहरू ॥
वीरताका गाथाहरू स्वाभिमानी माथहरू ।
देशको निम्ति हातेमालो गर्ने महान हातहरू ॥

घर संसार आफन्त र साथीभाइको याद आयो ।
विदेशमा बस्नुपर्दा नेपालको माया लाग्यो ॥

## ३. देशका लागि लड्नेहरू

नकमाऊ पाउ तिम्रा देशका लागि लड्नेहरू ।
हत्केलामा प्राण राखी सफलतामा बढ्नेहरू ॥

सम्झनू ती अँध्यारोमा रुमलिने बस्तीहरू ।
अझैपनि निमुखाले कति भाग्ने सास्ती अरु ?
नेपाल र नेपालीको वेदनालाई पढ्नेहरू ।
लक्ष्य चुम्न प्रगतिको सगरमाथा चढ्नेहरू ॥

पराइले लाउँदाखेरि आँखा हाम्रो घरमाथि ।
जनताले पाउँदाखेरि दुःख कष्ट बन्नू साथी ॥
हत्या हिंसा अशान्तिलाई जरैदेखि फाल्नेहरू ।
सबैसँग प्रेम बाँडी शान्तिको दीप बाल्नेहरू ॥

## ४. लिएर आयौँ

लिएर आयौँ जे जति पायौँ त्यति नै भोग्ने हो ।
बगेको खोला यो हाम्रो चोला कसरी रोक्ने हो ?

दैबको सृष्टि भाग्यको दृष्टि ।
कहीँ असन्तुष्टि कहीँ पुष्प बृष्टि ॥

कहीँ छ घाम कहीँ छ छायाँ संसार यस्तै हो ।
जीवनको कुनै रुपरङ छैन जे भोग्यो त्यस्तै हो ॥

फूलफूल्ने बागमा गीतखुल्ने रागमा ।
दैवको मागमा लिएको भागमा ॥

गगनचुम्बी महल छ कहीँ झुपडी बास छ ।
आखिर सबको आफ्नो त केवल एकमुठी सास छ ॥

## ५. जीवन

छोटो पनि हैन जीवन लामो पनि छैन जीवन ।
कोहीको इच्छा वर्षौ बाँच्ने कोहीलाई चाहिँदैन जीवन ॥

सुख दुःख सँग हिँडी भोग्ने फरक कुरा हुन्छ ।
कोही मर्छन् अधुरैमा कोहीको रहर पूरा हुन्छ ॥
कसैलाई दुःख पर्छ कसैलाई हर्ष छर्छ ।
विधाताले पनि यहाँ पक्षपात गर्ने गर्छ ॥

कसैले त रङ्गीन मान्छन् कोही निस्सार ठान्छन् जीवन ।
जस्तो जस्तो जीवन बित्छ त्यस्तै त्यस्तै भन्छन् जीवन ॥

फुलेको फूल झर्नुपर्छ एकदिन सबै मर्नुपर्छ ।
बाँच्ने एउटा बहानमा कैयौं काम गर्नुपर्छ ॥
सृष्टिको यो चक्र नै हो सुखदुःख दिनरात ।
मरी लाने केही हैन माया बाँडौं सबै साथ ॥

कसैलाई खुसी मिलन हुँदा छोटो यही जीवन ।
कसैलाई आँसु पिउँदा दुःखमा जिउँदा लामो जीवन ॥

## ६. एकोहोरो माया गर्ने

एकोहोरो माया गर्ने पाइँदा रैछन् हजार यहाँ ।
सच्चा साथी खोज्नलाई जुध्दा रैछन् नजर यहाँ ॥

जता जाऊँ यी आँखाले खै कस्लाई खोज्ने ।
हजारौको भिडमा पनि पाइन मनले राज्ने ॥
जिन्दगीको मेरो साथी आज होला कहाँ ।
दोभान खोज्दै बगिराछ शाखा खोला यहाँ ॥

कसैसँग गर्दाखेरी मनको कुराकानी ।
बन्ने हो कि पराइको प्यास मेट्ने पानी ॥
फूल झर्न लागिसक्यो भमरा छ कहाँ ।
एक्लो जीवन काट्न गाह्रो हुनथाल्यो यहाँ ॥

## ७. ........... माया

फूललाई माया मेरो पातलाई पनि माया ।
दिन्छु मत क्षणिक मिठो साथलाई पनि माया ॥
वरिपरि धेरै नै छन् मलाई मन पराउने ।
सबैसँग चोखो माया बाँड्न किन डराउने ॥

कुनै पनि कुरालाई हेर्ने आँखा फरक हुन्छ ।
जिन्दगी यो गीत झै हो फेर्ने भाका फरक हुन्छ ॥
तारा जून गीत धुन सागर खोला फूल भमरा ।
एक अर्काको प्रेममा नै अडेको छ यो संसार ॥

धाम छायाँ बादल बर्षा मौसमलाई पनि माया ।
माया गर्ने आफ्नै मन यौवनलाई पनि माया ।

सबैसँग नाता हुन्छ सबैसँग साथ हुन्छ ।
जिन्दगीको रथ हाँक्न एउटाको हात हन्छ ॥
हिमताज ऋतुराज झरना खोला सबै आज ।

प्रेममा नै रमेका छन् खुसीसँग हामी माझ ॥

हावा गति शीत मोती धर्तीलाई पनि माया ।
एकदिन छोड्नुपर्ने प्रकृतिलाई पनि माया ॥

## ८. यसको परिणाम

यो जिन्दगी गरिदिएँ मैले तिम्रो नाम ।
थाहा छैन के हुने हो यसको परिणाम ॥

सात रङका सपनाहरू सजाएर बस्छु ।
हरपल मनमा प्रेमकै धुन बजाएर बस्छु ॥
लाग्छ मलाई तिमी नै हौ मेरो चारै धाम ।

चाहन्छन् यी आँखाहरू तिमीलाई हेर्न ।
चाहन्छन यी हातहरू तिम्रै तस्बिर फोर्न ॥
लाग्छ मलाई तिमी नै हो मेरो जून धाम ।

मार्गदर्शन गर तिमी सारा संसार फेर्छु ।
तिमीलाई नपाए त लाग्छ जिउँदै मर्छु ॥

लाग्छ मलाई तिम्रै हो यो मेरो जीवन दान ।

## ९. पाप गर्न देऊ

प्रेम गर्नु पाप भए पाप गर्न देऊ ।
बाँच्नु मर्नु श्राप भए श्राप पर्न देऊ ॥

मेरो तन मन धड्कन मेरो सौभाग्य हौ तिमी ।
हाँसो खुसी ऐश्वर्य र अहोभाग्य तिमी ॥
माया लाउनु पाप भए पाप गर्न देऊ ।
रोजाइ पाउनु श्राप भए श्राप पर्न देऊ ॥

मेरो देउता मात्र एउटा मेरो संसार तिमी ।
तीर्थ ब्रत दान धर्म सबैथोक तिमी ॥
देउता पुज्नु पाप भए पाप गर्न देऊ ।
मुटु रोज्नु श्राप भए श्राप पर्न देऊ ॥

## १० सबै तिमीलाई

मन यो तन यो तन मन सबै तिमीलाई ।
धुन यो जून त्यो जून धुन सबै तिमीलाई ॥

मेरो प्रेम अब तिमी स्विकारीत हेर ।
सजाउँछु तिम्रोलागि सुनौलो संसार ॥
माया यो छाँया यो माया छायाँ सबै तिमीलाई ।

मुस्कुराई अब तिमी मलाई अँगाल ।
दिनेछु म तिमीलाई खुसीको सँगालो ॥
गीत यो प्रित यो गीत प्रीत सबै तिमीलाई ।

## ११.  बाँसुरीको धुनले

बाँसुरीको धुनले अब तिम्रै गीत गाओस् ।
एक्लो मेरो मनले अब तिम्रै प्रीत पाओस् ॥

मूलबाट खोला नदी हुँदै बन्छ सागर ।
बिन्दुबाट सिन्धुमाया दिने लाग्छ रहर ॥
आकाशको जूनले पनि तिम्रै चर्चा गरोस् ।
बादलले तिम्रो निम्ति खुसी बर्षा गरोस् ।

त्यो मुटुमा मेरो माया फुले कस्तो हुन्थ्यो ।
नदीहरू सागरमा मिलेजस्तो हुन्थ्यो ॥
सारङ्गीको भाकालेनि हाम्रो गाथा गाओस् ।
दु:ख हटी जिन्दगीमा खुशियाली छाओस् ॥

## १२. यस्तो पनि

यस्तो पनि हुँदो रै' छ ईश्वरको सृष्टि ।
तिमीलाई देख्दा मनमा भयो पुष्प बृष्टि ॥

लोलाइरहे नयन यी तिमीलाई देख्दा ।
टोलाइरहैँ हत्केलाले तिमीले मुख छोप्दा ॥
सयौँ रोगको ओखती हो तिम्रो एकै दृष्टि ।
यस्तो पनि हुँदोरैछ ईश्वरको सृष्टि ॥

तिमीलाई हेर्छन् सबै आफ्नो काम बिर्सी ।
ईश्वरपनि अचम्मै छन् तिमीलाई सिर्जी ॥
सधै भरि लाग्छ मलाई तिम्रो प्रेमको तृष्टि ।
यस्तो पनि हुँदो रैछ ईश्वरको सृष्टि ॥

## १३. म तिम्रो माया पाउँछु

पानीको रिमझिममा परेली झिमझिममा
चुरीको छन्छन्मा पाउजुको छमछममा
म तिम्रो माया पाउँछु
म तिम्रो माया पाउँछु ।

झरनाको झरझरमा पातको फरफरमा
चरीको चिरबिरमा हावाको सिरसिरमा
भमराको भुनभुनमा गीतको गुनगुनमा
नदीको कलकलमा शीतको टलपलमा
म तिम्रो माया पाउँछु
म तिम्रो माया पाउँछु ।

जूनको टहटहमा खोलाको रहरहमा
डाँफेको हररङमा कस्तुरी मगमगमा
ताराको झलमलमा समय पलपलमा
बागको हरफूलमा सङ्गीतको हरधुनमा

म तिम्रो माया पाउँछु
म तिम्रो माया पाउँछु

## १४. न त भुल्न दियौ

पिरतीको बिरुवालाई न त फूल्न दियौ ।
न तिमीले अपनायौ न त भुल्न दियौ ॥

यति चाहें तिमीलाई चाहना नै सकें ।
मनका कुरा भनी आफ्नो भावना नै सकें ॥
त्यो मनमा मलाई तिमी न त सर्न दियौं ।
न त बाँच्न दियौ तिमी न त मर्न दियौ ॥

तिमीलाई माया गरेँ सबैभन्दा धेरै ।
तिमीलाई विश्वास गरेँ आफैभन्दा धेरै ॥
अरुसँग मन मुटु नत साटन दियौ ।
तिमीसँग जिन्दगी यो न त काट्न दियौ ॥

## १५.   दोबाटोमा मलाई छोडी

दोबाटोमा मलाई छोडी गयौ निष्ठुरी ।
हेर्दा हेर्दै तिमी पराई भयौ निष्ठुरी ॥

तिमीबिना मर्छु भन्दै चोखो माया गर्छु भन्दै ।
प्रेमसागर तर्छु भन्दै हाँसो खुसी छर्छु भन्दै ॥
सँगै जिउने बाचा कसम खायौ निष्ठुरी ।
मेरो सुन्दरताको गीत गायौ निष्ठुरी ॥

जून तारा झार्छु भन्दै सँगै यात्रा गर्छु भन्दै ।
सँगै जिउँछु मर्छु भन्दै मनमा डेरा सर्छु भन्दै ॥
इच्छा पूरा गर्न नजिक आयौ निष्ठेरी ।
आखिर तिमीले स्वार्थी माया लायौ निष्ठुरी ॥

## १६. कस्तो साइनो

कस्तो साइनो जोडिदियौ दुईपलमैँ छोडिदियौ ।
स्वार्थ पूरा गरे पछि अन्तै यात्रा मोडि दियौ ॥

जति दियौ पीडाहरू धर्ती बनी सही बसैँ ।
आफ्नो खुसी लुटाएर तिमै गीत गाई बसैँ ॥
आखिर साथ छोडिदियौ हाम्रो नाता तोडिदियौ ।
चोखो माया दिने मेरो मुटुलाई फोडिदियौ ॥

मेरो संसार ठानी तिम्रो घर संसार सजाई बसेँ ।
चुरी पाउजु छमछम पार्दै मिठो धुन बजाई बसेँ ॥
आखिर जीवन रित्याइदियौ अनि मलाई लत्याइदियौ ।
मेरो विस्वास घात गरी पराइ कुरा पत्याइदियौ ॥

## १७. के भो?

मनका कुरा पाना भरि लेखे पनि के भो ?
हरराते सपनामा देखे पनि के भो ?

नाता टुट्ला साथ छुट्ला ऐनासरि मुटु फुट्ला,
तर पनि त्यो मनमा मायाको मूल कहाँ फुट्ला ?
मनभित्र पहाड नै बोके पनि कै भो ?
भावनाको लहर नै रोके पनि के भो ?

सागर सुक्ला बायु रुक्ला मेरो जीवन स्वर्ग पुग्ला,
तर पनि त्यो मनमा माया पलाई कहाँ दुख्ला ?
मनमनै जति माया लाएपनि के भो ?
प्रेम पीडा जति एक्लै पाएपनि के भो ?

## १८. मरौ भने

मरौँ भने सकिँदैन जहर पिउँन पनि,
अब बाँकी केहिछैन रहर जिउँन पनि ॥

समयको असिनाले चुट्नुसम्म चुट्यो ।
जिन्दगीमा नियतिले लुट्नुसम्म लुट्यो ॥
लाउन पनि लाएँ माया पाउन पनि पाएँ ।
दैवले नै खोसिदियो अनि एक्लो भएँ ॥

फाटेको यो मुटु अझै सकिएन सिउनपनि ।

दुखियालाई भाग्यले छल गर्नसम्म गऱ्यो ।
जिन्दगीमा दुःख कष्ट पर्नसम्म पऱ्यो ॥
आउन पनि आयो कोही मनमा पनि छायो ।
मलाई एक्लै छोडी आफू संसारबाटै गयो ॥

चाहन्न म भगबानको नाम लिन पनि ।

## १९. उ नै प्यारो

दाग भएपनि सबलाई ताराभन्दा जून प्यारो ।
धोका पाएपनि मलाई साराभन्दा उ नै प्यारो ॥

सबले नजर लगाउँदा जूनमा दाग भयो ।
दैवले मन पराउँदा उनको माग भयो ॥

आज भयो एकान्त र विरहको धुन प्यारो ।

उनीबिना मेरो जीवन आज शून्य बाग भयो ।
उनी अन्तै गइन आँसु आज मेरो माग भयो ॥

मर्न पनि सकिएन भयो आफ्नो खुन प्यारो ।

## २०. अर्को जुनी

अहिले साथ नभए पनि अर्को जुनी सँगै जिउँला ।
पहिले स्वर्ग मगएँ भने तिमीलाई पर्खिरहुँला ॥

कहिले दुःख पऱ्यो भने आकासतिर हेर्नु तिमी ।
आँखा चिम्ली मलाई सम्झी सुखको सास फेर्नु तिमी ॥
तारा बनी आकाशबाट तिमीलाई ज्योति छरिदिउँला ।
तिम्रो जीवन रङ्गीन पार्न इन्द्रेणी भै झरिदिउँला ॥

आत्मा बनी उडी आउँदा समाउँला तिम्रो हात ।
अनि कोही छुटाउन सक्ने छैनन् हाम्रो साथ ॥
तिमीलाई चोखो माया सधैँ भरी गरिदिउँला ।
मिल्छ भने तिम्रो निम्ति सयौँ जुनी मरिदिउँला ॥

## २१. चोखो भनौँ कि

चोखो भनौँ कि जुठो भनौँ
साँचो भनौ कि झुठो भनौँ
तिम्रो मायालाई म के भनौँ
मिलेन उपमा म जे भनौँ

विवसतामा फसेँ भन्छौ अनि सिन्दुर घसेँ भन्छौ ।
मनको देउता तिमी नै हौ अनि पूज्दै बसेँ भन्छौ ॥
फूल भनौ कि पात भनौ दिन भनौ कि रात भनौ ।
तिम्रो मायालाई म के भनौ मिलेन उपमा म जे भनौ ॥

तिम्रै नाउँमा नसा नसा मेरो रगत बग्छ भन्छौ ।
मुटुबाट धड्कन टाढा कहाँ हुन सक्छ भन्छौ ॥
चाहत भनौँ कि मात भनौँ साथ भनौँ कि घात भनौँ ।
तिम्रो मायालाई म के भनौँ मिलेन उपमा म जे भनौ ॥

## २२. कोही बस्ने .............

कोही बस्ने तराई पहाड कोही हिमाल पारि ।
चार बर्ण छत्तीस जातको साझा फूलबारी ॥
सबको आफ्नै पहिचान आफ्नै भाषा भेष ।
नेपाली हौं हामी हाम्रो साझा नेपाल देश ॥

पाँच क्षेत्र चौध अञ्चल पचहत्तर जिल्ला ।
तीन प्रदेश नेपालको यही चार किल्ला ॥
अनेकतामा एकता छ आफ्नै रुप रङ्ग ।
सद्भाव र भाइचारा राख्छौं सबै सँग ॥

हिमालले स्वाभिमानी बन भन्छ अनि ।
सत्मार्गमा लागिपर भन्ने बुद्ध पनि ॥
प्रकृतिको सुन्दरता संस्कृति छ धेरै ।
आफ्नो भन्दा पनि मलाई देशको माया धेरै ॥

## २३. स्वर्गद्वारी दर्शन ..........

स्वर्गद्वारी दर्शन बागेश्वरी दर्शन
मनकामना दर्शन तालबाराही दर्शन
जोडिदेऊ आउने साल अब मेरो घरजम...........

कस्तो होला मेरो मान्छे कहाँ होला अहिले,
कति खुसी हुन्थेँ होला चिन्न पाए मैले ।
साथी भाइ मनको मान्छे भन्दै कुरा गर्छन् .......
पशुपति दर्शन भुक्तिनाथ दर्शन ।

कस्को निम्ति हुर्कें बढें कस्को निम्ति पढें,
दिनदिनै सफलतामा कस्को निम्ति बढें ।
बाबा आमा पनि अब बिहे गर भन्छन् ........
स्वयम्भूनाथ दर्शन जनकपुर धाम दर्शन ।

## २४. मन यो तन यो

मन यो तन यो तनमन सबै तिमीलाई ।
जुन त्यो धुन यो जूनधुन सबै तिमीलाई ॥

तिमी मेरो प्रेमलाई स्वीकारी त हेर ।
सजाउँछु तिम्रो लागि सुनौलो संसार ॥

गीत यो प्रीत यो गीतप्रीत सबै तिमीलाई ।

तिमी अब मुस्कुराई मलाई अँगाल ।
म दिनेछु तिमीलाई खुशीको सँगालो ॥

माया यो छायाँ यो माया छायाँ सबै तिमीलाई ........

## २५. कुह कुहु गाउने कोइली

कुहु कुहु गाउँने कोइली नाँच्ने डाँफे मजुर ।
कस्तुरीले बोकी ल्याउने सुगन्धको पाहुर ॥
हिमाल पहाड तराईका फाँट अनि चहुर ।
स्वर्गसरी सुन्दर देश किन छोड्छौ हजुर ॥

दुई दिनको जिन्दगीमा सबमा सद्भाव राखौं ।
प्रेम बाँडी ईश्वरसँग दिगो शान्ति मागौं ॥
स्वयँभूको आँखा यही पशुपति गजुर ।
देवलोक छोडी अन्त कहाँ जान्छौं हजुर ॥

यसैमा नै रमाऊँ हामी आफूसँग जे छ ।
बैमनस्य किन राख्ने मरिलानु के छ ॥
जन्मभूमिबाट त्यस्तो के भयो र कसुर ।
किन आफ्नो ठाउँबाट टाढा हुन्छौ हजुर ॥

मातृभूमि आमा झैँ हो यसको ऋण तिरौँ ।
सबै लागौ उन्नतिमा देशको रक्षा गरौँ ॥
नेपालजस्तो सुन्दर अर्को कहाँ छ र पुर ।
प्रकृतिको खानीछोडी कहाँ जान्छौ हजुर ?

## ;Gbe{u|Gy ;"rL


- अधिकारी, गोपालप्रसाद शर्मा र अन्य (सम्पा.), माध्यपश्चिमका समालोचना, बाँके : नेपाली साहित्य परिवार, म.ब. क्याम्पस, २०६६ ।
- अधिकारी, दिनेश, अविराम यात्रा, काठमाडौँ : क्षितिज प्रकाशन, २०६३ ।
- आचार्य, गोविन्द (सम्पा.) रापतीका गीत, नेपाल : अतिरिक्त प्रकाशन, २०६० ।
- आधुनिक गीत सङ्ग्रह, काठमाडौँ : महालक्ष्मी प्रकाशन ।
- उदासी, टीकाराम, गजल सिद्धान्त र नेपाली गजलको इतिहास, नेपाल : अतिरिक्त प्रकाशन, २०४९ ।
- उपाध्याय, केशवप्रसाद, पूर्वीय साहित्य सिद्धान्त, ललितपुर : साझा प्रकाशन, चौ.सं. २०६१ ।
- घिमिरे, माधव किन्नरकिन्नरी, ललितपुर : साझा प्रकाशन, ते.सं., २०६० ।
- नेपाल, देवी, छन्दपराग, काठमाडौँ : भुँडीपुराण प्रकाशन, दो.सं., २०६६ ।
- नेपाली बृहत शब्दकोष, काठमाडौँ : ने.रा.प्र.प्र., २०४० ।
- पौडेल, रमेश, आभासित आलाप, काठमाडौँ : श्रीमति सरिता पौडेल, २०६३ ।
- बराल, कृष्णहरि, एक फूल अनेक  पत्र, ललितपुर : साझा प्रकाशन, २०५१ ।
- ऐजन्, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., कीर्तिपुर, २०४४ ।
- ऐजन्, गजल सिद्धान्त र परम्परा, ललितपुर : साझा प्रकाशन, २०५१ ।
- ऐजन, गीत सिद्धान्त र परम्परा, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६० ।
- मधुकर, प्रेमप्रकाश मल्ल, अनुभूतिका स्वरहरू विराटनगर : बाणी प्रकाशन, २०५४ ।
- लम्साल, नवराज, धुनभित्र धुनबाहिरी, काठमाडौँ : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, २०६२ ।
- शर्मा, मोहनराज र खगेन्द्र लुइँटेल, शोधविधि, ललितपुर : साझा प्रकाशन, २०६६ ।

- सङ्गीत लहर, विराटनगर : विद्या बुक सेन्टर ।
- सापकोटा, एकप्रसाद (सम्पा.), नेपाली आधुनिक गीत सङ्ग्रह ७, काठमाडौँ : जयकाली प्रकाशन ।
- त्रिपाठी, वासुदेव र अन्य (सम्पा.), नेपाली कविता भाग ४, ललितपुर : साझा प्रकाशन, चौ.सं. २०६० ।